# ऐन संग्रह

## भाग–१

༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།

**खुम्बु पासाङल्हामु गाउँपालिका**

**Khumbu Pasanglhamu Rural Municipality**

सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

# ऐन सङ्ग्रह

## भाग-१

༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།

**खुम्बु पासाङल्हामु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

चौरीखर्क, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल ।

**ऐन सङ्ग्रह**

**प्रकाशन** : २०८२

**प्रकाशक** : खुम्बु पासाङल्हामु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौरीखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल।

**मुद्रण** : एम.एस. प्रिन्टिङ्ग सोलुसन
msprintingsolution@gmail.com

# विषय-सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ | १ |
| २. | स्थानीय स्वास्थ्य एवं सरसफाइ ऐन, २०७६ | २३ |
| ३. | स्थानीय रोजगारीको हक सम्बन्धी ऐन, २०७६ | ५१ |
| ४. | खेलकुद विकास ऐन, २०७६ | ६९ |
| ५. | स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ | ८१ |
| ६. | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ | ११५ |
| ७. | वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७९ | ११९ |
| ८. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ | १६१ |
| ९. | शिक्षा ऐन, २०७९ | १८५ |
| १०. | सुशासन ऐन, २०७९ | २१९ |
| ११. | सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०८० | २३७ |
| १२. | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१ | २६७ |

| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४ | १ |
| २. | स्थानीय स्वास्थ्य एवं सरसफाइ ऐन, २०७६ | २३ |
| ३. | स्थानीय रोजगारीको हक सम्बन्धी ऐन, २०७६ | ५१ |
| ४. | खेलकुद विकास ऐन, २०७६ | ६९ |
| ५. | स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ | ८१ |
| ६. | प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ | ११५ |
| ७. | वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७९ | ११९ |
| ८. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९ | १६१ |
| ९. | शिक्षा ऐन, २०७९ | १८५ |
| १०. | सुशासन ऐन, २०७९ | २१९ |
| ११. | सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०८० | २३७ |
| १२. | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१ | २६७ |

# खुम्बु पासाङल्हामु गाउँपालिकाको
# कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४

# खुम्बु पासाङल्हामु गाउँपालिकाको
# कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४

*प्रमाणीकरण मितिः २०७५/०९/११*

**प्रस्तावना** : खुम्बु पासाङल्हामु गाउँपालिकाको क्षेत्रभित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यावसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, दोस्रो गाउँ सभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम दोस्रो गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनुपर्छ।

(ग) “एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनुपर्छ र सो शब्दले सङ्गठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(घ) “कार्यपालिका” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ।

(ङ) “कोष” भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्धन कोषलाई सम्झनुपर्छ।

(च) “कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ।

(छ) “कृषि” भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित कृषिलाई सम्झनु पर्दछ र सो शब्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(ज) “कृषि फार्म” भन्नाले व्यावसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनुपर्छ।

(झ) “कृषि बजार” भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्छ।

(ञ) “कृषि वस्तु” भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनुपर्छ।

(ट) “कृषि व्यवसाय” भन्नाले देहायको व्यवसाय सम्झनुपर्छः-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने बिउ, बेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनुपर्छ ।

(ड) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनुपर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ ।

(त) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(द) "विक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट विक्रेता समेतलाई सम्झनुपर्छ ।

(ध) "मन्त्रालय" भन्नाले सङ्घ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(न) "व्यावसायिक कृषि करार" भन्नाले व्यावसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, बिक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रवर्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु बीच भएको सम्झौता वा व्यावसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यावसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि

कृषि वस्तु वा बालीको उत्पादन वा आपूर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ।

(प) "वडा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको वडा सम्झनुपर्छ।

(फ) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(ब) "सभा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको सभालाई सम्झनुपर्छ।

(भ) "सङ्कलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा बिक्री गर्ने उद्देश्यले कृषि उपज सङ्कलन गरेर विक्रेतालाई बिक्री गर्ने सङ्कलन केन्द्रलाई सम्झनुपर्छ।

(म) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनुपर्छ।

## परिच्छेद–२

## कृषि बजार सम्बन्धी व्यवस्था

३. **कृषि बजारको स्थापना:**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यावसायिक संस्थाले सम्बन्धित गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ।

४. **कृषि बजारको वर्गीकरण** :

(१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) सङ्कलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति** :

(१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–३

## कृषि व्यवसाय प्रवर्धन सम्बन्धी व्यवस्था

६. **स्थानीय कृषि व्यवसाय प्रवर्धन समितिः**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्धन लगायतका कार्य गर्न गाउँपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन्ः-

(क) अध्यक्ष – अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) गाउँ पालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख – सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना – सदस्य

(च) समितिले मनोनयन गरेको व्यावसायिक किसानमध्ये एक जना – सदस्य

(छ) गाउँपाकिापालिकाको कृषि शाखा प्रमुख – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ।

७. **समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्धन गर्न सङ्घीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्धन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि व्यवसाय प्रवर्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने।

८. **कृषि व्यवसायलाई सुविधा दिनेः–**

(१) गाउँपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसाय प्रवर्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **कृषि ऋण :**

(१) कुनै पनि बैङ्क वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैङ्क वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैङ्क वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैङ्क वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद कर योग्य आयबाट सो अङ्क बराबरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद–४

## कोषको स्थापना तथा सञ्चालन

१०. **कोषको स्थापना :**

(१) कृषि व्यवसाय प्रवर्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्धन कोषको स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्ः-

(क) सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि सङ्घीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

११. **कोषको सञ्चालन :**

(१) गाउँपालिका वा गाउँपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ।

(२) कोषको सचिवालय गाउँपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ।

१२. **कोषको सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानुन बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ।

(३) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. लेखा र लेखा परीक्षणः**

(१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद–५

## व्यावसायिक कृषि करार (लिज)

**१४. व्यावसायिक कृषि करार गर्न सकिने :**

(१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यावसायिक कृषि करार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानुनको अधीनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

**१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः**

(१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानुनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानुन बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) खेती नगरी लगातार २ वर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए बमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ।

१७. **स्वामित्व हस्तान्तरण नहुनेः** यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन।

१८. **पुनः करार गर्न नहुने** : यस ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमती नलिइ सोही विषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन

१९. **व्यावसायिक कृषि करारका विषयवस्तुहरू** :

(१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) यस ऐनको प्रतिकूल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यावसायिक कृषि करारमा समावेश गर्न सकिनेछ।

२०. **व्यावसायिक कृषि करारका पक्षहरूको दायित्व** :

(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ।

(३) व्यावसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका सर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यावसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानुनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

२१. **करार पूरा गर्नु पर्ने समय र तरिकाः**

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

२२. **करार पूरा गर्ने स्थानः**

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ।

२३. **करार पूरा गर्नु नपर्ने अवस्थाः** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लङ्घन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा।

२४. **करार दर्ता गर्नु पर्ने :**

(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित गाउँपालिका वा गाउँपालिकामा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको वा गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(६) गाउँपालिका वा गाउँपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ।

## परिच्छेद–६

## विवाद समाधान

२५. **विवादको समाधानः**

(१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी वार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नबुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारबाही अगाडि बढाउन समेत सक्नेछन्।

(६) मध्यस्थता सम्बन्धी कारबाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका विषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुवै पक्षहरूबाट अनुरोध भई आएमा सम्बन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्बन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्बन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन्।

२६. **म्याद सम्बन्धमा** : यस ऐन बमोजिमको विवादमा पक्षको कावु बाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ।

**२७. मध्यस्थता समितिको निर्णयको कार्यान्वयन:**

(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्बन्धित मालपोत कार्यालय, बैङ्क वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ।

(५) मध्यस्थता सम्बन्धी विषयमा यस ऐनमा उल्लेखित विषयका हकमा यसै ऐन बमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ।

## परिच्छेद–७

## विविध

**२८. व्यवसाय दर्ता गर्नु पर्ने:**

(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्ने चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ। निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः**

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारबाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षबीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३०. **कारबाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारीः**

(१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारबाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३१. **दण्ड सजायः**

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा ३ र ४ विपरीत कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिब कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापर्बाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म।

(घ) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ।

३२. **पुनरावेदनः** यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैँतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३३. **बीमा सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा बीमा समितिले तोकेको प्रक्रिया पूरा गरी त्यस्तो बीमा कार्य गर्न अख्तियार पाएको बीमा कम्पनीले बीमा गर्नेछ।

(२) बीमा गर्ने प्रक्रियाका सम्बन्धमा बीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करार सम्बन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागु हुने गरी सम्बन्धित बीमा कम्पनीले बीमा गर्न सक्नेछ।

(४) कुनै बीमा कम्पनीले व्यावसायिक कृषि करारको बीमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ।

३४. **प्रचलित कानुन बमोजिम हुने**: यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

३५. **बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने**: यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्धन गर्दा वा व्यावसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

३६. **नियम बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

३७. **बचाउ**: यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची–१

### दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) बागवानी जन्यः फलफूल, तरकारी, मसला बाली, पुष्प

(३) पशुपन्छी

(४) माछा, मासु, दूध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेबाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, रबर खेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औद्योगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य वस्तुहरु ।

## अनुसूची–२

## दफा १९ सँग सम्बन्धित

(क) करारका पक्षहरू,

(ख) करार खेतीको क्षेत्र,

(ग) जग्गा र भौतिक साधन,

(घ) वस्तुको विवरण, मात्रा,

(ङ) गुणस्तर,

(ङ) सम्झौताको अवधि,

(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(छ) भुक्तानीको प्रक्रिया,

(ज) ढुवानीको दायित्व,

(झ) उत्पादन प्रक्रिया,

(ञ) अनुगमनका पक्षहरू,

(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(ठ) गुणस्तर निर्धारणका आधारहरू,

(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै : मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(ण) कृषि उपजको मूल्य निर्धारण सम्बन्धी व्यवस्था ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको
# स्थानीय स्वास्थ्य एवं सरसफाइ ऐन, २०७६

# खुम्बु पासाङल्हामु गाउँपालिकाको स्थानीय स्वास्थ्य एवं सरसफाइ ऐन, २०७६

*प्रमाणीकरण मितिः २०७६/०४/०१*

**प्रस्तावना** : खुम्बु पासाङल्हामु गाउँपालिकामा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्यको गुणस्तरीयता र सबैको पहुँच कायम गर्न तथा उपचार खर्चमा नागरिकलाई वित्तीय सुरक्षा प्रदान गर्न गाउँ क्षेत्रमा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न वाञ्छनीय भएकाले खुम्बु पासाङल्हामु गाउँपालिकाको सभाबाट नेपालको संविधानको धारा ३१ र अनुसूची-५ को सूची न. १६, अनुसूची-८ को सूची न.९ का अधिकारहरुलाई कार्यान्वयन गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा (२ ख र भ) र दफा १०२ (१) बमोजिम यो खुम्बु पासङल्हामु गाउँपालिका स्थानीय स्वास्थ्य एवं सरसफाइ ऐन, २०७६ जारी गरिएको छ।

## परिच्छेद–१

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "खुम्बु पासाङल्हामु गाउँपालिका स्थानीय स्वास्थ्य एवं सरसफाइ ऐन, २०७६" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका भर लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका बुझ्नुपर्दछ।

(२) "गाउँ सभा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभालाई बुझ्नुपर्दछ।

(३) "गाउँकार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँकार्यपालिका बुझ्नुपर्दछ।

(४) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(५) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्दछ।

(७) "वडाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्दछ।

(८) "कार्यपालिका सदस्य" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्दछ सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष समेतलाई बुझाउँछ।

(९) "शाखा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धमा काम गर्न तोकिएको शाखा सम्झनु पर्दछ।

(१०) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिकाबाट सञ्चालित र निजी क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्था बुझ्नुपर्दछ।

**स्पष्टीकरण**: सो शब्दले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य उपचारको लागि खोलिएका शुल्क लिने र नलिने सबै प्रकारका स्वास्थ्य संस्थाहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी, क्लिनिक, नर्सिङहोम, वैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) समेतलाई बुझाउँछ।

(११) “स्वास्थ्य व्यवसाय” भन्नाले स्वास्थ्य उपचारको लागि चाहिने सबै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसारपसार, भण्डारण, बिक्री वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसाय बुझ्नुपर्दछ ।

(१२) “स्वास्थ्य शाखा प्रमुख” भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थित रूपमा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको कर्मचारी बुझ्नुपर्दछ ।

(१३) “कर्मचारी” भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्राविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई बुझ्नुपर्दछ ।

(१४) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसाय खोल्न दिइएका अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(१५) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यवसायलाई सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(१६) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउँछ ।

## परिच्छेद–२

## स्वास्थ्य संस्था खोल्ने अनुमति वा स्वीकृति र खारेजी सम्बन्धी व्यवस्था

**३. स्वास्थ्य संस्था खोल्न अनुमति लिनु पर्ने:**

(१) नेपाली नागरिक, संस्था, निकाय र समुदायले सरकारी, सामुदायिक वा निजी स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यवसाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको प्रक्रिया पूरा गरी अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिकाले आवश्यक जाँचबुझ गर्ने र जाँचबुझ गर्दा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी स्वास्थ्य व्यवसाय सञ्चालन गर्ने अनुमति गाउँ स्वास्थ्य समितिको निर्णय सहितको सिफारिसको आधारमा कार्यपालिकाले अनुमति दिनेछ।

(३) गाउँपालिकाको स्वामित्वमा रहने बाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य सम्बन्धी व्यवसाय गर्न सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पाउने अनुमति दिइने छैन।

(४) यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायीक वा सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सञ्चालन गर्दा देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रहेको हुनुपर्ने

(ख) गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा ७ (सात) जना सदस्य हुनुपर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम राखी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनुपर्ने,

(५) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन। त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यबाट स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रियाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायले पालना गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) नेपाल सरकारको प्रचलित कानुन बमोजिम अनुमती/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका हाल खुम्बु पासाङल्हामु गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ। त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितिले ४५ दिनभित्र दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेस गर्नु पर्नेछ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सञ्चालनको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै निजी स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायीबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो कुनै निजी स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति गाउँ स्वास्थ्य समितिको सिफारिसमा रद्द गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सफाइ पेस गर्ने मौका दिइनेछ।

## परिच्छेद–३

## गाउँ स्वास्थ्य समिति र गाउँ स्वास्थ्य प्रमुख सम्बन्धी व्यवस्था

५. **गाउँ स्वास्थ्य समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले सञ्चालन गर्ने तथा सामुदायिक, गुठी एवम् निजी सञ्चालन हुने सम्पूर्ण स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको गाउँ स्वास्थ्य समिति रहनेछः

(क) अध्यक्ष वा उपाध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) कार्यपालिकाले आफूमध्येबाट तोकेको कम्तीमा १ महिला सहित- २ जना - सदस्य

(घ) गाउँ सभा सदस्यबाट उपाध्यक्षले तोकेको १ महिला सहित- २ जना सदस्य

(ङ) स्वास्थ्य प्राविधिक मध्ये वरिष्ठ प्राविधिक- १ जना सदस्य

(च) गाउँ स्वास्थ्य शाखा प्रमुख/ स्वास्थ्य शाखा हेर्ने अधिकृत - सदस्य सचिव

(२) समितिका सदस्यको पदावधि दुई आर्थिक वर्षको हुनेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) बैठक सञ्चालन विधि प्रक्रिया समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) गाउँ स्वास्थ्य समितिको सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) अन्तर्गतका सदस्यहरूले आफ्नो पदीय आचरण पालन नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ।

(७) समितिको बैठकमा आवश्यकता अनुसार विशेषज्ञ आमन्त्रण सकिनेछ।

६. **गाउँ स्वास्थ्य समितिको काम, कर्तव्य र जिम्मेवारीः** गाउँ स्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार  देहायबमोजिम हुनेछः

(१) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विस्तार र विकासको योजना तयार गर्ने।

(२) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु सञ्चालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था सार्ने, गाभ्ने सम्बन्धी सिफारिस गर्ने।

(३) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने।

(४) गाउँपालिका क्षेत्रभित्र सञ्चालित हुने स्वास्थ्य संस्थाहरु स्वास्थ्य सेवा व्यवसायहरूलाई गुणस्तरीय, मर्यादित र व्यवस्थित बनाउने ।

(५) गाउँपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्न सिफारिस गर्ने ।

(६) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने।

(७) मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्बोधन गर्न आवश्यक कार्य गर्ने ।

(८) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(९) स्वास्थ्य संस्थासँग आबद्ध कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सम्बन्धमा सिफारिस गर्ने ।

(१०) स्वास्थ्य संस्थाहरुको स्वीकृत दरबन्दीमा स्वास्थ्य प्राविधिक, करार कर्मचारी, स्वास्थ्य स्वयम सेवक एवम् स्वास्थ्य कार्यकर्ता राख्नुपर्ने भएमा छनौट समिति गठन गरी सो समिति मार्फत परीक्षा लिई योग्यताक्रम अनुसार करार सूची प्रकाशन गरी रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार नियुक्ति गर्न सिफारिस गर्ने ।

(११) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।

(१२) स्वास्थ्य संस्थाहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्न सिफारिस गर्ने ।

(१३) गुनासो उजुरी सुन्ने, सम्बोधन गर्ने ।

(१४) गाउँ कार्यपालिकाले तोकेबमोजिम अनिवार्य स्वास्थ्य बीमा लागु गर्ने गराउने ।

(१५) तलब सेवा सुविधामा समायोजनका लागि सहजीकरण गर्ने ।

(१६) सबै उमेर, वर्ग र समुदाय स्वस्थ रहन अपनाउनुपर्ने उपायहरुको बारेमा स्वास्थ्य सञ्चार तथ प्रवर्धनका वैज्ञानिक विधिहरु मार्फत ज्ञान, धारणा र व्यवहार परिवर्तन एवं स्वस्थ जीवनशैली अवलम्बन गर्न अभिप्रेरित गर्ने। पूर्ण स्वास्थ्य प्रवर्धन केन्द्रको स्थापना, स्वास्थ्य शिविर सञ्चालन, विद्यालय स्वास्थ्य साक्षरता कार्यक्रम तथा घरदैलो स्वास्थ्य सेवा उपलब्ध गराउने।

(१७) आयुर्वेद, प्राकृतिक चिकित्सा र अन्य वैकल्पिक उपचार पद्धतिको समेत प्रवर्धन तथा सेवा विस्तार गर्ने।

(१८) सरुवा रोग तथा नसर्ने रोगहरुको समस्या र चुनौती सम्बन्धमा अध्ययन, अनुसन्धान तथा तथ्याङ्क सङ्कलन गर्ने गराउने।

(१९) अन्य तोकिएबमोजिमका कार्यहरू गर्ने।

७. **गाउँ स्वास्थ्य शाखा प्रमुख सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकामा स्वास्थ्य शाखा हेर्ने एक जना स्वास्थ्य शाखा प्रमुख हुनेछन्।

(२) स्वास्थ्य सेवा शाखा प्रमुखका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) स्वास्थ्य सम्बन्धी स्थानीय योजना निर्माण गर्ने।

(ख) गाउँ सभा तथा कार्यपालिकाबाट पारित ऐन कानुन, नीति नियम कार्यान्वयन गर्न, गराउन क्रियाशिल रहने।

(ग) गाउँ स्वास्थ्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायको तथ्याङ्क अद्यावधिक गरी गराइ प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने,

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोतको पहिचान सङ्कलन र उपलब्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय खोल्न अनुमति प्रदान गर्ने, सेवा विस्तार एवम् थप गर्ने कार्यको योजना बनाइ गाउँपालिकामा पेस गर्ने र स्वीकृत भएपछि कार्यान्वयन गर्ने गराउने,

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, कार्यरत स्वास्थ्य संस्था कर्मचारीको पदस्थापन सम्बन्धी कार्य गर्न सिफारिस गर्ने ,

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको बिदाको अभिलेख अद्यावधिक गर्ने र बिदाहरू स्वीकृत गर्न सिफारिस गर्ने,

(झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ञ) गाउँ स्वास्थ्य समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने गराउने,

(ट) स्वास्थ्य सेवासँग सम्बन्धित तथा आफ्नो पदीय कार्य गर्दा कार्यपालिका, गाउँ सभा एवम् प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने गराउने,

## परिच्छेद–४

## स्वास्थ्य संस्था व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

८. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक स्वास्थ्य संस्थामा एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) प्राथमिक स्वास्थ्य केन्द्रको हकमा देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य - अध्यक्ष

(ग) अध्यक्षले मनोनित गरेको व्यक्ति १ जना - उपाध्यक्ष

(घ) प्राथमिक स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालय प्रधानाध्यापक मध्येबाट छानिएको एक जना - सदस्य

(ङ) स्थानीय उद्योग बाणिज्य सङ्घ र स्थानीय व्यवसायबाट प्रतिनिधि एक जना - सदस्य

(च) संरक्षकबाट मनोनित स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार एक जना महिला - सदस्य

(छ) संरक्षकबाट मनोनित अधिकृत वा वडा सचिव वा कार्यालय सहायक - सदस्य

(ज) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख - सदस्य सचिव

(३) स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष - संरक्षक

(ख) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ग) अध्यक्षले मनोनित गरेको व्यक्ति १ जना - उपाध्यक्ष

(घ) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापक- सदस्य

(ङ) स्थानिय उद्योग बाणिज्य सङ्घ/स्थानीय व्यावसायीबाट छानिएको प्रतिनिधि - सदस्य

(च) संरक्षकबाट मनोनित स्थानिय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार एक जना महिला -सदस्य

(छ) संरक्षकबाट मनोनित अधिकृत वा सचिव -सदस्य

(ज) स्वास्थ्य चौकी प्रमुख - सदस्य सचिव

(४) सार्वजनिक गुठी स्वास्थ्य संस्थामा देहाय बमोजिम सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) सञ्चालकहरु मध्येबाट चुनिएको १ जना - अध्यक्ष

(ख) सम्बन्धित वडा समितिले तोकेको वडाध्यक्ष वा सदस्य १ जना - सदस्य

(ग) गाउँ स्वास्थ्य समितिले तोकेको १ जना -सदस्य

(घ) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रधानाध्यापकमध्ये अध्यक्षले तोकेको १ जना -सदस्य

(ङ) स्थानीय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार कम्तीमा एक महिला सहित २ जना - सदस्य

(च) सञ्चालकहरुमध्ये बढीमा ४ जना (स्वास्थ्य प्राविधिक र प्रशासनिक क्षेत्र सहित) - सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(५) निजी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम जस्ता २० भन्दा बढी स्वास्थ्यकर्मीले सेवा दिने) सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) सम्बन्धित संस्थाले तोके बमोजिम बढीमा ९ जना सम्मको समिति हुनेछ।

(ख) अध्यक्ष सञ्चालकहरुमध्ये र सदस्य सचिव प्रमुख प्रशासक हुनेछ।

(ग) सम्बन्धित वडाध्यक्ष र गाउँ स्वास्थ्य समितिको प्रतिनिधि पदेन सदस्य हुनेछ।

(घ) स्थानीय समाजसेवीहरुमध्ये कम्तीमा एक जना समितिले मनोनित गर्नेछ।

(६) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल दुई वर्षको हुनेछ।

(७) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । तोकिएको समयमा गठन नभएमा व्यवस्थापन समितिको गठन गाउँ स्वास्थ्य समिति स्वयम्ले गर्नेछ ।

(८) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

९. **स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य संस्था तथा कार्यक्रम सञ्चालनको लागि स्रोत साधनको पहिचान सङ्कलन तथा प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) गाउँपालिकाको नीति निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गराउने

(ङ) सङ्घीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले जारी गरेका र प्रचलित कानुन बमोजिम तोकिए अनुसार एवम् गाउँपालिका र गाउँ स्वास्थ्य समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(च) स्वास्थ्य संस्थामा सबैले उचित र सरल तथा सहज सेवा पाउने वातावरण कायम राख्ने,

(छ) दिइएको सेवा र गुणस्तरबारे वर्षको कम्तीमा एक पटक सार्वजनिक परीक्षण गराउने तथा सो प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ स्वास्थ्य समितिमा पेस गर्ने,

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कुनै पनि व्यक्ति एकभन्दा बढी स्वास्थ्य संस्था व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा सो व्यवस्था लागु हुनेछैन ।

(४) नियमन तथा भरपर्दो सेवा प्रवाहमा सहजीकरण तथा रेखदेख गर्नु गराउनु पर्नेछ।

**१०. स्वास्थ्य संस्था व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै पनि स्वास्थ्य संस्था व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी गाउँ स्वास्थ्य समितिले कारणसहित कार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पूरा गराइ स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ। तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था व्यवस्थापन समिति विघटन भएमा अर्को व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले स्वास्थ्य संस्था व्यवस्थापन समिति गठन नभएसम्म गाउँ स्वास्थ्य समितिले तोके बमोजिम हुनेछ।

**११. स्वास्थ्य संस्था सञ्चालन कार्यविधि:**

(१) यो ऐन वा प्रचलित कानुनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य-मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवा विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको कार्यविधि पारित गराइ गाउँ स्वास्थ्य समितिको स्वीकृतिमा लागु गर्नु पर्नेछ।

(२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउनु व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ।

(३) कार्यविधि पारित भएको मितिबाट १५ दिनभित्र गाउँ स्वास्थ्य समितिमा पेस गरी स्वीकृति लिनु पर्नेछ।

**१२. निजी, सामुदायिक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले सर्त पालना गर्नुपर्ने:**

(१) निजी, सामुदायिक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यवसायहरुले देहायका सर्त पालना गर्नु पर्नेछ।

(क) कुनै पनि स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवसाय सञ्चालन अनुमति/ स्वीकृति लिएर मात्र सञ्चालन गर्नु पर्नेछ।

(ख) अनुमति/ स्वीकृति लिदा तोकिएको मापदण्ड पूरा गरेको हुनु पर्नेछ।

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने, चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने तथा आवधिक रुपमा गाउँपालिकामा वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(घ) कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई गाउँपालिकाबाट स्वीकृत भएबमोजिमको न्यूनतम तलब स्केलमा नघटाई सेवा सुविधाको व्यवस्था गर्ने गराउने।

(ङ) सङ्घीय सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट जारी ऐन, नियमावली तथा अन्य प्रचलित कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँ स्वास्थ्य समितिको निर्देशन पालना गर्ने।

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–५

## कोष तथा शुल्क सम्बन्धी व्यवस्था

**१३. गाउँ स्वास्थ्य विकास कोषः**

(१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा गुणस्तर अभिवृद्धि गर्न र अन्य स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउन गाउँ कार्यपालिकामा एउटा गाउँ स्वास्थ्य विकास कोष रहनेछ। कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट विनियोजित रकम,

(घ) निजी स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) गुणस्तरीय स्वास्थ्य सेवा सुविधा उपलब्ध गराउन तोकिएको रकम

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

१४. **स्वास्थ्य संस्था कोषः**

(१) प्रत्येक स्वास्थ्य संस्थामा एउटा स्वास्थ्य संस्था कोष रहनेछ । कोषमा देहाय बमोजिमको रकम रहने छ ।

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँ स्वास्थ्य विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यवाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

१५. **शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ ।

(३) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थाबाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिएको बाहेकका सेवा दिन गाउँपालिकाले आफ्नो पहलमा थप सेवा दिँदा स्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागि आवश्यक शुल्क निर्धारण गरी लागु गर्न गराउन सक्नेछ।

(५) उपदफा (१) बमोजिम निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवा र गुणस्तरको आधारमा शुल्क निर्धारण गरी गाउँ स्वास्थ्य समितिको स्वीकृतिमा लागु गरिनेछ।

(६) स्वास्थ्य संस्थाले बिरामी तथा सेवाग्राहीसँग लिन पाउने शुल्क गाउँ स्वास्थ्य समितिबाट स्वीकृत गराइ निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा पच्चीस हजार रूपैयाँ देखी एकलाख रुपयासम्म जरिबाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिबाना गरिनेछ।

१६. **निजी स्वास्थ्य संस्थाले निशुल्क उपचारको व्यवस्था गर्नु पर्नेः**

(१) निजी स्वास्थ्य संस्था (निजी लगानी रहेका अस्पताल, क्लिनिक, नर्सिङ होम, वैद्यखाना, सुधार केन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेन्टर, रक्तसञ्चार केन्द्र आदि) हरूले तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, एकल महिला, दलित, लोपोन्मुख, अति लोपोन्मुख, ज्येष्ठ नागरिकहरुलाई निःशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने सेवामा गाउँ स्वास्थ्य समितिले सेवाको लागि सिफारीस गर्न सक्नेछ। उक्त सिफारिसलाई प्राथमिकतामा राखेर सेवा दिनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिमको दिइएको सेवाको विवरण गाउँ स्वास्थ्य समितिमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम गाउँ स्वास्थ्य समितिमा पेस भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्न गाउँ स्वास्थ्य समितिले सम्बन्धित संस्थालाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१७. स्वास्थ्य संस्थाको सम्पत्तिः**

(१) गाउँपालिकाको स्वामित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको नाममा आएको मानिनेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) निजी (निजी र साझेदारी) स्वामित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति सम्बन्धित व्यक्ति वा निकायको स्वामित्वमा रहनेछ ।

(४) निजी (साझेदारी) स्वामित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ स्वास्थ्य समितिको पूर्व स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा सङ्घ-संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिकाको सिफारिसमा नेपाल सरकारबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचविखन गर्न पाइने छैन ।

**१८. छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिस्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको बाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखत पारित गर्दा तोकिए बमोजिमको आधारमा रजिस्ट्रेसन दस्तुर लाग्नेछ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिईने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–६

## दरबन्दी मिलान, नियुक्ति र सरुवा सम्बन्धी व्यवस्था

१९. **अन्य काममा लगाउन नहुने**:

(१) चिकित्सक, चिकित्सा सहायक एवम् सहयोगी तथा सो सम्बन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी सङ्घीय, प्रदेश सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

२०. **नियुक्ति, बढुवा र सरुवा** :

(१) स्वास्थ्य संस्थामा रिक्त स्वास्थ्यकर्मी तथा स्वास्थ्य कार्यकर्ताको करार नियुक्तिको व्यवस्था स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको सिफारिसमा गाउँ स्वास्थ्य समितिले तोकिए बमोजिम गर्नेछ।

(२) उपदफा (१) अनुसार नियुक्त हुने करार जनशक्तिको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ।

(३) गाउँपालिका भित्र सरुवाका लागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउँदा सेवग्राहीले पाउनुपर्ने सेवामा बाधा नपर्ने गरी गाउँ स्वास्थ्य समितिले तोकिदिए बमोजिमको मापदण्डको आधारमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ।

(४) प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ।

(५) स्वास्थ्य कर्मचारीलाई मिल्ने अवस्थामा घर पायक मिल्ने गरी सरुवा गरिनेछ।

(६) बढुवा सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिमको हुनेछ।

२१. **तलबभत्ता नपाउने र सेवा अवधि गणना नहुने**: नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक आफू कार्यरत रहेको स्वास्थ्य संस्थामा अनुपस्थित रहेका कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र सो अवधि सेवामा गणना समेत हुने छैन।

२२. **स्थायी आवासीय अनुमति लिन नहुने**: गाउँपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई सेवावाट बर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ।

२३. **पदीय आचरण तथा अन्य व्यवस्था**:

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत करार ज्यालादारी र अस्थायी स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन गाउँ स्वास्थ्य समितिले कार्यपालिका समक्ष सिफारिस गर्नेछ। सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछ।

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार तीस (३०) दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको प्रमाणित भएमा,

(घ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

(ङ) व्यावसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने सङ्गठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य तोकिएको आधारमा कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

२४. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः**

(१) दफा (२३) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुर्नबहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता पाउने भए सो समेत पाउनेछ ।

## परिच्छेद–७

## खुम्बु स्वास्थ्य सुरक्षा सम्बन्धी कार्यक्रम

२५. **खुम्बु स्वास्थ्य सुरक्षा कार्यक्रम लागु गर्न सक्ने :**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्रभित्र लागु हुने गरी जीवन सुरक्षा नामक कार्यक्रम लागु गर्न सक्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत गाउँपालिकाले प्रत्येक नागरिकलाई खुम्बु स्वास्थ्य सुरक्षा कार्ड उपलब्ध गराउने छ।

(३) उक्त कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाले प्रत्येक नागरिकसँग तोकिए बमोजिम वार्षिक रुपमा रकम सङ्कलन गर्न सक्नेछ। तर यसरी अनिवार्य रुपमा संकलित रकममा गाउँपालिकाले आर्थिक तथा सामाजिक रुपमा विपन्न, अपाङ्ग, एकल महिला, दलित, लोपोन्मुख, अति लोपोन्मुख, ज्येष्ठ नागरिकहरुलाई आवश्यक छुट हुने तथा अनुदान हुने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उक्त रकम दफा २६ बमोजिमको कोषमा सङ्कलन हुने गरी रहनेछ।

(५) उक्त रकमबाट व्यहोरिने गरी तोकिए बमोजिमको सीमामा गाउँपालिकाबासीको तोकिए बमोजिमका रोगको उपचार तोकिएको स्वास्थ्य संस्थामा हुने गरी गाउँपालिकाले व्यवस्था गर्न सक्नेछ।

२६. **जीवन सुरक्षा कोष सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले जीवन सुरक्षा कार्यक्रम सञ्चालन गर्न एक विशेष कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट विनियोजित रकम,

(घ) निजी स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) दफा (२५) को उपदफा (३) बमोजिम संकलित रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको खाता नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत प्राप्त (क) वर्गको कुनै पनि बैङ्कमा रहने छ।

(४) उक्त खाताको सञ्चालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

२७. **जीवन सुरक्षा कार्यक्रम सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले यस परिच्छेदको प्रतिकूल नहुने गरी जीवन सुरक्षा कार्यक्रम सञ्चालन गर्न यस सम्बन्धी आवश्यक नियमावली तथा कार्यविधि निर्माण गर्न सक्नेछ ।

## परिच्छेद – ८

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन तथा सूर्तिजन्य पदार्थ नियमन सम्बन्धी

२८. **रोग तथा रोगीहरुको अभिलेख राख्नुपर्ने :**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ,

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ,

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

२९. **महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने :**

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिबन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नु पर्नेछ ।

३०. **सूर्ती, मदिरा तथा सूर्तीजन्य पदार्थको नियमन** :

(१) सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

(२) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न बन्देज लगाइने छ।

(३) सूर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ

(४) विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी तोकी धुम्रपान र मदिरापान निषेध गर्नेछ।

(५) खाद्य पदार्थसँगै सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारबाही गर्न सक्नेछ।

## परिच्छेद–९

## विविध

३१. **सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने** : प्रत्येक स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाजन्य फोहोरमैलालाई कम्तीमा पनि दुई भाग जोखिमरहित फोहोरमैला र जोखिमयुक्त फोहोरमैलामा छुट्याई फोहोरको उचित व्यवस्थापन गर्नु पर्नेछ।

३२. **जोखिमयुक्त हिमाली क्षेत्रमा काम गर्ने कामदारको स्वास्थ्य र पेसागत सुरक्षा सुनिश्चित गर्नुपर्नेः**

(१) जोखिमयुक्त हिमाली क्षेत्रमा (गाइड, भरिया आदि) काम गर्ने कामदार हरुलाई रोजगारदाताले आवश्यक वैयक्तिक सुरक्षा सामग्रीहरु उपलब्ध गराइ अनिवार्य प्रयोग गर्ने व्यवस्था गर्नु पर्नेछ।

(२) उपभोग्य वस्तुको गुणस्तर नियमन गर्नुपर्नेः

(क) खाद्यान्न, मासु लगायत वस्तुको न्यूनतम मापदण्ड खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर नियमनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनमा तोकिए बमोजिम हुनेछ।

(ख) शारीरिक परीक्षण नगरी कुनै पनि पशुपन्छी बध गरी मासु बिक्री वितरण गर्न पाइने छैन।

(ग) पिउने पानी बिक्री वितरण गर्ने उद्योग/संस्थाहरुले पानी पिउन योग्य भए नभएको गुणस्तर परीक्षण पश्चात् मात्र बिक्री वितरण गर्न पाइनेछ।

**३३. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

(३) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवम् दुर्व्यवहार दण्डनीय हुनेछ। यदि भए गरेको पाइए प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(४) कुनै पनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिँदा सेवा लिनेको व्यक्तिगत गोपनीयताको हक सुरक्षित गराउनु सम्बन्धित स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ। व्यक्तिगत गोपनीयताको हक सुरक्षित नभएको वा सुरक्षाका नाममा अन्यथा भए गरेको पाइए प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

**३४. प्रगति विवरण बुझाउनु पर्नेः**

(१) गाउँपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले मासिक, चौमासिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन स्वास्थ्य शाखामा पेस गर्नु पर्नेछ।

(२) निजी स्वामित्वका स्वास्थ्य संस्थाले वार्षिक प्रतिवेदन गाउँपालिकाको स्वास्थ्य शाखामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भए तापनि गाउँपालिका तथा सम्बन्धित निकायले स्वास्थ्य संस्थासँग प्रतिवेदन माग गरेको अवस्थामा कुनै पनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेस गर्नु पर्नेछ।

३५. **दण्ड सजायः**

(१) सरकारी, निजी, सामुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँ स्वास्थ्य समितिको सिफारिसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्न सक्नेछ।

(२) देहायका कसुर गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी प्रचलित कानुनले तोकिए बमोजिम सजाय हुनेछः -

(क) उपचार र सेवासँग सम्बन्धित विषयको व्यक्तिगत गोपनीयता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिँदा लापर्बाही, विभेद वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) उपचारमा नियत राखी दुःख दिएमा वा अमर्यादित कार्य गरेमा,

(घ) कानुन विपरीतका अन्य कार्य गरेमा।

३६. **पुनरावेदनः** गाउँपालिका तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

३७. **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य नियमावली बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनका लागि गाउँ स्वास्थ्य समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाइ लागु गर्न सक्नेछ ।

(३) गाउँ कार्यपालिकाले समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

३८. **सङ्क्रमणकालीन व्यवस्था**: यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाले निर्देशन जारी गर्न सक्नेछ ।

३९. **बाधा अडकाउ फुकाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा  गाउँ कार्यपालिकाको सिफारिसमा गाउँ कार्यपालिकाको अध्यक्षले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

४०. **बचाउ र लागु नहुने**:

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावलीमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) सङ्घीय र प्रादेशिक कानुनसँग बाझिएको यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुने छन् ।

४१. **यसै अनुसार हुने**:

(१) यस अघि भए गरेका काम कारबाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यस अघि कानुन बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयंमसेवकहरूलाई नेपाल सरकारले दिदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन ।

(३) तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय कारबाही गर्न बाधा पर्नेछैन ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको स्थानीय रोजगारीको हक सम्बन्धी ऐन, २०७६

# खुम्बु पासाङल्हामु गाउँपालिकाको स्थानीय रोजगारीको हक सम्बन्धी ऐन, २०७६

*प्रमाणीकरण मितिः २०७६/०४/०१*

**प्रस्तावना** : खुम्बु पासाङल्हामु गाउँपालिकाका प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको सर्त, अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, खुम्बु पासाङल्हामु गाउँपालिकाको सभाबाट नेपालको संविधानको धारा ३१, धारा ३३, धारा ३४, धारा ५१ (झ) र अनुसूची-८ को सूची नं. १७ का अधिकार हरुलाई कार्यान्यिन गर्न र कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, खुम्बु पासाङल्हामु गाँउपालिका को पाँचौं गाउँ सभाले यो ऐन बनाइ लागु गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "खुम्बु पासाङल्हामु गाउँपालिका स्थानीय रोजगारीको हक सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यालय" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ख) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) “निर्वाह भत्ता” भन्नाले दफा २२ बमोजिमको निर्वाह भत्ता सम्झनु पर्छ।

(घ) “न्यूनतम रोजगार” भन्नाले यस ऐन बमोजिम एक आर्थिक वर्षमा उपलब्ध गराइने कम्तीमा एकसय दिनको न्यूनतम रोजगार अवधि सम्झनु पर्छ।

(ङ) “परिवार” भन्नाले एकासगोलमा बस्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री बाबु, आमा वा सौतिनी आमा सम्झनु पर्छ र सो शब्दले निज आफैंले पालन पोषण गर्नुपर्ने हजुरबुबा र हजुरआमालाई समेत जनाउँछ।

(च) “बेरोजगार व्यक्ति” भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्षदेखि उनान्साठी वर्ष उमेर समूहको नागरिक सम्झनु पर्छ।

(छ) “बेरोजगार सहायता” भन्नाले बेरोजगार व्यक्तिलाई उपलब्ध गराइने दफा २० बमोजिमको सहायता कार्यक्रम सम्झनु पर्छ।

(ज) “गाउँपालिका” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका बुझ्नुपर्दछ।

(झ) “गाउँ सभा” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभालाई बुझ्नुपर्दछ।

(ञ) “गाउँकार्यपालिका” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँकार्यपालिका बुझ्नुपर्दछ।

(ट) “अध्यक्ष” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ठ) “उपाध्यक्ष” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी प्रमुखलाई सम्झनु पर्दछ।

(ढ) “वडा अध्यक्ष” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको वडा अध्यक्ष सम्झनु पर्दछ ।

(ण) “कार्यपालिका सदस्य” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्दछ सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्ष समेतलाई बुझाउँछ ।

(त) “शाखा” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वरोजगारी सेवा सम्बन्धमा काम गर्न तोकिएको शाखा वा इकाई सम्झनु पर्दछ ।

(थ) “कर्मचारी” भन्नाले गाउँपालिकामा कार्यरत प्रविधिक तथा प्रशासनिक स्थायि अस्थायी वा करारमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(द) “स्वरोजगार” भन्नाले आफ्नो श्रम,सीप, ज्ञान, स्रोत, साधन र पूँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यावसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य सम्झनु पर्छ ।

(ध) “रोजगारदाता” भन्नाले बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम रोजगार दिने गाउँपालिका र अन्तर्गतका कार्यालय तथा निकाय र सार्वजनिक संस्थान तथा सङ्गठित संस्था, उद्योग, प्रतिष्ठान तथा कानुन बमोजिम सञ्चालनमा रहेका रोजगारमूलक संस्था सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्तिलाई समेत जनाउँछ ।

(न) “रोजगार सेवा केन्द्र” भन्नाले बेरोजगार व्यक्तिको सूचना सङ्कलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न दफा १० बमोजिम स्थापना भएको रोजगार सेवा केन्द्र सम्झनु पर्छ ।

(प) “समिति” भन्नाले दफा १७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ ।

(फ) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको रोजगारी प्रदायक संस्था वा रोजगारी व्यवसायलाई सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्दछ ।

(ब) "अनुमति" भन्नाले गाउँकार्यपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा रोजगारी प्रदायक संस्था वा रोजगारी प्रदायक व्यवसाय खोल्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्दछ।

## परिच्छेद –२

## रोजगारीको अधिकार सम्बन्धी व्यवस्था

३. **रोजगारीको अधिकार सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाका प्रत्येक नागरिकलाई रोजगारी पाउने अधिकार हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाका प्रत्येक नागरिकलाई यो ऐन वा प्रचलित कानुनको अधीनमा रही उचित श्रम अभ्यासको अधिकार हुनेछ।

४. **रोजगारी छनौट गर्ने अधिकार :**

(१) गाउँपालिकाका प्रत्येक नागरिकलाई आफूले चाहेको रोजगारी छनौट गर्न पाउने अधिकार हुनेछ।

(२) गाउँपालिकाका प्रत्येक नागरिकलाई यो ऐन र प्रचलित कानुनको अधीनमा रही योग्यता र क्षमता अनुसार स्वेच्छाले रोजगार गर्न पाउने र त्यस्तो रोजगारी छोड्न वा परिवर्तन गर्न पाउने अधिकार हुनेछ।

(३) गाउँपालिकामा कसैले पनि कुनै नागरिकलाई निजको इच्छा विपरीत वा निजले नचाहेको रोजगारी गर्न वा त्यस्तो रोजगारीमा लगाउन वा जबर जस्ती गर्न वा बाध्य बनाउने छैन।

५. **बेरोजगार सहायता पाउने अधिकार** : गाउँपालिकाका प्रत्येक बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम बेरोजगार सहायता पाउने अधिकार हुनेछ।

६. **भेदभाव गर्न नहुने** : कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानुनले कुनै खास वर्ग वा लिङ्ग जाति भाषा वा समुदायको लागि विषेश व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गरिने छैन।

७. **रोजगारीबाट हटाउन नपाइने** :

(१) रोजगारीमा रहेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम बाहेक विना कारण रोजगारीबाट हटाउन पाइने छैन ।

(२) रोजगारीमा रहेको व्यक्तिलाई लागु हुने सेवा सर्त सम्बन्धी कानुन बमोजिम बाहेक रोजगारीबाट हटाएमा त्यसरी हटाइएको व्यक्तिले आफू रोजगारीमा कायमै रहनको लागि कारण सहित कार्यालयमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाको कार्यपालिकाले रोजगारीमा रहेको व्यक्तिलाई रोजगारबाट हटाउनु पर्नाको कारणबारे आवश्यक जाँचबुझका लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पठाएको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विना कारण रोजगारबाट हटाइएको देखिएमा काममा लगाई राख्न रोजगारदातालाई गाउँपालिकाले निर्देशन दिन सक्नेछ ।

८. **रोजगार कार्यक्रम सञ्चालन गर्ने** :

(१) गाउँपालिकाले यो ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा महिला, दलित, आर्थिक रुपले विपन्न व्यक्ति, शहिद परिवार र बेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **निर्णय गर्ने अधिकार** : कुनै व्यक्ति बेरोजगार हो वा होइन भन्ने सम्बन्धमा प्रश्न उठेमा सो कुराको निर्णय कार्यपालिकाले प्रचलित कानुन समेतको आधारमा कार्यपालिकाको मापदण्ड बनाइ त्यस्तो मापदण्ड बमोजिम आवश्यक निर्णय गर्नेछ ।

## परिच्छेद –३

## रोजगार सेवा केन्द्र

१०. **रोजगार सेवा केन्द्र :**

(१) गाउँकार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी गाउँपालिका मातहत रही कार्य गर्ने गरी प्रत्येक वडामा एक रोजगार सेवा केन्द्र स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको रोजगार सेवा केन्द्रको कामलाई निर्देशन, समन्वय र सहजीकरण गर्ने जिम्मेवारी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(३) उपदफा १) बमोजिम रोजगार सेवा केन्द्र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम वा कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ।

११. **निवेदन दिनु पर्ने :**

(१) यस ऐन बमोजिम न्यूनतम रोजगारमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले आफूसँग भएको सीप, योग्यता वा क्षमता उल्लेख गरी तोकिए बमोजिमको अवधिभित्र तोकिए बमोजिमको ढाँचामा सम्बन्धित रोजगार सेवा केन्द्रमा आफ्नो विवरण सहित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर रोजगार सेवा केन्द्रले आवश्यक जाँजबुझ गरी वास्तविक बेरोजगार व्यक्तिको सूची तयार गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(३) रोजगार सेवा केन्द्रले उपदफा (२) बमोजिमको अद्यावधिक अभिलेख तोकिए बमोजिम गाउँकार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

१२. **जानकारी दिनु पर्ने :**

(१) रोजगार सेवा केन्द्रमा दफा ११ बमोजिम निवेदन दिएको कुनै व्यक्ति दफा १६ बमोजिम रोजगारीको लागि सिफारिस नहुँदै निजी प्रयासमा अन्यत्र कतै रोजगारीमा संलग्न भएमा वा स्वरोजगारमा लागेमा वा यस ऐन बमोजिम प्रदान गरिने रोजगारीमा सहभागी हुन वा बेरोजगार सहायता

प्राप्त गर्न इच्छुक नरहेमा सो कुराको जानकारी निजले यथाशीघ्र रोजगार सेवा केन्द्रलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसैले जानकारी गराएमा रोजगार सेवा केन्द्रले त्यस्तो व्यक्तिको नाम बेरोजगार व्यक्तिको सूचीको अभिलेखबाट हटाउनु पर्नेछ।

१३. **रोजगारदाताको विवरण राख्नु पर्ने** :

(१) रोजगार सेवा केन्द्रले आफ्नो क्षेत्रभित्र रहेका रोजगारदाताको सूची अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूची अद्यावधिक गर्ने कार्यमा रोजगार सेवा केन्द्रले स्थानीय तहको अतिरिक्त कुनै सरकारी वा गैरसरकारी निकाय वा सङ्घ संस्थालाई सम्बन्धित स्थानीय तहभित्रका रोजगारदातालाई माग गरिए बमोजिमको विवरण उपलब्ध गराउन लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोजगार सेवा केन्द्रबाट लेखी आएमा सम्बन्धित सबै निकायले आफू अन्तर्गतका रोजगारदाताको विवरण वा आफूले गरी आएको काम र त्यस्तो कामको लागि आवश्यक पर्ने जनशक्तिको विवरण तोकिएको ढाँचामा रोजगार सेवा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ।

(४) रोजगार सेवा केन्द्रले यस दफा बमोजिम रोजगारदाताको विवरण गाउँपालिकालाई पठाउनु पर्नेछ।

(५) रोजगारदाताको विवरण सङ्कलन तथा अद्यावधिक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **श्रमिक माग गर्न सक्ने** :

(१) रोजगारदाताले कुनै कार्यका लागि आफूलाई आवश्यक पर्ने श्रमिकको सङ्ख्या, योग्यता र अवधि खुलाई सोको सूचना रोजगार सेवा केन्द्रलाई दिनेछ।

(२) रोजगारदाताले कुनै कार्यका लागि स्थानीयस्तरमा आफूलाई आवश्यक पर्ने श्रमिक रोजगार सेवा केन्द्र मार्फत गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम श्रमिक माग गर्दा तोकिए बमोजिमको ढाँचामा श्रमिकको सङ्ख्या, श्रमिकको योग्यता, क्षमता, सीप र कामको प्रकृति खुलाई रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ।

१५. **रोजगार सूचना उपलब्ध गराउने** : रोजगार सेवा केन्द्रले आफ्नो क्षेत्रभित्रका रोजगारदाताहरुका लागि आवश्यक श्रमिकहरुको उपलब्धता र सूचीकृत बेरोजगार व्यक्तिका लागि रोजगारीका अवसर सम्बन्धी सूचना उपलब्ध गराउनु पर्नेछ।

१६. **बेरोजगार व्यक्तिलाई रोजगारी दिनुपर्ने** :

(१) दफा १४ बमोजिम कुनै रोजगारदाताबाट श्रमिक माग भएपछि रोजगार सेवा केन्द्रले दफा ११ को उपदफा (१) बमोजिम सूचीकृत बेरोजगार व्यक्तिलाई निजको योग्यता, सीप र अनुभवका आधारमा रोजगारीको लागि सम्बन्धित रोजगारदाता समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रोजगारीको लागि पठाइएका व्यक्तिलाई सरकारी वा सार्वजनिक क्षेत्रको रोजगारदाताले प्रचलित कानुन बमोजिम निजको योग्यता र सीप अनुसारको काममा लगाउनु पर्नेछ र निजी क्षेत्रको रोजगारदाताले निजको योग्यता र सीप अनुसारको उपलब्ध काममा लगाउन सक्नेछ। त्यस्तो व्यक्तिले रोजगारदाताले लगाएको काम गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रोजगारदाताले काममा लगाए वापत उपलब्ध गराउने दैनिक ज्याला दर गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिम रोजगारदाताले लगाएको काम नगर्ने व्यक्तिलाई रोजगार सेवा केन्द्रले बेरोजगारको सूचीबाट हटाउनु पर्नेछ।

## परिच्छेद –४

## निर्देशक समिति

१७. **निर्देशक समिति :**

(१) नागरिकको रोजगारीको हकको संरक्षण सम्बन्धी काम कारबाहीको सञ्चालन, रेखदेख तथा निर्देशन गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :-

(क) अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष - उप-संयोजक

(ग) रोजगार सेवा केन्द्रहरुबाट प्रतिनिधि ३ जना (अध्यक्षबाट मनोनित) - सदस्य

(घ) कार्यपालिकाले आफूमध्येबाट तोकेको कम्तीमा १ महिला सहित- २ जना सदस्य

(ङ) गाउँ सभा सदस्यबाट उपाध्यक्षले तोकेको १ महिला -सदस्य

(च) श्रमिक र रोजगारदाताहरुबाट (अध्यक्षबाट मनोनित)- २ जना आमन्त्रित सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यलयमा रहनेछ।

१८. **समितिको बैठक :**

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक तथा निर्णयको कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : -

(क) गाउँपालिकाको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति गाउँपालिकासमक्ष सिफारिस गर्ने,

(ग) बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न सम्बन्धित निकाय/विज्ञ/स्रोत समूहको सहयोग लिने,

(घ) बेरोजगार व्यक्तिलाई राज्यको तर्फबाट उपलब्ध गराइने बेरोजगार सहायता सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्ने,

(ङ) बेरोजगार व्यक्तिलाई प्रदान गरिने निर्वाह भत्ताको सम्बन्धमा गाउँपालिकालाई नीतिगत सुझाव दिने,

(च) रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय गर्ने,

(छ) बेरोजगार सहायता कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गने,

(ज) रोजगार सेवा केन्द्रको व्यवस्थापन, नियमन, अनुगमन गरी आवश्यक निर्देशन दिने।

## परिच्छेद–५

## बेरोजगार सहायता सम्बन्धी

२०. **बेरोजगार सहायता कार्यक्रमः**

(१) गाउँपालिकाले बेरोजगार सहायताको लागि देहाय बमोजिमको कार्यक्रम गर्नेछः-

(क) रोजगारीको अवसर सम्बन्धी सूचना प्राप्त गर्ने र उपलब्ध गराउने,

(ख) रोजगारमूलक तथा सीपमूलक तालिम प्रदान गर्ने,

(ग) बैङ्क तथा वित्तीय संस्था मार्फत स्वरोजगारको लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउने,

(घ) स्वरोजगार सृजना गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यक्रम गर्ने।

(२) उपदफा १) बमोजिमको बेरोजगारलाई सहायता कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **काम गर्नु पर्ने** :

(१) यस ऐन बमोजिमको बेरोजगार सहायता कार्यक्रम अन्तर्गतको तालिम प्राप्त गरेको व्यक्तिले रोजगार सेवा केन्द्रले खटाएको स्थान वा क्षेत्रमा गई तोकिए बमोजिमको काम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खटाएको क्षेत्रमा काम गर्न नजाने वा इन्कार गर्ने व्यक्तिलाई बेरोजगारसूचीबाट हटाई दफा २२ बमोजिमको निर्वाह भत्ता प्रदान गरिने छैन।

२२. **निर्वाह भत्ता दिने** :

(१) गाउँपालिकाले रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारलाई मन्त्रालयले तोकेको न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षमा गाउँपालिकाले तोकेको न्यूनतम पारिश्रमिकको एकसय दिन बराबरको रकमको पचास प्रतिशत रकम तोकिएको सर्तको अधीनमा रही निर्वाह भत्ता उपलब्ध गराउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै बेरोजगार व्यक्तिले एक आर्थिक वर्षमा एक सय दिनभन्दा कम अवधि मात्रै रोजगारी पाएमा एक सय दिन पुग्न बाँकी अवधिको गाउँपालिकाले तोकेको न्यूनतम पारिश्रमिकको पचास प्रतिशत बराबरको रकम मात्र निर्वाह भत्ता उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम निर्वाह भत्ता प्राप्त गर्ने बेरोजगार व्यक्तिले तोके बमोजिमको सर्तको पालना गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको निर्वाह भत्ता देहायको अवस्थामा मात्र दिइनेछ :-

(क) परिवारको कुनै पनि सदस्यले तोकिए बमोजिमको रोजगारी नपाएमा,

(ख) नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएका परिवार भएमा,

(ग) परिवारको कुनै पनि सदस्य स्वरोजगार नभएमा,

(घ) परिवारको कुनै सदस्य वैदेशिक रोजगारीमा नगएकोमा

**स्पष्टीकरण**ः "वैदेशिक रोजगारी" भन्नाले नेपाल सरकारबाट श्रम स्वीकृति लिई विदेशमा काम गर्न गएको अवस्था सम्झनु पर्छ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कोष वा अन्य मुलुक वा अन्तर्राष्ट्रिय वा अन्तरसरकारी सङ्घ, सङ्गठन वा अन्य कुनै संस्थाबाट नियमित निवृत्तिभरण वा अवकाश सुविधा लिइरहेका वा सामाजिक सुरक्षा कोष वा नेपाल सरकारको सहायता सम्बन्धी अन्य कोषबाट वा रोजगारदाता नियमित रूपमा कुनै पनि किसिमको सहायता प्राप्त गरेको व्यक्तिको परिवालाई निर्वाह भत्ता दिइने छैन।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छ :-

(क) गाउँपालिकाको सञ्चित कोष वा अन्य सरकारी कोष,

(ख) गाउँपालिकाको पूर्ण वा आंशिक स्वामित्व भएको स्थानीय संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तिभरण प्रदान गर्न प्रचलित कानुन बमोजिम स्थापना भएको कोष।

(६) यस दफा बमोजिम प्रदान गरिने निर्वाह भत्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **बजेट सम्बन्धी व्यवस्था** : यस ऐन बमोजिम सञ्चालन गरिने कार्यक्रमका लागि आवश्यक पर्ने बजेटको व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको वार्षिक रुपमा विनियोजित रकमबाट गरिनेछ।

## परिच्छेद –६

## कसुर र सजाय

२४. **उजूरीः**

(१) यस ऐन अन्तर्गत कसुर गरेको वा गर्न लागेको थाहा पाउने जो सुकैले पैँतिस दिनभित्र गाउँपालिकाको न्यायिक समितिमा उजूरी दिने सक्नेछ।

(२) उजूरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **कसुर गरेको मानिने** : कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

(क) दफा ४ को उपदफा (३) विपरीतको कार्य गरेमा,

(ख) प्रचलित कानुन बमोजिम बाहेक रोजगारी दिने व्यक्तिले दफा ६ विपरीत भेदभाव गरेमा,

(ग) रोजगारदाताले दफा ७ विपरीत रोजगारीबाट हटाएमा,

(घ) यस ऐन बमोजिमको बेरोजगार सहायता वा निर्वाह भत्ता प्राप्त गर्न झुट्टा विवरण पेस गरेमा,

(ङ) जुन उद्देश्यको लागि बेरोजगार सहायता रकम लिइएको हो सो उद्देश्यका लागि प्रयोग नगरी अन्यत्र प्रयोग गरेमा।

२६. **सजाय** :

(१) कसैले देहाय बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाई प्रमुख प्रशासकीय अधिकृतले कसुरको मात्रा हेरी देहाय बमोजिमको सजाय गर्नेछ :-

(क) दफा २५ को खण्ड (क) बमोजिमको कसुर गर्नेलाई पच्चीस हजार रुपैयाँ जरिबाना,

(ख) दफा २५ को खण्ड (ख) र (ग) बमोजिमको कसुर गर्नेलाई दश हजार रुपैयाँ जरिबाना,

(ग) दफा २५ को खण्ड (घ) बमोजिमको कसुर गर्नेलाई त्यस्तो बेरोजगार सहायता वा निर्वाह भत्ता प्राप्त गरेको भए सो रकम असुल उपर गरी सोही बराबरको रकम जरिबाना,

(घ) दफा २५ को खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई बेरोजगार सहायता वापत प्राप्त गरेको रकम असुल उपर गरी सोही बराबरको रकम जरिबाना,

(२) उपदफा (१) बमोजिम गरिएको जरिबाना तोकिएको अवधिभित्र नतिर्ने व्यक्ति वा संस्थालाई गाउँकार्यपालिकाले प्रदान गर्ने सेवा सुविधामा रोक लगाउने गरी निर्देशक समितिले आवश्यक निर्णय गर्नेछ र आवश्यकता परे नेपाल सरकारको सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(३) उपदफा (१) बमोजिम जरिबाना सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर मानिने रहेछ भने त्यस्तो कसुरमा सो कानुन बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न यस दफाको व्यवस्थाले बाधा पर्ने छैन र कसैले यस ऐन विपरीत कुनै कार्य गरे वापत निजलाई प्रचलित कानुन बमोजिम यस दफामा लेखिएभन्दा बढी सजाय हुने रहेछ भने सोही बमोजिम सजाय हुनेछ।

२७. **पुनरावेदनः**

(१) यस ऐन बमोजिम न्यायिक समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैँतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद – ७

## विविध

२८. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने**

(१) समितिले यस ऐनको कार्यान्वयन गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्य सर्त समितिले तोकिदिए बमोजिम हुनेछ।

२९. **अनुगमन तथा निरीक्षण** : यस ऐन बमोजिम सञ्चालन हुने कार्यक्रमको गाउँकार्यपालिकाले नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्नेछ।

३०. **वार्षिक प्रतिवेदन** :

(१) निर्देशक समितिले प्रत्येक आर्थिक वर्षभित्र सम्पन्न गरेका काम कारबाहीको आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकाको कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस गरेको प्रतिवेदन गाउँपालिकाले सार्वजनिक गर्नेछ।

३१. **नियम बनाउने अधिकार** : गाउँकार्यपालिकाले यस ऐनको कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ।

३२. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने** : गाउँपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यकता अनुसार निर्देशिका तथा कार्यविधि बनाइ लागु गर्न सक्नेछ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको खेलकुद विकास ऐन, २०७६

# खुम्बु पासाङल्हामु गाउँपालिकाको खेलकुद विकास ऐन, २०७६

*प्रमाणीकरण मितिः २०७६/०४/०१*

**प्रस्तावना** : खेलकुदको माध्यमबाट स्थानीय स्तरका जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकुद सम्बन्धी तालिम, पालिका स्तरमा सबै किसिमका खेलकुद आयोजना गर्ने आवश्यक व्यवस्था गरी खेलकुदको विकास गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (क) बमोजिम खम्बु पासाङल्हामु गाउँपालिकाको पाँचौं गाउँ सभाले यो ऐन लागु गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "खेलकुद विकास ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "कार्यालय" भन्नाले खम्बु पासाङल्हामु गाउपालिकाको कार्यालय सम्झनु पर्छ।

(ख) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ।

(ग) "वडा खेलकुद विकास समिति " भन्नाले दफा १२ बमोजिम गठित वडा खेलकुद विकास समिति सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम रहने गाउँ खेलकुद विकास समिति सम्झनु पर्छ।

(ङ) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

(च) “सदस्य” भन्नाले यस ऐन बमोजिम गठन हुने समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको संयोजक, उपसंयोजक र सदस्य-सचिवलाई समेत जनाउँनेछ।

(छ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. **गाउँ खेलकुद विकास समितिः**

(१) खम्बु पासाङल्हामु गाउपालिकाका क्षेत्रमा खेलकुदको विकास गर्ने कार्यमा नीतिगत र योजनाबद्ध मार्गदर्शन तथा खेलकुद विकास सम्बन्धी गाउँस्तरका क्रियाकलापको प्रवर्धन तथा नियमनको लागि देहायको गाउँ खेलकुद विकास समिति रहने छ।

(२) उपदफा (१) बमोजिम रहने समितिमा देहायका सदस्यहरु रहने छनः-

(क) गाउँपालिकाका अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाका उपाध्यक्ष - सह-संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँ कार्यपालिको सदस्य मध्येबाट संयोजकले तोकेको १ महिला सहित तीनजना - सदस्य

(ङ) गाउँस्तर, प्रदेशस्तर, राष्ट्रियस्तर वा अन्तर्राष्ट्रियस्तर खेल जगतमा प्रतिभा आर्जन गरेका मध्येबाट कम्तीमा एक जना महिला सहित समितिबाट मनोनित तीन जना - सदस्य

(च) स्थानीय स्तरका खेलकुद सम्बन्धी संस्थाहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेको दुई जना - सदस्य

(छ) गाउँ स्तरका विद्यालयका तथा क्याम्पसको खेलकुद तथा विद्यार्थी कल्याण शाखाका प्रमुखहरुमध्येबाट संयोजकले मनोनित गरेका दुई जना -सदस्य

(ज) गाउँ कार्यपालिकाको शिक्षा तथा खेलकुद
विकास शाखा प्रमुख - सदस्य -सचिव

(३) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ।

४. **समितिको बैठक र निर्णयः**

(१) संयोजकबाट निर्देशन भए बमोजिम सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सह-संयोजकले बढी बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठक वर्षको कम्तीमा दुईपटक बस्नेछ।

(५) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका प्रमाणित गरी राख्नेछ।

(६) यस दफामा लेखिए देखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकामा खेलकुदको स्तरमा वृद्धि गर्न समय समयमा गाउँ स्तरका खेलकुद सम्बन्धी प्रतियोगिता सम्वन्धि आवश्यक कार्य गर्ने,

(ख) खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, गाउँपालिकाका कर्मचारी र खेलाडिलाई जिल्ला, प्रदेश वा राष्ट्रिय स्तरको प्रतियोगितामा पठाउने,

(ग) गाउँ कार्यापालिकालाई खेलकुद सम्बन्धी विषयमा आवश्यक योजना सहितको सल्लाह दिने,

(घ) खेलकुद सम्बन्धी संस्थालाई आर्थिक, खेलकुद सामग्री वा अन्य सहयोग प्रदान गर्नको लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ङ) गाउँ कार्यापालिकास्तरका शिक्षण संस्थाहरु तथा खेलकुदसँग सम्बन्धित संस्थाहरूमा खेलकुद सम्बन्धी प्रशिक्षण, खेलकुद सम्बन्धी प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचारप्रसार गर्ने गराउने,

(च) खेलकुद सम्बन्धी स्तर बढाउने पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्न सिफारिस गर्ने,

(छ) खेलकुदको विकासको लागि गाउँ स्तरीय रङ्गशाला, परिसर तथा खेलकुद मैदानको निर्माणका निम्ति आवश्यक कार्य गर्न सिफारिस गर्ने,

(ज) गाउँपालिकास्तरीय खेलकुद सम्बन्धी संस्थालाई समन्वय गर्ने र कानुन बमोजिम आवश्यक निर्देशन दिने,

(झ) गाउँमा रहेका खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी प्रशिक्षकहरुबाट तालिम दिलाउने व्यवस्था गर्ने ।

(ञ) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ट) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक कार्य गर्ने,

(ठ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका फरक क्षमता भएकाहरुको लागि तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने र आवश्यकता अनुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ड) स्थानीय स्तरमा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(२) समितिको निर्णय अनुसारको कार्यसम्पादन गाउँपालिका कार्यापालिकाको कार्यालयको तोकिएको शाखाले गर्नेछ।

(३) उपदफा (१) अनुसारको क्रियाकलाप गर्न गाउँ सभा बस्नु अगाडि समितिले गाउँस्तरको खेलकुद विकासको वार्षिक कार्यक्रम तथा बजेट बनाइ बजेट तथा योजना समितिमा पेस गर्नु पर्नेछ।

६. **वडा खेलकुद विकास समितिः**

(१) वडा स्तरमा खेलकुदको विकास र विस्तार गर्नको लागि समितिले वडा स्तरमा देहाय बमोजिमको प्रत्येक वडामा खेलकुद विकास समिति गठन गर्न सकिनेछ।

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा भित्रबाट निर्वाचित सदस्य - सदस्य

(ग) वडा भित्रका आधारभूत तथा माध्यमिक विद्यालयका खेलकुद तथा विद्यार्थी कल्याण शाखाका प्रमुखहरु - सदस्य

(घ) वडा स्तरमा खेलकुद विकाससँग सम्बन्धित गैर सरकारी संस्थाका प्रतिनिधि मध्येबाट संयोजकले तोकेको एक महिला सहित दुई जना - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित वडा खेलकुद विकास समितिको काम, कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) वडामा खेलकुदको स्तरमा वृद्धि गर्न समय समयमा वडा स्तरका खेलकुदका प्रतियोगिताहरुको आयोजना गर्ने,

(ख) गाउँपालिका स्तरका खेलकुद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, वडा कर्मचारीलाई पठाउने,

(ग) वडा स्तरका शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(घ) वडा स्तरमा खेलकुद विकासका गतिविधि सञ्चालन गर्न स्थानीय स्रोत परिचालन तथा खेलकुद विकासमा संलग्न स्थानीय संस्थासँग सहकार्य र समन्वय गर्ने,

(ङ) वडा स्तरमा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने ।

(च) वडा स्तरीय खेलकुद सम्बन्धी विषयमा गाउँ खेलकुद विकास समितिलाई आवश्यक राय परामर्श दिने ।

**७. खेलकुद सम्बन्धी संस्थाको दर्ताः**

(१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न गाउँपालिकामा गठन भएका संस्थाले गाउँस्तरमा खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न कार्यालयमा समेत दफा ८ बमोजिम दर्ता गर्नु पर्नेछ ।

तर सङ्घ तथा प्रदेश स्तरीय खेलकुद प्रतियोगिता गर्न त्यस्तो संस्था गाउँपालिकामा दर्ता भै रहनु पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा दर्ता नभएको खेलकुद सम्बन्धी संस्थाले गाउँस्तरीय खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

**८. संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने :**

(१) कार्यालयमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई कार्यालयमा संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेसा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिँदा खेलकुद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नाम दर्ता गराउन दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले सात दिन भित्र कार्यालयले आवश्यक जाँचबुझ

गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गरी प्रमाणपत्र दिनु पर्नेछ।

(४)उपदफा (३) बमोजिम प्रमाणपत्र दिँदा रु दुई सय दस्तुर लिनु पर्दछ।

(५) उपदफा (३) बमोजिम संस्था दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको नामावली समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

(६) गाउँपालिकाको लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र कार्यालयलाई दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखिएमा कार्यालयले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाइ राख्नु पर्नेछ।

९. **कार्यपालिका वा समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने**:

(१) गाउँ कार्यपालिका वा समितिले कार्यालयमा दर्ता भएका गाउँस्तरीय खेलकुद सम्बन्धी संस्थालाई गाउँमा खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम गाउँ कार्यापालिका वा समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संस्थाको नाम कार्यपालिकाले लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संथालाई तत्काल दिनु पर्नेछ।

**१०. गाउँपालिकाको स्वीकृति लिनु पर्नेः**

(१) गाउँ स्तरीय खेलकुद सम्बन्धी संस्थाले गाउँपालिकाको प्रतिनिधित्व गरी नेपाल भित्र हुने खेलकुद प्रतियोगितामा सहभागी हुन वा सभा सम्मेलनमा भाग लिन वा खेलकुदको विषयमा गाउँस्तरको सभा वा सम्मेलनमा गाउँपालिकाभन्दा बाहिरको  खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने कुनै पनि साहसिक खेलकुद, प्रतियोगिता सञ्चालन गर्दा नियमानुसार गाउँपालिकाले तोकेको शुल्क बुझाई गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

**११. खेलकुद विकास कोषः**

(१) गाउँपालिकले गाउँस्तरीय खेलकुद विकासको गतिविधि सञ्चालन गर्न एउटा छुट्टै खेलकुद विकास कोष स्थापना गर्न सक्नेछ र सो कोषमा देहायका रकमहरु राख्न सकिने छः-

(क) गाउँपालिकास्तरमा खेलकुद विकासको लागि नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम,

(ख) गाउँपालिकास्तरमा खेलकुद विकासको लागि प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदानको रकम,

(ग) गाउँपालिकाले खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे वापत लिने शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा स्थानीय संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको सहमति र स्वीकृतिमा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(छ) गाउँपालिकाबाट प्राप्त हुने रकम,

(ज) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) कोषको रकमबाट दफा ३ अनुसारको समितिको सिफारिसमा कार्यपालिकाले खेलकुद विकास सम्बन्धी क्रियाकलापमा खर्च गर्नेछ।

(४) कोषमा रहने रकम नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त बैङ्कमा खाता खोली जम्मा गर्न सकिनेछ।

(५) कोषको खाता सञ्चालन, लेखा र लेखा परीक्षण गाउँपालिकाको लागि तोकिएको आर्थिक कार्यविधि तथा अन्य ऐन बमोजिम हुनेछ।

१२. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूरा गर्नको लागि समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७

# खुम्बु पासाङल्हामु गाउँपालिकाको
# स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७

*प्रमाणीकरण मितिः २०७७/१०/१५*

**प्रस्तावना** : नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, ऐन तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, गाउँपालिकाका स्थानीय सेवाका कर्मचारीहरुको व्यवस्थापन, आन्तरिक सरुवा, बढुवा तथा नियमन गर्न वाञ्छनीय भएकाले खुम्बु पासाङल्हामू गाउँपालिकाको सभाले यो स्थानीय सेवा व्यवस्थापन ऐन लागु गरेको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१.१. यस ऐनको नाम स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ रहेको छ।

१.२. यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

१.३. यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ सम्झनु पर्दछ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्दछ।

## परिच्छेद–२

## सङ्गठन संरचना र पद व्यवस्था

३. **सङ्गठन संरचना** : गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट गाउँ कार्यपालिका, वडा कार्यालय र विपयगत शाखा कार्यालयहरुको सङ्गठन संरचना स्वीकृत गरिनेछ। खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिका र अन्तर्गतका निकायहरुको सङ्गठन संरचना अनुसूची-१ बमोजिम हुनेछ।

४. **दरबन्दी** : गाउँपालिकाको स्वीकृत सङ्गठन संरचना अनुसारको दरबन्दी गाउँ कार्यपालिकाले स्वीकृत गर्नेछ । गाउँपालिकाको स्वीकृत दरबन्दी विवरण अनुसूची-२ बमोजिम हुनेछ।

५. **पद** : सङ्गठन संरचना र दरबन्दी अनुसारको पदनाम कामको प्रकृति र विभागीय संरचना प्रमुख प्रशासकीय अधिकृतले तयार गरी गाउँ कार्यपालिका समक्ष पेस गर्नेछ र कार्यपालिकाबाट स्वीकृत भएपश्चात् सोही बमोजिम कार्यान्वयन हुनेछ।

## परिच्छेद–३

## पदपूर्ति, पदाधिकार र बढुवा

६. **स्थायी कर्मचारीको माग गर्ने** :

(१) गाउँ कार्यपालिकाको निर्णयानुसार खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोग समक्ष माग गरी पठाउनु पर्नेछ।

(२) प्रदेश लोकसेवा आयोगको गठन नभएसम्म यस कार्यका लागि सङ्घीय लोकसेवा आयोग समक्ष माग गर्न सकिनेछ।

७. **बढुवा सम्बन्धी व्यवस्थाको कार्यान्वयन** :

(१) बढुवा सम्बन्धी व्यवस्थाको प्रतिशत निर्धारण, पदपूर्ति समितिको गठन लगायतका बढुवा सम्बन्धी व्यवस्थाको कार्यान्वयन गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(२) बढुवा सम्बन्धी कार्यका लागि सूचनाको प्रकाशन अनुसूची-३, बढुवा आवेदन फाराम अनुसूची-४ बमोजिम हुनेछ।

८. **कार्य क्षमताको आधारमा बढुवाः-** स्थानीय सेवाका कर्मचारीको कार्य क्षमताको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने स्थानीय सेवाका कर्मचारीलाई सबैभन्दा पहिले बढुवा गरिनेछ। तर कार्य क्षमताको मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने स्थानीय सेवाका कर्मचारीको हकमा ज्येष्ठताको आधारमा बढुवा गरिनेछ र त्यस्ता कर्मचारीको ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा गरिनेछ :-

(क) हाल बहाल रहेको तहको पदमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम ज्येष्ठता नछुट्टिएमा सोभन्दा एक तह मुनिको तहमा नियुक्ति वा बढुवा निर्णय भएको मितिको आधारमा,

९. **जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाः** स्थानीय सेवाका कर्मचारीको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्दा बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा सबै भन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई बढुवा गरिनेछ।

१०. **पदपूर्तिको सूचनाको प्रकाशन र निवेदन :-**

(१) दफा ७ बमोजिम कार्यपालिकाको निर्णयानुसार पदपूर्ति प्रतिशत तथा पदसङ्ख्या निर्धारण भएपछि त्यसमा कार्य क्षमताको मूल्याङ्कनद्वारा तथा जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरुको विवरण सहितको सूचना बढुवा समितिले सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित हुने सूचनामा बढुवा गरिने पदको लागि आवश्यक पर्ने सेवा अवधि, सम्भाव्य उम्मेदवार हुन जेष्ठता गणना गरिने (असार मसान्तको हिसाबले) अवधि, शैक्षिक योग्यता, बढुवा हुने पदको विवरण तथा सङ्ख्या, निवेदन दिने म्याद र स्थान समेत खुलाइएको हुनु पर्नेछ।

११. **बढुवाका लागि योग्यता :**

(१) अधिकृत स्तर र सहायक स्तरको कर्मचारीहरुको लागि बढुवा सम्बन्धी योग्यता ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

(२) सहायक स्तरका कर्मचारीको बढुवा गर्दा स्थायी नियुक्ति पाएको तहमा कम्तीमा ७ वर्ष कार्यकाल पूरा गरेको हुनु पर्नेछ।

(३) अधिकृत स्तरबाट अधिकृत स्तरमा बढुवा गर्दा स्थायी नियुक्ति पाएको तहमा कम्तीमा ८ वर्ष कार्यकाल पूरा गरेको हुनु पर्नेछ।

(४) बढुवा हुनका लागि अनुसूची-५ बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता भएको हुनु पर्नेछ।

(५) बढुवाका लागि अधिकृत स्तर र सहायक स्तरको दुवैका लागि ३ वर्षको कार्य सम्पादन मूल्याङ्कनमा कम्तीमा ९० प्रतिशत अङ्क हासिल गरेको हुनु पर्नेछ।

(६) विभागीय सजाय पाएको, स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने पेस्की वेरुजु वाँकी रहेको कुनै पनि कर्मचारी बढुवाको लागि योग्य मानिने छैन।

१२. **बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने**: दफा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा देहायका अवधिभर कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(ग) तलबवृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर,

१३. **बढुवा नियुक्तिको रोक्का तथा फुकुवा**: कुनै कर्मचारीको बढुवाको लागि सिफारिस भइसकेपछि बढुवा नियुक्ति नपाउञ्जेल निलम्बन वा बढुवा रोक्का वा तलबवृद्धि रोक्का भएमा सो अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरिनेछ र निलम्बनबाट निजले सफाइ पाएमा वा बढुवा रोक्का अवधि समाप्त भएपछि निजको निलम्बन वा बढुवा रोक्का नभए सरह मानी नियुक्ति दिई ज्येष्ठता मात्र कायम गरिनेछ।

**१४. बढुवाको आधारः**

(१) बढुवा समितिले कर्मचारीलाई बढुवाको लागि सिफारिस गर्दा निजको कार्यक्षमताको आधारमा गर्नेछ।

(२) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछः-

(क) कार्यसम्पादन मूल्याङ्कन वापत पचास अङ्क

(ख) ज्येष्ठता वापत तीस अङ्क

(ग) शैक्षिक योग्यता वापत पन्ध्र अङ्क

(घ) तालिम वापत पाँच अङ्क

**१५. कार्य सम्पादनको मूल्यात्त्कनः**

(१) कर्मचारीको कार्य सम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम तीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम दश अङ्क

(३) वार्षिक रुपमा मूल्याङ्कन गर्नुपर्ने कार्यसम्पादन मूल्याङ्कन तोकिएको अवधिभित्र मूल्याङ्कन गरी, गराइ त्यसको दुई प्रति तयार गरी एक प्रति बढुवा समितिमा र अर्को एक प्रति कार्यालयमा राख्नु पर्नेछ।

(४) कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(५) प्रत्येक वर्ष गरिने वार्षिक कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकन समितिबाट भैसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन

मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको कार्यपालिकाले जानकारी दिनु पर्नेछ । तर पुनरावलोकन समितिले दिएको अङ्क जानकारी गराइने छैन ।

(६) उपदफा (५) बमोजिम जानकारी लिएपछि सुपरिवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र तोकिए बमोजिमको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ । त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरीउपर सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ ।

(७) वार्षिक रुपमा गरिने कार्यसम्पादन मूल्याङ्कन वापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले ९५ प्रतिशतभन्दा बढी वा ७५ प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ । ७५ प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराइ प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेस गर्नु पर्नेछ । कार्यसम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको सो मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्नेछ । त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(८) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ ।

तर,

(१) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन वापत त्यस्तो

अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कन भएमा सोही वर्षको र त्यस्तो कार्यसम्पादन मूल्याङ्कन नभएमा हाजिर भएपछि भरेको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारीको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरुका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क गणना गरिनेछ।

(९) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **ज्येष्ठताको मूल्याङ्कनः** कर्मचारीलाई ज्येष्ठता वापतको अङ्क प्रदान गर्दा हाल बहाल रहेको देहाय बमोजिमको तहमा काम गरे वापत देहायको दरले बढीमा तीस अङ्क प्रदान गरिनेछः-

(क) अधिकृत पदमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३.७५ को दरले,

(ख) सहायक पदमा काम गरे वापत प्रत्येक वर्षको अङ्क ३ को दरले,

तर -

(१) ज्येष्ठता वापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(२) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन।

१७. **शैक्षिक योग्यता र तालिमको मूल्याङ्कनः**

(१) कर्मचारीलाई शैक्षिक योग्यताको अङ्क दिँदा सेवाको कुनै पदमा सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र न्यूनतम शैक्षिक

योग्यताभन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधी वापत पन्ध्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछ। सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधी मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछः-

| सि. नं. | शैक्षिक योग्यता (उपाधी) | अङ्क | | |
|---|---|---|---|---|
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
| (क) | सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत | १२ | ११.७५ | ११.५ |
| (ख) | सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधी वापत | ३ | २.७५ | २.५ |

(२) श्रेणी नखुलेको शैक्षिक योग्यताको हकमा प्राप्ताङ्कको आधारमा शैक्षिक संस्थाले निर्धारण गरेको श्रेणी कायम गरिनेछ।

(३) सेवाकालीन तालिम वापत प्रथम श्रेणीको लागि ५ अङ्क, द्वितीय श्रेणीको लागि ४.७५ अङ्क र तृतीय श्रेणीको लागि ४.५० अङ्क प्रदान गरिनेछ।

(४) कर्मचारीलाई तालिमको अङ्क दिँदा एक महिना वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिम वापत अङ्क दिइनेछ। तालिमको अङ्क गणना गर्दा जुन श्रेणीमा छँदा तालिमको लागि मनोनयन भएको हो सो अङ्क सोही श्रेणीको लागि मात्र गणना गरिनेछ।

**स्पष्टीकरण**: “एक महिनाको तालिम” भन्नाले तीस कार्यदिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित तालिमलाई जनाउँछ।

(५) कर्मचारीले शैक्षिक योग्यता र सेवाकालिन तालिम वापत प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलीपि पेस गर्नु पर्नेछ। सो पेस नगरेमा त्यस वापत अङ्क दिइने छैन।

(६) कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ। बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ।

(७) यस दफाको अधीनमा रही कर्मचारीलाई तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

१८. **बढुवा सम्बन्धी विशेष व्यवस्थाः**

(१) यस ऐनका अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिसकेका सहायक स्तरका कर्मचारी अवकाश हुन चाहेमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि विशेष पद स्वतः सृजना हुनेछ र त्यस्ता कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा यस दफा बमोजिमको अवधि पूरा भएको कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एक पद माथिको पदको उपदान लगायतका अन्य सुविधा प्रदान गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा पन्ध्र वर्षसम्म एउटै पदमा बहाल रहेका सहायक स्तरका कर्मचारीले बढुवा भई अवकाश लिन चाहेमा त्यस्तो कर्मचारीलाई एक श्रेणी माथि बढुवा गरी अवकाश दिइनेछ।

**१९. बढुवा समितिको गठन :**

(१) सहायक स्तरबाट सहायक स्तर र सहायक स्तरबाट अधिकृत स्तरमा बढुवा हुनका लागि कम्तीमा १० वर्ष अनुभव भएको अधिकृत छैठौं वा नि.मा.शि. द्वितीय तहको पदबाट सेवा निवृत कर्मचारीको संयोजकत्वमा तथा अधिकृत स्तरबाट अधिकृत स्तरमा बढुवा हुनका लागि कम्तीमा १० वर्ष अनुभव भएको अधिकृत आठौं वा मा.शि.द्वितीय तहको पदबाट सेवा निवृत्त कर्मचारीको संयोजकत्वमा, गाउँ कार्यापालिकाको एकजन सदस्य तथा  गाउँपालिकाको अधिकृत स्तरको एक जना कर्मचारी सदस्य सचिव रहेको तीन सदस्यीय बढुवा समिति गाउँ कार्यपालिकाले गठन गर्नेछ।

(२) गाउँ कार्यपालिकाबाट गठन भएको बढुवा समितिलाई प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी प्रदान गर्नेछ।

(३) गाउँ कार्यपालिकाबाट गठन भएको बढुवा समितिको पदावधि १ वर्षको हुनेछ।

**२०. बढुवा समितिको काम, कर्तव्य र अधिकार:**

(१) खुम्बु पासाङल्हामु गाउँपालिकामा कार्यरत कर्मचारीहरुको बढुवाका लागि सूचना प्रकाशन गर्ने ।

(२) प्रकाशित सूचना बमोजिम दरखास्त सङ्कलन गर्ने र

(३) स्थानीय सेवा व्यवस्थापन ऐनको प्रावधान बमोजिम आवेदकहरुको दरखास्त मूल्याङ्कन गर्ने र योग्यता नपुगेका दरखास्तहरु रद्द गर्ने र

(४)योग्यता पूरा भएका उम्मेद्वारहरुको बढुवा प्रक्रिया पूरा गरी बढुवा भएको पदमा पदस्थापन गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र

(५) गाउँ कार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका कार्यहरु गर्ने ।

२१. **बढुवाको उजुरी**ः

(१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पैंतिस दिनभित्र समिति समक्ष उजुरी दिन सक्नेछ। यसरी उजुरी दिने कर्मचारीले आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधारहरु समेत खुलाउनु पर्नेछ। यसरी परेका उजुरीको हकमा उजुरीको म्याद नाघेको मितिले साठी दिनभित्र टुङ्गो लगाइनेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजुरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नु पर्ने भएमा समितिले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुठ्ठा ठहरिएमा उजुरीपछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको कुल प्राप्ताङ्कबाट पहिलो पटकको उजुरी भए दुई अङ्क र दोस्रोपटकको उजुरी भए तीन अङ्क काटिनेछ।

(४) बढुवाको उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४

## पदस्थापना

२२. **पदस्थापना** :

(१) लोकसेवा आयोगबाट माग भएको पदमा पदपूर्ति भई आएमा गाउँपालिकाले पदस्थापना गर्नेछ। पदस्थापना गर्दा कार्यविवरण समेत साथै उपलब्ध गराउनु पर्नेछ।

(२) बढुवा समितिबाट सिफारिस भई आएको मूल्याङ्कन सहितको विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिका समक्ष पेस हुनेछ।

(३) गाउँ कार्यपालिकाको निर्णयानुसार बढुवा सम्बन्धी व्यवस्थाको कार्यान्वयन गाउँपालिकाले गर्नेछ।

(४) गाउँपालिकाले बढुवा भएको कर्मचारीको पदस्थापना गर्दा पदनाम र कार्य विवरण समेत राखी पदस्थापना गर्नु पर्नेछ।

२३. **अभिलेख व्यवस्थापन :** बढुवा सम्बन्धी निर्णय तथा यसको अभिलेख कागजात गाउँपालिकाले राखी तालुक मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

## परिच्छेद–५

## काज र निमित्त सम्बन्धी व्यवस्था

२४. **काज :**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता र औचित्यताका आधारमा कुनै पनि कर्मचारीलाई काजमा खटाउन, बाँकी अवधि थप गर्न वा काज अवधि समाप्त हुनु अगावै फिर्ता बोलाउन सक्नेछ।

(२) गाउँपालिकाका लागि थप आर्थिक दायित्व पर्ने भएमा काजको अवधि सात दिन भन्दा बढी हुने छैन।

२५. **निमित्त :**

(१) गाउँपालिका, वडा कार्यालय वा विषयगत कार्यालयमा निमित्त सम्बन्धी व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ।

(२) दैनिक कार्यालय सञ्चालन गर्नु निमित्तको कार्य हुनेछ। आर्थिक दायित्व भुक्तानी, आर्थिक कारोबार निमित्तबाट सम्पादन हुने छैन।

## परिच्छेद–६

## आचरण

२६. **समय पालन र नियमितता:** कर्मचारीले कार्यापालिकाबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा अनुपस्थित हुनु हुँदैन।

२७. **अनुशासन र आज्ञापालन:**

(१) कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालन गर्नु पर्नेछ।

(२) कर्मचारीले कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आज्ञालाई शीघ्रताका साथ पूरा गर्नु पर्नेछ।

(३) कर्मचारीले आफूभन्दा माथिको कर्मचारी प्रति उचित आदर देखाउनु पर्नेछ र आफू मुनिका कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्नेछ।

(४) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन।

२८. **राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: कुनै पनि कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

२९. **राजनीतिमा भाग लिन नहुने**: कर्मचारीले राजनीतिमा भाग लिनु हुँदैन।

३०. **आलोचना गर्न नहुने**:

(१) गाउँ कार्यपालिका र नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार वा गाउँ कार्यपालिका र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन एवं व्यवस्थापिका संसद र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

३१. **गाउँ कार्यपालिकाको कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध**: कुनै पनि कर्मचारीले अख्तियार नपाई आफूले कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय, आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेस वा अन्य निकायलाई दिनु वा बताउनु

हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सेवामा नरहेको व्यक्तिको हकमा समेत लागु हुनेछ ।

३२. **दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः**

(१) गाउँ कार्यपालिका वा नेपाल सरकारको काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि कर्मचारीले कार्यपालिकाको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा गाउँ कार्यपालिका वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

(२) कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले समितिलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ ।

३३. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुनेः**

(१) कर्मचारीले कार्यपालिकाको पूर्वस्वीकृति नलिई देहायको काम गर्नु हुँदैनः–

(क) कुनै बैङ्क, परामर्श सेवा वा कम्पनीको स्थापना, रजिस्ट्रेसन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानुन बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले गाउँ कार्यपालिका वा नेपाल सरकारको नीतिको विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्य गर्न सक्नेछ ।

३४. **निर्वाचनमा भाग लिन नहुनेः** कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुँदैन। तर कसलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

३५. **प्रदर्शन र हडताल गर्न प्रतिबन्धः** कर्मचारीले नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा, गाउँ कार्यपालिकाको प्रतिष्ठा तथा अदालतको निर्णयको अवहेलना हुने कुरा र विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका व्यक्तिहरूबीच वैमनश्य उत्पन्न गराउने वा राजनीतिक वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन ।

३६. **हडताल, थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्धः** कर्मचारीले कुनै पनि अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

३७. **प्रतिनिधित्व गर्नमा प्रतिबन्धः** कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन । तर, कर्मचारीको यूनियनको तर्फबाट गरिने प्रतिनिधित्व र कर्मचारीको पदीय दायित्वको आधारमा गर्नुपर्ने कुनै कार्य गर्नमा यस दफाले बाधा पुर्‍याएको मानिने छैन ।

३८. **यातना दिन नहुनेः**

(१) कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन ।

(२) कर्मचारीले यौनजन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गर्न गराउन हुँदैन ।

३९. **अन्य आचरणः**

(१) कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबैप्रति शिष्ट व्यवहार गर्नु पर्नेछ ।

(२) कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्य सम्पादन गर्नु पर्नेछ ।

(३) कर्मचारीले कुनै पनि सरकारी सम्पत्ति घरायसी कार्यको लागि प्रयोग वा उपयोग गर्नु हुँदैन ।

(४) कर्मचारीले सरकारी राजस्वबाट तलब, भत्ता खाने गरी नियुक्त भएको कुनै पनि कर्मचारीलाई आफ्नो घरायसी काममा लगाउनु हुँदैन ।

४०. **आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नु पर्नेः**

(१) प्रत्येक कर्मचारीले आफ्नो सेवा वा पद अनुकूलको आचरण समेत पालन गर्नु पर्नेछ ।

(२) कुनै कर्मचारीले समय पालन नगरेमा, सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा कार्यालय सम्बन्धी काममा लापर्बाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नु पर्नेछ ।

## परिच्छेद–७

## सेवाको सुरक्षा

४१. **कर्मचारीको सेवाको सुरक्षाः** कुनै पनि कर्मचारीलाई देहायका अवस्थामा बाहेक सफाइको सबुद दिने मनासिब माफिकको मौका नदिई सेवाबाट हटाइने वा बर्खास्त गरिने छैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) म्यादी पदमा बहाल रहेको,

(ग) भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(घ) भ्रष्टाचारको आरोपमा अदालतबाट कसुरदार ठहरिएको ।

४२. **कर्मचारीको बचाउ**

(१) कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै कामको सम्बन्धमा निजउपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा प्रमुख प्रशासकीय अधिकृतको अनुमति प्राप्त भएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम भएको हुनु पर्नेछः-

(क) मुद्दा चलाउने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना प्रमुख प्रशासकीय अधीकृतलाई वा गाउँ कार्यपालिका सेवाको सम्बन्धित कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिस्ट्री गरी पठाएको र त्यसको एक प्रति नक्कल कार्यपालिकामा पेस भएको दुई महिना नाघेको,

(ख) मुद्दा चलाउने कारण भएको आठ महिनाभित्र मुद्दा दायर गरिसकेको।

(३) कुनै कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसके पछि पनि उपदफा (२) र (३) बमोजिम स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन स्वीकृति दिएमा निजको प्रतिरक्षा कार्यपालिकाले गर्नेछ।

४३. **सेवा सर्तको सुरक्षाः** कुनै पनि कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागु रहेको तलब, उपदान र अन्य सुविधा सम्बन्धी सेवाका सर्तहरुमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिर्वतन गरिने छैन। पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै कर्मचारीको उपर्युक्त सेवाका सर्तहरुमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागु हुने छैन।

## परिच्छेद–८

## सजाय र पुनरावेदन

४४. **सजायः** उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहाय बमोजिमको सामान्य वा विशेष सजाय गर्न सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा दुई तलबवृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(३) दुईदेखि पाँच तलबवृद्धि रोक्का गर्ने वा दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने ।

(ख) विशेष सजायः

(१) भविष्यमा स्थानीय सेवा र अन्य सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा स्थानीय र अन्य सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्ने ।

४५. **नसिहत दिने वा बढीमा दुई तलबवृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्नेः** देहायको कुनै अवस्थामा कर्मचारीलाई नसिहत दिने वा बढीमा दुई तलबवृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) प्रचलित कानुन बमोजिम बरबुझारथ नगरेमा,

(ग) दफा ७७ को उपदफा (२) बमोजिम एक वर्षमा दुई पटकसम्म लिखित चेतावनी पाएमा,

(घ) यो ऐन वा प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ङ) सेवाग्राहीको पीरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(च) कार्य विवरण लागु गर्ने गराउने दायित्व भएको पदाधिकारीले सो कार्य नगरेमा ।

४६. **दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलबवृद्धिसम्म रोक्का गर्ने:** देहायको कुनै अवस्थामा कर्मचारीलाई दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलबवृद्धिसम्म रोक्का गर्ने सजाय गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा उल्लिखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा,

(ग) प्रचलित कानुन बमोजिम पेस्की फछ्र्यौट नगरेमा,

(घ) पूर्वस्वीकृति नलिई बराबर कार्यालयमा अनुपस्थित रहेमा ।

४७. **सेवाबाट हटाउने वा बरखास्त गर्ने:**

(१) देहायका कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा स्थानीय र अन्य सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर लागु पदार्थ वा मादक पदार्थको सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारीको बराबर बेवास्ता गरेमा,

(छ) बिदा स्वीकृत नगराइ लगातार साठी दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(२) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा स्थानीय अन्य सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त गर्न सकिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेमा ।

४८. **विभागीय कारबाही र सजाय सम्बन्धी विशेष व्यवस्थाः**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराइ लगातार साठी दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन । हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई दफा ८२ बमोजिम विभागीय कारबाही हुनेछ र त्यसरी हाजिर गराएको कर्मचारीले खाएको तलब, भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

४९. **निलम्बन गर्नेः**

(१) कुनै कर्मचारीको सम्बन्धमा कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहोउञ्जेलसम्म त्यस्तो कर्मचारीलाई समितिले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा झुठ्ठा सबुद प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबूत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा गाउँ कार्यपालिका सेवाको कुनै काममा हानि नोक्सानी हुने सम्भावना देखिएमा ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई निलम्बन गर्दा साधारणतः दुई महिनाभन्दा बढी गर्नु हुँदैन । सो अवधिभित्रै कर्मचारीउपरको कारबाही

किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी सो अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भै निलम्बनको अवधि बढाउनु परेमा लोक सेवा आयोगको पूर्वस्वीकृति लिई एक महिनासम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको कर्मचारी त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा उपदफा (२) बमोजिमको अवधि पूरा भएमा वा सेवाबाट हटाइएमा वा बरखास्त गरिएमा निजको निलम्बन समाप्त हुनेछ।

५०. **सफाइ पेस गर्ने मौका दिनु पर्नेः**

(१) समितिले कुनै कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ। यसरी मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। त्यस्तोमा सम्बन्धित कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्नेछ र यसरी पेस हुन आएको सफाइलाई समितिले गम्भीरतापूर्वक मनन गर्नु पर्नेछ।

(२) विभागीय सजायको आदेश दिनु पूर्व समितिले आवश्यक ठानेमा स्वयं वा अन्य अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकृतले तोकिएको ऐनको पालन गर्नु पर्नेछ।

५१. **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्नेः** विशेष सजायको आदेश दिनुभन्दा पहिले  सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी त्यस सम्बन्धमा उचित म्याद दिई समितिले स्पष्टीकरण माग्नु पर्नेछ।

५२. **लोक सेवा आयोगको परामर्श लिनु पर्नेः** विभागीय सजायको कारबाहीको सिलसिलामा कर्मचारीले दफा ५० बमोजिम दिएको सफाइ वा दफा ८९ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

५३. **पुनरावेदनः**

(१) यस ऐन बमोजिम विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको विभागीय सजायको आदेशउपर चित्त नबुझ्ने कर्मचारीले निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) बमोजिम गठन भएको प्रशासकीय अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

(२) कुनै कर्मचारीले पाएको सजायको सम्बन्धमा पुनरावेदनको अन्तिम किनारा लागेपछि त्यसको परिणामस्वरुप निजको सेवा पुनः स्थापित भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महिनाभित्र निज उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन।

५४. **सङ्घीय संसद सेवामा पुनः कायम भएपछि पूरा तलब, भत्ता पाउनेः** कुनै कर्मचारीलाई सङ्घीय संसद सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश अदालतबाट रद्द भई निज सङ्घीय संसद सेवामा पुनः कायम भएमा त्यस्तो कर्मचारीले सङ्घीय संसद सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब, भत्ता, चाड पर्व खर्च र तलबवृद्धि पाउने भए सो समेत पाउनेछ।

## परिच्छेद–९

## विविध

५५. **कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था :** यस ऐनमा उल्लेख भए बाहेकका विषयहरुमा कार्यपालिकाको निर्णयानुसार हुनेछ।

५६. **बरबुझारथ गर्नु पर्नेः** कुनै पनि कर्मचारीले आफू जिम्मा रहेको नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्नेछ र बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

५७. **अधिकार प्रत्यायोजनः**

(१) यस ऐन बमोजिम समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अधिकृत स्तरको कर्मचारी वा अन्य कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख प्रशासकीय अधीकृतले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै अधिकृत वा कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

५८. **करार सम्बन्धी व्यवस्थाः**

(१) बढुवा समितिले विशेषज्ञ एवं अत्यावश्यक सेवाका लागि कुनै व्यक्तिलाई करारमा काममा लगाउन सक्नेछ।

(२) करारमा काममा लगाउन सक्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **समूह वा उपसमूह परिवर्तनः** स्थानीय सेवाको कुनै एक समूह वा उपसमूहको पदमा कार्यरत कर्मचारीले अर्को समूह वा उपसमूहको समान पदको मिल्दो पदमा परिवर्तन हुन चाही निवेदन दिएमा परिवर्तन हुन चाहेको पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सो पदभन्दा माथिल्लो पदमा बढुवा हुनको लागि चाहिने न्यूनतम सेवा अवधि पुगेको भएमा निजको समूह वा उपसमूह परिवर्तन गर्न सक्नेछ।

६०. **कर्मचारीको सजायको अभिलेख राख्नेः**

(१) कार्यालयले कर्मचारीको सजायको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएको अभिलेखलाई देहाय बमोजिमको अवधिभर विभागीय प्रमुखको जिम्मेवारी दिँदा, कार्यसम्पादन मूल्याङ्कन गर्दा, गाउँपालिका स्तरीय सेवा पुरस्कार वा विभूषण प्रदान गर्दा, अध्ययन

वा तालिममा मनोनयन गर्दा, स्तरवृद्धि गर्दा र अन्य कुनै किसिमको अवसर प्रदान गर्दा आधार लिनु पर्नेछः-

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभर,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा रोक्का भएको अवधिभर।

६१. **कर्मचारीहरुको पीरमर्का, गुनासो र सुनुवाइको व्यवस्थाः**

(१) कर्मचारीले यस ऐन तथा प्रचलित कानुन बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने अवस्थामा बाहेक यो ऐन बमोजिम प्रदान गरिएका सेवा, सर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने कुनै पनि विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा शाखा प्रमुखलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो समिति समक्ष तोकिए बमोजिम राख्न सक्नेछ।

(२) कर्मचारीहरुको पीरमर्का, गुनासो र सुनुवाइ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालनः**

(१) स्थानीय सेवाका बहालवाला कर्मचारी, अवकाशप्राप्त व्यक्ति र निजको परिवारको सदस्यको कल्याणको लागि तोकिए बमोजिमको कल्याणकारी कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापित कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

६३. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएजति कुराका हकमा यसै ऐन बमोजिम र अन्य व्यवस्थाका हकमा नेपाल सरकारले गरेको व्यवस्था अनुसार हुनेछ।

## अनुसूची–१ र २

## खुम्बु पासाङल्हामु गाउँपालिकाको सङ्गठन संरचना

दफा ३ र ४ सँग सम्बन्धित

खुम्बु पासाङल्हामु गाउँपालिकाको सङ्गठन संरचना र दरबन्दी विवरण

**अनुसुची-३**

**दफा ७ को उपदफा २ सँग सम्बन्धित**

खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय

चौरीखर्क, सोलुखुम्बु

**गाउँपालिका कर्मचारीहरुको बढुवा सम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०७८/०१/०२

स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ को दफा ८ र ९ बमोजिम यस खुम्बु पासाङल्हामू गाउँपालिकाका देहायका पदहरु स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ को दफा ८ र ९ बमोजिम कार्य क्षमताको आधारमा र जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवा गर्नु पर्ने भएकाले बढुवा हुनका लागि योग्यता पुगेका उम्मेदवारहरुलाई निर्धारित ढाँचाको दरखास्त फारममा उल्लेखित विवरण खुलाई स्थायी नियुक्ति पत्र तथा शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलीपि संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेस गर्नहुन यो सूचना प्रकाशित गरिएको छ।

**कार्य क्षमताको आधारमा बढुवाको सूचना**

| क्र.सं. | सूचना नं. | पद | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १/०७७/०७८ | लेखा अधिकृत | १ | |
| २ | २/०७७/०७८ | लेखापाल | १ | |

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने बढुवाको सूचना**

| क्र.सं. | सूचना नं. | पद | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ३/०७७/०७८ | सव-इञ्जिनियर | १ | |

दरखास्त फारम गाउँपालिकाबाट प्राप्त गर्न सकिने छ । सम्बन्धित उम्मेदवारले १ प्रति दरखास्त फारम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मिति भित्र गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

**उम्मेदवारले दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरु।**

(क) स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ को दफा ११ उपदफा २ र ३ बमोजिम बढुवाका लागि उम्मेदवार हुन अधिकृत स्तर भए कम्तीमा ८ वर्ष र सहायक स्तर भए कम्तीमा ७ वर्ष हाल कार्यरत तहमा सेवा अवधि पुगेको साथै स्थानीय सेवा व्यवस्थापन ऐन, २०७७ को दफा १२ बमोजिम अन्य अयोग्य नभएको हुनु पर्नेछ।

(ख) उम्मेदवारले ऐनको अनुसूची-५ मा उल्लेखित शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(ग) दरखास्त दस्तुर सहायक स्तरको हकमा रु. ५००।- र अधिकृत स्तरको हकमा रु. १०००।- गाउँपालिकाको राजस्व खातामा जम्मा गरी सोको नगदी रसिद दरखास्त साथ पेस गर्नु पर्नेछ।

**अनुसूची–४**

**दफा ७ को उपदफा २ सँग सम्बन्धित**

बढुवा समिति

खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौरीखर्क, सोलुखुम्बु

दरखास्त फाराम

| | | |
|---|---|---|
| कार्यालय प्रयोजनका लागि | दरखास्त दर्ता नं. | रोल नं. |
| | दर्ता मितिः | |
| | विज्ञापन नं. | |

**भाग (क) विज्ञापनमा उल्लेखित पूर्ण विवरण सहित स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस्।**

| | |
|---|---|
| १) विज्ञापन नं.ः | २) कार्यरत पदः |
| ३) कार्यरत सेवाः | ४) कार्यरत समूहः |
| ५) कार्यरत उपसमूहः | ६) कार्यरत तहः |
| ७) परीक्षा केन्द्रः | ८) स्थायी सेवा प्रवेश गरेको मितिः |
| ९) हाल कार्यरत तहमा नियुक्ति प्राप्त मिति | १०) बढुवाका लागि आवेदन गरेको मितिः |

**भाग (ख) आफ्नो सम्पूर्ण वैयक्तिक विवरण स्पष्ट बुझिने अक्षरमा लेख्नुहोस्।**

| | | | |
|---|---|---|---|
| १) उमेद्वारको पूरा नाम, थर | देवानगरीमाः<br>अङ्ग्रेजी ठूलो अक्षरमा | | |
| २) स्थायी ठेगाना | जिल्लाः | न.पा./गा.पा. | वडा नं. |
| | टोलः | हुलाकः | फोन नं. |
| पत्राचार गर्ने ठेगानाः | | | |

| | | |
|---|---|---|
| उमेदवारको | बाबुको नाम, थर | नागरिकताः |
| | बाजेको नाम, थर | नागरिकताः |
| विवाहित महिलाको हकमा | पतिको नाम, थर | नागरिकताः |
| उम्मेदवारको | जन्म मिति | नागरिकता |
| | वि.सं. | |
| | इस्वी सं. | |
| | लिंग | धर्म |
| | वर्ण | मातृभाषा |
| | हुलिया | |

**भाग (ग) शैक्षिक योग्यता र तालिम**

| क्र. सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तिर्ण गरेकोपरीक्षा/ तालिम | परीक्षा/ तालिम उत्तिर्ण गरेको मिति | तह | परीक्षा लिने संस्था | कुल प्राप्तांक /प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

............................ को छोरा/छोरी ............................... बस्ने श्री .............. ...................... पदमा रही निम्न बमोजिमको अवधिसम्म काम गरेको प्रमाणित गर्दछु ।

| कार्यालय | पद | सेवा, समूह र उपसमूह | तह वा तह | स्थायी, अस्थायी वा करार | कुन मितिदेखि | कुन मितिसम्म | हाल अस्थायी भए कुन मितिसम्म बहाल रहने हो | सो पदमा रहेर गर्नु पर्ने कार्यको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उपर्युक्त विवरण ठीक छ भनी प्रमाणित गर्ने कार्यालय प्रमुखको

नामः दर्जाः

दस्तखतः कार्यालयः

मितिः कार्यालयको छापः

उमेदवारको दस्तखत र मितिः

दरखास्त साथ निम्न लिखित कागजातहरु अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ।

क) उमेर खुलेको प्रमाणको प्रतिलीपि

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलीपि

ग) विज्ञापन भएको पदको लागि तोकिएकव न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलीपि, तालिम र अनुभव समेत आवश्यक पर्ने भएमा सो को प्रतिलीपि संलग्न राख्नु पर्दछ।

घ) कुनै उमेदवारको आफ्नो शैक्षिक योग्यताको स्तर र तह निर्धारित भई नसकेको भए दरखास्त दिनु अगावै मान्यता गराइसकेको हुनु पर्दछ। दरखास्त दिनु अगावै स्तर निर्धारण नभएको योग्यतालाई मान्यता दिइने छैन।

मैले यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन् । मेरो सम्बन्धमा असर पर्न सक्ने कुरा लुकाएको छैन र उम्मेदवारलाई दिइएको निर्देशन मैले राम्ररी पढेको छु र सर्तहरु पालना गर्न मन्जुर गर्दछु ।

| **औंठा छाप** | |
|---|---|
| **दायाँ** | **बायाँ** |
| | |

......................

उम्मेदवारको सही

| | | | |
|---|---|---|---|
| १) रोल नं.: | २) बैङ्कः | ३) भौचर नं.: | ४) दाखिला रकमः |
| ५) प्रमाणित प्रतिलीपिको संलग्न प्रतिः | | ६) दरखास्त बुझ्ने हस्ताक्षर र मितिः | |
| ७) दरखास्त स्वीकृत गर्ने अधिकारीको दस्तखतः | | | मितिः |

बढुवा समितिले भर्ने

## अनुसूची–५

**दफा ९ को दफा ४ सँग सम्बन्धित**

बढुवा समिति

खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौरीखर्क, सोलुखुम्बु

**बढुवाका लागि आवश्यक शैक्षिक योग्यताको विवरण**

| क्र.सं. | बढुवा हुने पद | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | सहायक स्तर चौथोबाट सहायक स्तर पाचौं | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ वा सो सरह उत्तिर्ण गरी न्यूनतम ३० कार्य दिने सेवाकालीन तालिम उत्तिर्ण गरेको वा कम्तीमा १२ वर्ष स्थायी सेवा अवधि पुर्‍याएको |
| २. | सहायक स्तर पाँचौंबाट अधिकृत स्तर छैठौं | प्रशासनिक पदको अकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक र प्राविधिक पदको हकमा प्राविधिक डिप्लोमा उत्तिर्ण गरी अन्य कुनै विषयमा स्नातक उत्तिर्ण गरी न्यूनतम ३० कार्य दिने सेवाकालीन तालिम उत्तिर्ण गरेको वा कम्तीमा १३ वर्ष स्थायी सेवा अवधि पुर्‍याएको |
| ३. | अधिकृत स्तर छैठौंबाट अधिकृत स्तर सातौं | प्रशासनिक पदको अकमा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक र प्राविधिक पदको हकमा प्राविधिक डिप्लोमा उत्तिर्ण गरी अन्य कुनै विषयमा स्नातक उत्तिर्ण गरी न्यूनतम ३० कार्य दिने सेवाकालीन तालिम उत्तिर्ण गरेको |

# खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९

# खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९

*प्रमाणीकरण मितिः २०७९/०४/१५*

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची-८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाइ प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको एघाह्रौं अधिवेशनले यो ऐन पारित गरी लागु गरेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ।

२. **परिभाषा**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७९ सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्दछ।

(घ) “सभा” भन्नाले संविधानको धारा (२२२) बमोजिमको गाउँ सभालाई सम्झनु पर्दछ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनु पर्दछ।

३. **नियम बनाउने अधिकारः**

(१) नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त खुम्बु पासाङल्हामु गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा सङ्घीय तथा प्रदेश कानुन बमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा बनाइनेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः**

(१) नेपालको संविधान २०७२, तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ अन्तर्गत बनेको नियमावलीको अधीनमा रही खुम्बु पासाङल्हामु गाउँ कार्यपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागु गर्न सक्नेछ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७९

# खुम्बु पासाङल्हामु गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७९

*प्रमाणीकरण मितिः २०७९/०४/१५*

**प्रस्तावना** : स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दिगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले, नेपालको संविधान, २०७२ को धारा २२१ (२) बमोजिम अनुसूची-८ र अनुसूची-९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको एघाह्रौं अधिवेशनले यो ऐन पारित गरी लागु गरेको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७९” रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायु सुहाउँदो अनुकूल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(२) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस, अन्य कुनै ग्याँस, धुलो, ध्वनि र धुवाँसमेत निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(३) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(४) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्छ।

(५) "गाउँ सभा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

(६) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(७) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(९) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको स्थललाई सम्झनु पर्छ। सो शब्दले कुनै निश्चित प्रयोजन नतोकिएको खुल्ला क्षेत्र समेतलाई जनाउँछ।

(१०) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तनलाई सम्झनु पर्छ।

(११) “जोखिमपूर्ण फोहोर” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विस्फोटक, ज्वलनशील, चिरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका फोहोर वा विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ वा रेडियो विकीरणलाई सम्झनु पर्छ।

(१२) “जैविक विविधता” भन्नाले पारिस्थितिक प्रणाली (Eco System) को विविधता, प्रजातीय विविधता (Ethnic Diversity) तथा आनुवंशिक विविधता (Genetic Diversity) लाई सम्झनु पर्छ।

(१३) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली र कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(१४) “निष्कासन” भन्नाले ध्वनि, ताप वा फोहोरमैला फाल्ने, थुपार्ने, वा निष्कासन गर्ने कार्यलाई सम्झनु पर्छ।

(१५) “परिषद्” भन्नाले यस ऐन बमोजिम गठन हुने स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्लाई सम्झनु पर्छ।

(१६) “प्रदूषण” भन्नाले फोहोरमैला, रसायन, ताप, ध्वनि, दृश्य, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकीरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलापलाई सम्झनु पर्छ।

(१७) “प्रस्ताव” भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको गाउँपालिका वा स्थानीय कानुन बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भूउपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको दस्तावेजलाई सम्झनु पर्छ।

(१८) “प्रस्तावक” भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्थालाई सम्झनु पर्छ।

(१९) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला, शौचालयजन्य फोहोरमैला, सङ्क्रमणजन्य फोहोरमैला समेतलाई सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट अन्य विज्ञापन सामग्री तथा कार्यपालिकाले समयसमयमा निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी फोहोरमैला भनी तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ।

(२०) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्रलाई सम्झनु पर्छ।

(२१) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ।

(क) काठ, दाउरा, गोल, खर, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला- पिपली,

(ख) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जंगली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जंगली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(ग) चट्टान, माटो, चुनढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(घ) वन्यजन्तु, पशुपन्छी वा वन्यजन्तुको ओखेटोपहार।

(२२) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुबीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई सम्झनु पर्छ।

(२३) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) लाई सम्झनु पर्छ ।

(२४) “सम्पदा” भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पूरातात्त्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति तथा जीवजन्तुलाई सम्झनु पर्छ ।

(२५) “सिमसार” भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा बगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp), दलदले जमिन (Marsh), नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake), पोखरी (Pond), जलभण्डार क्षेत्र (Water Qmorage Areas) र यस्तै प्रकृतिका कृषि जमीन (Agriculture Land) समेतलाई सम्झनु पर्छ ।

(२६) “संरक्षण” भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, संवर्द्धन, व्यवस्थापन तथा बुद्धिमतापूर्ण उपयोगलाई सम्झनु पर्छ ।

(२७) “शाखा” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गतको वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने शाखालाई सम्झनु पर्छ ।

(२८) “विषयगत समिति” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत गठित विभिन्न विषयसँग सम्बन्धित विषयगत समितिलाई सम्झनु पर्छ ।

(२९) “निकुञ्ज” भन्नाले सगरमाथा राष्ट्रिय निकुञ्जलाई सम्झनु पर्छ ।

(३०) “प्रमुख संरक्षण अधिकृत” भन्नाले सगरमाथा राष्ट्रिय निकुञ्जको कार्यालय प्रमुखलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३. **वातावरण संरक्षण गर्नुपर्ने :**

(१) निकुञ्ज र मध्यवर्ती क्षेत्रसँग समन्वय र सहकार्य गरी गाउँपालिका क्षेत्रभित्र वातावरण संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) वातावरण संरक्षण, संवर्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु प्रत्येक गाउँपालिकाबासीको कर्तव्य हुने छ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने :**

(१) प्रचलित भूउपयोग नीति समेतलाई मध्यनजर गरी गाउँपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया सुरु हुनु अगाडि नै सङ्घ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्र र उद्यानको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्याधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्याधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ।

(४) उपदफा (१),(२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र, उद्यान र संवेदनशील क्षेत्रको व्यवस्थापन कार्यपालिकाबाट तोकिएबमोजिम हुने छ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार सङ्घ र प्रदेशसँग समन्वय गर्नेछ।

५. **सम्पदाको संरक्षण गर्नुपर्ने** :

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु गाउँपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी निकाय तथा स्थानीय समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

६. **प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने** :

(१) प्रचलित कानुन तथा मापदण्डबमोजिम प्रस्तावकले प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ।

(२) प्रस्तावकले गाउँपालिकाको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजनासम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारणसहित सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृति सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने सर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेशबमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन गाउँपालिका र प्रचलित कानुनले तोकेको निकाय समक्ष पेस गर्नु पर्नेछ।

(८) यस ऐनबमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट कार्यसूची स्वीकृत गर्नु पर्नेछ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावक गाउँपालिका आफैं भएको अवस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानुनबमोजिम स्वीकृत हुनेछ।

७. **मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने** : प्रस्तावकले यस ऐनबमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिएबमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।

८. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने** :

(१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिएबमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायमध्ये कुन कुन उपाय आयोजना निर्माणको क्रममा र कुन कुन उपाय आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सोको समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना बनाइ सोबमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

९. **प्रस्ताव स्वीकृत नगराइ कार्यान्वयन गर्न नहुने** : यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोकेबमोजिम प्रस्ताव स्वीकृत नगराइ कार्यान्वयन गर्न गराउनु हुँदैन ।

१०. **प्रस्तावसम्बन्धी अन्य व्यवस्था** :

(१) वातावरणीय प्रभाव मूल्याङ्कन हुने प्रस्ताव सम्बन्धी कार्यविधि प्रचलित सङ्घीय तथा प्रदेश कानुनबमोजिम हुनेछ ।

(२) सङ्घीय तथा प्रदेश कानुनबमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा सम्बन्धित सङ्घीय तथा प्रदेश सम्बद्ध निकायसँग समन्वय गर्ने जिम्मेवारी शाखाको हुनेछ ।

११. **रोक लगाउन सक्ने** :

(१) कसैले पनि यस ऐन र प्रचलित कानुनले तोकेबमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भएभन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा सङ्घीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सोवापत कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी गर्न पाउने छैन ।

१२. **अनुकूलन योजना बनाउन सक्ने** :

(१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाइ कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्डबमोजिम प्राथमिकीकरण गर्नु पर्नेछ।

१३. **हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्य गर्न सक्ने :**

(१) गाउँपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

१४. **प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने :**

(१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जनस्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल, रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनि, दृश्य, ताप, रेडियोधर्मी विकीरण, तरङ्ग वा फोहोरमैला वा दुषित पानी निष्कासन गर्न गराउन हुँदैन।

(३) तोकिएको मापदण्ड विपरीत नदी, पोखरी, तलाउ वा कुनै पनि किसिमको सतही तथा भूमिगत पानीको स्रोतलाई प्रदुषित गरी जलचर, प्राणी तथा वनस्पतिलाई प्रतिकूल असर पुग्ने कार्य गर्नु गराउनु हुँदैन।

(४) तोकिएको मापदण्ड विपरीत वायु प्रदूषण हुने गरी धुँवा, धुलो, ग्याँस आदि उत्सर्जन गर्न गराउन हुँदैन।

(५) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा गाउँपालिकाले तत्सम्बन्धमा आवश्यक सर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(६) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र सङ्घीय सरकारलाई सोको जानकारी गराइ गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्री वितरण, भण्डारणमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारबाहीका लागि सिफारिस गर्नेछ।

(७) प्रदूषणको रोकथाम, नियन्त्रण तथा न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१५. **प्रयोगशाला स्थापना गर्न सक्ने** :

(१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन गाउँपालिकाले सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशाला स्थापना गर्न वा सङ्घ र प्रदेशले स्थापना गरेको वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको मापदण्ड तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१६. **नमूना सङ्कलन गर्न दिनुपर्ने** : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्कासन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, धुँवा, धुलो, ताप तथा फोहोरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले गाउँपालिकाबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना सङ्कलन गर्न दिनु पर्नेछ।

१७. **वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने** : गाउँपालिकाभित्र प्रदूषण न्यूनिकरण गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्बन्धी प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट वन विज्ञान वा वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तीमा

स्नातकतह उत्तीर्ण गरेको व्यक्तिलाई प्रचलित कानुनबमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पूरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ। वातावरण निरीक्षकको नियुक्ति नभएसम्मका लागि वातावरण इन्जिनियरलाई वातावरण निरीक्षकको समेत जिम्मेवारी तोक्न सक्नेछ।

१८. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार :**

(१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली र कार्यविधि तथा प्रचलित सङ्घीय र प्रदेश कानुन तथा मापदण्डबमोजिम प्रदूषण न्यूनिकरण गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली र कार्यविधि तथा प्रचलित कानुन र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्कासन सम्बन्धी नकारात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्तबमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकृत समक्ष पेस गर्ने,

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराइ आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

## परिच्छेद–३

## फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

१९. **फोहोरमैलाको प्रबन्ध गर्ने** :

(१) फोहोरमैलाको व्यवस्थापन गर्न सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र, ल्याण्डफिल साइट, प्रशोधन केन्द्र, बायोग्यााँस उत्पादन, जैविक मल उत्पादन लगायत फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) फोहोरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन केन्द्रमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको फोहोरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(३) यस दफाको प्रयोजनको लागि फोहोरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन केन्द्रमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहोरमैला मानिने छ।

२०. **फोहोरमैला व्यवस्थापन गर्ने दायित्वः**

(१) गाउँपालिकाभित्रको फोहोरमैला व्यवस्थापन गर्ने/गराउने दायित्व गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जोखिमपूर्ण फोहोरमैला, हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरी दिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाले निर्धारण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरेबमोजिम सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरी दिन वा फोहोरमैला व्यवस्थापनस्थल प्रयोग गर्न दिन सक्नेछ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाइसम्बन्धी नियम तथा कार्यविधि बनाइ लागु गर्नेछ।

(५) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ।

(६) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा गाउँपालिकाले उक्त निकायलाई समयमा नै सचेत गराइ प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नेछ।

२१. **फोहोरमैला उत्पादन कम गर्ने** :

(१) गाउँपालिकाभित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहोरमैला यथाशक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विर्सजन गरी वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निष्कासन गरी

फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुने छ।

**स्पष्टीकरण** "आफ्नो क्षेत्र" भन्नाले गाउँपालिकाभित्रको निजी घर कम्पाउण्ड, विद्यालय, गुम्बा, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनुपर्छ।

२२. **फोहोरमैला पृथकीकरण** :

(१) गाउँपालिकाले फोहोरमैलालाई तोकिएबमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिदिएबमोजिम फोहोरमैला स्रोतमै छुट्याई सङ्कलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ।

२३. **फोहोरमैलाको निष्कासन** :

(१) फोहोरमैला निष्कासनको समय, स्थान र तरिका गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

(२) हानिकारक फोहोरमैला वा रासायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैला तोकिएबमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको फोहोरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्कासन गर्न पाइने छैन।

२४. **फोहोरमैला व्यवस्थापन केन्द्र** :

(१) गाउँपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा सङ्कलन गर्न प्रत्येक टोल वा बस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन केन्द्र तोक्दा यथाशक्य टोल वा बस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सङ्कलन केन्द्रमा फोहोरमैला निष्कासन र सङ्कलन गर्ने समय र तरिका गाउँपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

२५. **जोखिमपूर्ण फोहोरको व्यवस्थापन** :

(१) कुनै जोखिमपूर्ण फोहोरको सङ्कलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहोरको व्यवस्थापन गर्दा उत्पादक वा सञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ।

(३) जोखिमपूर्ण फोहोर व्यवस्थापनसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ।

२६. **फोहोरमैलाको न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग** :

(१) गाउँपालिकाले फोहोरमैला न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यविधि र निर्देशिका बनाइ लागु गर्न सक्नेछ।

(२) औद्योगिक उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनःप्रयोग गरी फोहोरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग गाउँपालिकाले समन्वय गर्न सक्नेछ।

२७. **अनुमति सम्बन्धी व्यवस्था** :

(१) यस ऐनबमोजिम गाउँपालिकाको अनुमति नलिई कसैले पनि फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन।

(२) फोहोरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहोरमैला व्यवस्थापनसम्बन्धी योजना,

(ख) फोहोरमैला व्यवस्थापनसम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिएबमोजिमको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदनउपर गाउँपालिकाले आवश्यक जाँचबुझ गरी अनुमति दिन सक्नेछ।

(४) फोहोरमैलाको व्यवस्थापन, पुनःचक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने सर्तमा नेपाल सरकारको स्वीकृति लिई गाउँपालिकाले उपदफा (३) बमोजिम अनुमति दिन सक्नेछ।

(५) माथि जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गरिरहेका गैरसरकारी सङ्घ संस्थालाई गाउँपालिकाले अधिकतम एक वर्षको लागि उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरी फोहोर मैला व्यवस्थापन सम्बन्धी जिम्मेवारी तोक्न सक्नेछ।

(६) अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२८. **फोहोरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता** :

(१) गाउँपालिकाले आवश्यकता अनुसार यस ऐनबमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिएबमोजिम प्रतिस्पर्धा गराइ आफ्नो क्षेत्रको फोहोरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी सङ्घ संस्थाको हकमा देहायको कुनै काम गराउन सकिने छ :–

(क) फोहोरमैलाको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहोरमैला सङ्कलन,

(ग) फोहोरमैला ढुवानी,

(घ) फोहोरमैलाको प्रयोग, पुनःप्रयोग, पुनःचक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहोरमैला विसर्जन,

(च) बन्दपश्चात् व्यवस्थापन।

२९. **प्रतिस्पर्धा गराइ फोहोरमैला व्यवस्थापनको जिम्मा दिने :**

(१) गाउँपालिकाले यस ऐनबमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराइ व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः–

(क) गाउँपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहोरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्रांगारिक मल उत्पादन गर्ने क्षमता, पुँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहोरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहोरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए गाउँपालिकालाई बुझाउन मन्जुर गरिएको रोयल्टी।

(३) बोलपत्रसम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम फोहोरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले गाउँपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ।

(५) फोहोरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिएबमोजिम हुनेछ।

३०. **फोहोरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :**

(१) निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानुनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि गाउँपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन गाउँपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति गाउँपालिकाले रद्द गर्न सक्नेछ ।

३१. **सार्वजनिक निजी साझेदारीमा फोहोरमैला व्यवस्थापन गर्न सकिने :**

(१) गाउँपालिकाले प्रचलित कानुनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी सङ्घ, संस्थासँगको साझेदारीमा फोहोरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी सङ्घ, संस्थासँगको साझेदारीमा फोहोरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहोरमैला सङ्कलन, ढुवानी, फोहोरमैला विर्सजन व्यवस्थापन स्थलको बन्दपश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

३२. **सेवा शुल्क उठाउन सक्ने :**

(१) गाउँपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिएबमोजिमका अन्य कुराहरुको आधारमा गाउँपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिका आफैँले वा निजले तोकेको संस्था वा निकायमार्फत् समेत उठाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २७ बमोजिम फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले गाउँपालिकासँग भएको सम्झौताको आधारमा फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ। तर तोकिएबमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिएबमोजिम छुट दिइनेछ।

(५) यस दफाबमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहोरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ।

## परिच्छेद–४

## जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

३३. **जैविक विविधताको संरक्षण गर्नुपर्ने** :

(१) आफ्नो क्षेत्रभित्रको जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा सङ्घीय तथा प्रदेशको कानुन तथा मापदण्ड प्रतिकूल नहुने गरी देहायबमोजिम गर्नु पर्नेछः-

(क) कृषिजन्य जैविक विविधता संरक्षणः–

(१) विकासका कार्यक्रमहरु सञ्चालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ. र एल.एम.ओ. (GMO-Geneticllay Modified Organism and LMO-Living Modified Organism) तथा त्यसका उत्पादनलाई आवश्यकताअनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरुसम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्धन गर्ने।

(५) रैथाने प्रजातिको संरक्षण गर्ने।

(ख) सिमसार संरक्षण :–

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्रअन्तर्गतका सिमसारको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने,

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने,

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने,

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय बासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, जंगली जनावर तथा अन्य जलआश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयबासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापनमा देखापर्ने समस्याहरुको पहिचान गरी स्थानीयस्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहभागिताका आधारमा व्यवस्थापन कार्ययोजना बनाइ लागु गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै सङ्घ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११)सिमसार क्षेत्रको संरक्षण र प्रवर्धन गर्ने,

(३) जैविक विविधता संरक्षण तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र मापदण्डबमोजिम हुने छ।

३४. **जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने** :

(१) गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाइ राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३५. **स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, कला, अभ्यास आदिको संरक्षण गर्नुपर्ने** :

(१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदायभित्रका व्यक्ति वा समूहमा रहेको परम्परागत, ज्ञान, सीप, कला, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढंले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ।

३६. **खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था** :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानुन प्रतिकूल नहुने गरी गाउँपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्धनमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३७. **जलाधार संरक्षण गर्नुपर्ने** :

(१) गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारको सरंक्षण गर्नु गाउँपालिका, गाउँपालिकाबासी र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) गाउँपालिकाले सङ्घीय र प्रदेशको कानुन तथा मापदण्डको अधीनमा रही कार्यविधि बनाइ गाउँपालिकाभित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

## परिच्छेद–५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापनसम्बन्धी व्यवस्था

३८. **वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्धन गर्नुपर्ने :**

(१) आफ्नो क्षेत्राधिकारभित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्धन गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्धनमा सहयोग गर्नु गाउँपालिकाबासीको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्धन गर्ने सम्बन्धमा गाउँपालिकाले सङ्घीय र प्रदेश कानुनको प्रतिकूल नहुने गरी देहायबमोजिमका कार्य गर्नुपर्नेछ :–

(क) सङ्घ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितामा आफ्नो सीमाभित्रका समुदायिक वन, मध्यवर्ती वन, निजी वन, कृषि वन, धार्मिक वन, कबुलियती वन तथा वनमा आधारित उद्योग सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्धन गर्न सङ्घ, प्रदेशसँगको समन्वयमा स्थानीयस्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र सञ्चालन गर्ने,

(छ) वन पैदावार सङ्कलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्ने,

(झ) सङ्घ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्धन गर्न योगदान पुऱ्याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम सञ्चालन गर्ने,

(ट) गाउँपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) सङ्घ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आयआर्जन तथा पर्यटनका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने,

(ढ) गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्ने,

(ण) सामुदायिक भूसंरक्षण र सोमा आधारित आयआर्जन कार्यक्रमहरु सञ्चालन गर्ने,

(त) सङ्घ तथा प्रदेशको मापदण्डको अधीनमा रही गाउँपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ठ वनपैदावर सम्बन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन प्रवर्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने,

३९. **निजी वन दर्ता तथा व्यवस्थापन :**

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि निकुञ्ज, डिभिजन वन कार्यालय वा सबडिभिजन वन कार्यालयको सिफारिससहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा आवश्यक जाँचबुझ गरी गाउँपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) व्यावसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको सङ्कलन तथा ओसारपसार गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) निजी वन विकासमा गाउँपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ। स्थानीय प्रजातिका सहरी वनका लागि उपयुक्त बोटविरुवा रोप्न प्राथमिकता दिनु पर्नेछ।

४०. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था :**

(१) गाउँपालिकाले प्रचलित नेपाल कानुन तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गा, पाखा वा खाली क्षेत्रमा वन विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा विक्री वितरण गर्न सक्नेछ।

(२) गाउँपालिकाले सडक, कूलो, नदी किनार र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कूलाको मुहान, धार्मिकस्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानुनको अधीनमा रही हटाउन सक्नेछ।

४१. **सहरी वनको विकास र व्यवस्थापन :**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै सङ्घ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार गाउँपालिकाले तोकेबमोजिम प्रयोग गर्न सक्नेछ।

४२. **वन क्षेत्रको प्रयोग** : गाउँपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नुबाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानुनबमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि सङ्घीय सरकारसमक्ष अनुरोध गर्न सक्नेछ।

४३. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन** :

(१) सङ्घीय तथा प्रदेश कानुन प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी गाउँपालिका क्षेत्रभित्र जोकोहीले पनि गाउँपालिकाको अनुमति लिई रैथाने प्रजातिका नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा सङ्घीय तथा प्रदेश मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाइ लागु गर्नेछ।

(३) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तीमा वर्षको एक पटक तोकिएबमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नेछ।

४४. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्धन** :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र रहने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानुनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्न सक्नेछ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**४५. नदी किनार, नदी उकास, नहर किनार र सडक किनारमा वृक्षारोपण** :

(१) गाउँपालिकाभित्रको नदी किनार, नदी उकास, नहर किनार र सडक किनारमा गाउँपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सकिनेछ।

(२) गाउँपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाइ लागु गर्न सक्नेछ।

## परिच्छेद–६

## संस्थागत व्यवस्था

**४६. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन** :

(१) गाउँपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षणका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्ः–

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विनियोजित रकम,

(ख) सङ्घ र प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ग) विभिन्न सङ्घ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ।

**४७. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् गठन गर्न सक्ने** :

(१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्ने, नीति योजना निर्माण गर्ने, विभिन्न निकायबीच समन्वय गर्ने तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरीक्षण गर्न गाउँपालिकामा वातावरणसम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन् :–

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सगरमाथा राष्ट्रिय निकुञ्जको प्रमुख संरक्षण अधिकृत वा निजको काम गर्न तोकिएको कर्मचारी – सदस्य

(ङ) सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष – सदस्य

(च) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक – सदस्य

(छ) गाउँपालिका क्षेत्रमा रहेका नेपाली सेना र नेपाल प्रहरी कार्यालयका प्रमुख वा प्रमुखले तोकेको प्रतिनिधि दुई जना – सदस्य

(ज) तेञ्जिङ हिलारी विमानस्थल नागरिक उड्ययन प्राधिकरण कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना – सदस्य

(झ) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरुमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले मनोनयन गरेको दुई जना – सदस्य

(ञ) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण र प्रदूषण नियन्त्रण क्षेत्रमा काम गरेका विज्ञ एक जना महिला सहित तीनजना – सदस्य

(ट) स्थानीय बासिन्दाहरूमध्ये वनस्पति क्षेत्रमा अनुभव हासिल गरेका एक जना महिलासहित गाउँपालिकाले तोकेका दुई जना – सदस्य

(ठ) खुम्बु क्षेत्र इको क्लव सञ्जाल समितिका संरक्षक, संयोजक र अध्यक्ष मध्ये कम्तीमा एक जना विद्यार्थी प्रतिनिधि पर्ने गरी दुई जना – सदस्य

(ड) पासाङल्हामु महिला समितिका अध्यक्ष – सदस्य

(ढ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख – सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिएबमोजिम हुनेछ।

(४) दफा (४७) बमोजिम गठित परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ। तर अध्यक्षले परीषदको बैठक बस्ने आवश्यक देखेमा जुनसुकै बखत बस्न सक्नेछ।

४८. **समिति गठन गर्न सक्ने** :

(१) गाउँपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेका विभिन्न समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकिदिएबमोजिम हुनेछ।

४९. **अनुगमन तथा मूल्यात्तन** :

(१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्याङ्कन दफा ४७ बमोजिम स्थापित परिषद् वा परिषद्ले तोकेको निरीक्षण समितिले गर्नेछ।

(२) अनुगमन तथा मूल्याङ्कनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५०. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने** :

(१) गाउँपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) गाउँपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्धन, दिगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद–७

## कसुर, जरिबाना तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था

५१. **कसुर** : कसैले देहायको कुनै काम गरेमा यस ऐनबमोजिम कसुर गरेको मानिने छः-

(क) गाउँपालिकाले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने,

(ख) कण्टेनर वा फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहोरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐनबमोजिम अनुमति नलिई फोहोरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित सर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहोरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहोरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला बाटो, सडक, खोला, नदी, पोखरी वा अन्य पानीको स्रोत वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहोरबाट निस्केको दूषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर, जग्गा, बाटो, खोला, नदी, पोखरी वा अन्य पानीको स्रोत वा सार्वजनिक स्थल प्रदूषित गराउने,

(झ) सडक, बाटो वा अन्य सार्वजनिक स्थानमा सरसफाइ तथा फोहोरमैला सङ्कलन गर्न गाउँपालिकाले तोकेको समय वा सफाइ गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको निर्माण वा अन्य सामग्री थुपार्ने र थुपारी राखेको निर्माण वा अन्य सामग्री हटाउन इन्कार गर्ने,

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको जोखिमपूर्ण तथा हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने,

(ट) रासायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, जोखिमपूर्ण फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक तथा जोखिमपूर्ण फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउने,

(ड) फोहोरमैला सङ्कलन, ढुवानी तथा फोहोरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहोरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहोरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा विक्री वितरण गर्ने,

(त) प्रचलित कानुनबमोजिम तोकिएको मापदण्ड विपरीत रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानुन र मापदण्डबमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोतमा नै फोहोरमैलाको पृथकीकरण नगरी फोहोरमैला मिसाएर निष्कासन गर्ने,

(द) मरेको वा मारेको पशुपन्छी र सोको लादी, प्वाँख, हड्डी, छाला आदि सार्वजनिकस्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**५२. सजाय तथा जरिबाना :**

(१) फोहोरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहायबमोजिमको सजाय तथा जरिबाना हुनेछः–

(क) दफा ५१ को खण्ड (क) बमोजिमको कसुर गर्ने व्यक्तिलाई गाउँपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिबाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना र सोही कसुर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्चसमेत निजबाट असुल उपर गर्न सक्नेछ।

(ख) दफा ५१ को खण्ड (ख) र (झ) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(ग) दफा ५१ को खण्ड (ग) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ।

(घ) दफा ५१ को खण्ड (घ) र (ङ) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ।

(ङ) दफा ५१ को खण्ड (च) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षतिवापतको रकमसमेत कसुरकर्ताबाट असुल उपर गर्न सक्नेछ।

(च) दफा ५१ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(छ) दफा ५१ को खण्ड (ञ) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(ज) दफा ५१ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानुनबमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(झ) दफा ५१ को खण्ड (ड), (ढ) र (ण) बमोजिमको कसुरलाई प्रचलित सङ्घीय कानुनबमोजिम सजाय हुनेछ।

(ञ) दफा ५१ को खण्ड (थ) बमोजिमको कसुर गर्नेलाई सम्बन्धित गाउँपालिकाले प्रत्येक पटक पन्ध्र हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा गाउँपालिकाले देहायबमोजिमको जरिबाना गर्ने छः–

(क) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म।

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पच्चीस लाख रुपैयाँसम्म,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँसम्म।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा गाउँपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐनबमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदनबमोजिम कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेशबमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिइएको आदेशबमोजिम कार्य नभएमा गाउँपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना गर्नेछ।

(४) उपदफा (२) मा उल्लेखित विषयबाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा गाउँपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डबमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेशबमोजिम कार्य नभएमा यस उपदफाबमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना लाग्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेशबमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न गाउँपालिकाले सिफारिससहित सङ्घ र प्रदेश सरकारमा पठाउनु पर्नेछ।

(६) यस दफाबमोजिम जरिबाना गर्नुअघि जरिबाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ।

५३. **क्षतिपूर्ति :**

(१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहोर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षतिवापत गाउँपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(३) गाउँपालिकाको कुनै निकाय वा गाउँपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) यस दफाबमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५४. **उजुरी निवेदन दिन सक्ने** :

(१) कसैले यस ऐन  विपरीत वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराइ वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा गाउँपालिकासमक्ष उजुरी निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको उजुरी निवेदन उपर एक महिनाभित्र अध्यक्षले निर्णय गर्नु पर्नेछ। निर्णय गर्नुपूर्व सम्बन्धित पक्षलाई सफाइ पेस गर्न मनासिब सुनुवाइको मौका दिइनेछ।

५५. **पुनरावेदन** :

(१) दफा ५२ र ५३ बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिबाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

५६. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने** : वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानुनबमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी थप सहुलियत,

सुविधा तथा अनुदान प्रदान गर्न सक्नेछ। तर यस ऐन र यस अन्तर्गत बनेका नियम, कार्यविधि र निर्देशिकामा उल्लेख भएबमोजिमको कसुर गरी तोकिएको जरिबाना र क्षतिपूर्ति नदिने व्यक्ति वा संस्थालाई तोकिएको जरिबाना तथा क्षतिपूर्ति असुल उपर नभएसम्म गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गरिने छ।

## परिच्छेद–८

## विविध

५७. **ढुङ्गा, गिटी, बालुवा, माटोको उत्खनन, सङ्कलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धमा** :

(१) गाउँपालिका क्षेत्राधिकारभित्र रहेका ढुङ्गा, गिटी, बालुवा तथा माटोको उत्खनन्, सङ्कलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धी व्यवस्था सङ्घीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही गाउँपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

५८. **भूउपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन**: सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही गाउँपालिकाले स्थानीय तहको भूउपयोग नीति तथा योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

५९. **समन्वय र सहजीकरण गर्ने**: वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाउँपालिकाले समन्वय तथा सहयोग गर्नेछ।

६०. **सर्वेक्षण**: गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिएबमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ।

६१. **विद्युतीय सवारी साधन तथा स्वच्छ उर्जालाई प्राथमिकता**: गाउँपालिका क्षेत्रको वायु प्रदूषण न्यूनीकरण गर्न विद्युतीय सवारी साधन, स्वच्छ उर्जाको प्रयोगलाई प्राथमिकता, प्रोत्साहन र प्रवर्धन गर्नु पर्नेछ।

६२. **भूमिगत पानी पुनर्भरण**:

(१) जमिनभित्रको पानीको सतहलाई घट्न नदिई गाउँपालिकाको प्राकृतिक अवस्थितिलाई अनुकूलन बनाउन भूमिगत पानी पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको भूमिगत पानी पुनर्भरण सम्बन्धी प्रक्रिया र कार्यक्रम तोकिएबमोजिम हुनेछ।

६३. **प्लास्टिकजन्य झोला र प्लास्टीकजन्य वस्तुको प्रयोगमा निषेध**: गाउँपालिकाले तोकेको मापदण्ड विपरीतका प्लास्टीकको झोलाको र प्लाष्टिकजन्य वस्तुको उत्पादन, आयात, विक्री वितरण तथा प्रयोगलाई निषेध गरी प्रदूषण न्यूनीकरण गरिने छ।

६४. **हानिकारक भारी धातु तथा बोटलको प्रयोगमा प्रतिबन्ध**: तोकिएको मापदण्ड विपरीत हुने तथा मानव स्वास्थ्यलाई असर गर्ने हानिकारक भारी धातु (हेभि मेटल) हरुको उत्पादन, आयात तथा प्रयोगलाई निषेध गरिनेछ। साथै बोटल व्यिरको आयत तथा प्रयोगलाई निषेध गरिनेछ।

६५. **गुनासो व्यवस्थापन** : गाउँपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधतासम्बन्धी गुनासो सङ्कलन गर्ने र त्यसको सम्बोधन गर्ने जिम्मेवारी शाखा प्रमुखको हुनेछ।

६६. **परामर्श लिन सक्ने** : गाउँ सभा, कार्यपालिका वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

६७. **वातावरण पुरस्कार**: वातावरण र प्राकृतिक स्रोत संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने कुनै व्यक्ति, सङ्घ संस्था वा निकायलाई गाउँपालिकाले वातावरण पुरस्कार प्रदान गर्न सक्नेछ।

६८. **साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्ने**: गाउँपालिकाले साझेदारी कार्यक्रममार्फत यस ऐन कार्यान्वयन गर्न अन्य सरकारी तथा गैरसरकारी सङ्घ संस्था र निकायसँग साझेदारी गर्न सक्नेछ।

६९. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: गाउँपालिकाले यस ऐन अन्तर्गत तोकिएको जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजन गर्न सक्नेछ।

७०. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्ने छ र सूचनालाई यसै ऐनको अङ्ग मानिने छ।

७१. **यसै बमोजिम हुने** : यो ऐन प्रारम्भ हुनु अघि बनेका नियम तथा कार्यविधिहरु तथा भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम हुनेछ।

७२. **प्रचलित कानुनबमोजिम हुने**: यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ।

७३. **नियम बनाउन सक्ने**: यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियमावली, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९

# खुम्बु पासाङल्हामु गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९

*प्रमाणीकरण मितिः २०७९/०४/१५*

**प्रस्तावना** : खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर-प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कानुन बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको एघारौँ अधिवेशनले यो ऐन पारित गरी लागु गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(१) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(२) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्छ।

(३) "गाउँ सभा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ।

(४) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(५) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(७) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(८) "गैर-प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर- प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ।

(९) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम सोलुखुम्बु जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(१०) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(११) "प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति" भन्नाले सङ्घीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. १ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(१२) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(१३) “राष्ट्रिय कार्यकारी समिति” भन्नाले सङ्घीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(१४) “राष्ट्रिय परिषद्” भन्नाले सङ्घीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(१५) “राष्ट्रिय प्राधिकरण” भन्नाले सङ्घीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(१६) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर-प्राकृतिक विपद् सम्झनु पर्छ ।

(१७) “विपद् खोज तथा उद्धार समूह” भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(१८) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(१९) “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुर्नस्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(२०) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(२१) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(२२) "विषयगत समिति" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँकार्यपालिका अन्तर्गत गठित विषयगत समितिहरुलाई सम्झनु पर्छ ।

(२३) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(२४) "समिति" भन्नाले दफा ३ बमोजिमको खुम्बु पासाङल्हामु स्थानीय विपद व्यवस्थापन समिति सम्झनु पर्छ ।

(२५) "सङ्घीय ऐन" भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ ।

(२६) "सङ्घीय मन्त्रालय" भन्नाले सङ्घीय सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(२७) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापित सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक सङ्घ-संस्था सम्झनु पर्छ ।

## परिच्छेद–२

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**३. स्थानीय विपद व्यवस्थापन समितिः**

(१) खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक स्थानीय विपद व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः

(क) अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) विषयगत समितिका संयोजकहरु -सदस्य

(ङ) जिल्ला प्रशासन कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य

(च) सगरमाथा राष्ट्रिय निकुञ्जका प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य

(छ) सगरमाथा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको गुल्मपति वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य

(ज) सगरमाथा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र अन्तर्गतका मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्षहरु तीन जना -सदस्य

(झ) इलाका प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना - सदस्य

(ञ) नागरिक उडययन प्राधिकरण तेञ्जिङ हिलारी विमानस्थल लुक्लाका प्रमुख वा निजले तोकेको प्रतिनिधि एक जना -सदस्य

(ट) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि एक जना -सदस्य

(ठ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको तर्फबाट अध्यक्षले तोकेको प्रतिनिधि (१ जना) -सदस्य

(ड) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिले सङ्घीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान खुलाइ बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ-संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(९) समितिको निर्णय संयोजकले प्रमाणीकरण गर्नेछ र सदस्य सचिवले निर्णयपुस्तिका सुरक्षित गरी राख्नेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् मार्गदर्शन, राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र

कार्यक्रम अनुरुप हुने गरी गाउँपालिकाको विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेस गर्ने,

(ख) गाउँ सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागु गर्ने/गराउने,

(ग) गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेटको प्रस्ताव तयार गर्ने/गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(ङ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागु गर्ने/गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही सार्वजनिक, निजी, गैर-सरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने/गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने/गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमीन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा विपद्बाट अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने/गराउने,

(ढ) स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने/गराउने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने/गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी आवश्यक साधन र उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) समुदायस्तरमा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व-चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने/गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपदमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, क्षतिको स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने/गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाइ कार्यान्वयन गर्ने/गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक सङ्घ-संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने/गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँ सभाले तोकेका अन्य कार्य गर्ने/गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा सङ्घीय तथा प्रदेश कानुनको प्रतिकूल नहुने गरी कार्यपालिकाले तोकेबमोजिमका अन्य कार्य गर्ने/गराउने,

(ष) विभिन्न सङ्घ-संस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार प्रयोग गर्ने/गराउने,

(स) विपद् उद्धार, राहत तथा पुर्नलाभको लागि आवश्यक औजार, उपकरण तथा खाद्यान्नको समुचित भण्डारण गर्ने व्यवस्था मिलाउने ।

(ह) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक संस्था, व्यावसायिक प्रतिष्ठान, टोल विकास संस्था, गैर-सरकारी संस्था समेतले आफनो संस्थागत विपद् व्यवस्थापन योजना तथा प्रतिकार्य योजनाका लागि प्रयोग हुने स्रोत साधन, आकस्मिक परिचालन रणनीति समेतको विस्तृत विवरण प्राप्त गरी अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने ।

(क्ष) विपद् कार्य ढाँचा तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

(त्र) आपतकालीन उपचारको लागि अस्पतालहरुसँग सहकार्य र समन्वय गर्ने ।

(ज्ञ) गाउँपालिका क्षेत्रभित्र भूउपयोग नीति बनाइ लागु गर्ने ।

## परिच्छेद –३

## वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडास्तरीय विपद् व्यवस्थापन समितिः**

(१) गाउँपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) वडा अध्यक्ष वा निजले तोकेको निर्वाचित सदस्य - संयोजक

(ख) वडा समितिले सिफारिस गरेको विपद् व्यवस्थापनमा सक्रिय स्थानीय व्यक्ति दुई जना - सदस्य

(ग) वडाभित्र रहेका विषयगत शाखा र एकाईका कार्यालय प्रमुखहरू - सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू - सदस्य

(ङ) स्थानीय रेडक्रस प्रतिनिधि - सदस्य

(च) गैर-सरकारी तथा समुदायमा आधारित सङ्घ-संस्था तथा क्लव/ समूहबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी संयोजकले तोके बमोजिम न्यूनतम दुई महिला सहित चारजना - सदस्य

(छ) सम्बन्धित वडाभित्रका टोल विकास संस्थाका अध्यक्षहरुमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी संयोजकले तोकेको दुई जना - सदस्य

(ज) सम्बन्धित वडा सचिव - सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान खुलाई बैठकमा छलफल हुने विषय-सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्यसहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(११) समितिको निर्णय संयोजकले प्रमाणीकरण गर्नेछ र सदस्य सचिवले निर्णयपुस्तिका सुरक्षित गरी राख्नेछ।

७. **वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने/गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने कार्यदलहरूको गठन तथा त्यस्ता कार्यदलहरूलाई परिचालन गर्ने/गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने/गराउने।

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, क्षतिको स्तर निर्धारण तथा परिचयपत्र वितरणमा स्थानीय विपद व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने/गराउने ।

## परिच्छेद –४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः**

(१) गाउँपालिकाले विपद् व्यवस्थापनको काममा सङ्घीय सरकार तथा प्रदेश सरकारले परिचालन गरेका सङ्घीय तथा प्रदेश सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि वडा कार्यालयसँग आवश्यक सामाग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराइनेछ ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिकाले सुरक्षा निकाय तथा कर्मचारीहरुलाई परिचालन गर्नेछ ।

**९. अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः**

(१) अन्य सेवा प्रदायक निकायले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) विपद्को सूचना प्राप्त भएपश्चात् तोकिएको समयभित्रै प्रतिकार्यको प्रारम्भ गर्नु पर्नेछ ।

(३) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वडास्तरीय विपद् व्यवस्थापन समितिलाई हुनेछ।

**१०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः**

(१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका क्षेत्रभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामाग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुर्नस्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने/गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोतसाधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्नो भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा समितिको आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागु गर्नु पर्नेछ।

११. **विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने**: गाउँपालिका क्षेत्रभित्रका सरकारी कार्यालय, गैर-सरकारी संस्था, स्थानीय सङ्घ-संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ :

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःनिर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

## परिच्छेद –५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. **विपद् व्यवस्थापन कोष**:

(१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक विपद् व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) सङ्घीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी तथा विदेशी कुनै सङ्घ-संस्था वा व्यक्तिबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ङ) विपद् व्यवस्थापनका लागि गाउँपालिकाले कानुन बमोजिम सङ्कलन गर्ने विशेष शुल्क वा दस्तुर,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन कार्यविधिले तोकिए बमोजिम हुनेछ ।

(४) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(६) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(७) समितिले कोषको वार्षिक आयव्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेस गर्नेछ ।

## परिच्छेद –६

## कसुर तथा सजाय

१३. **कसुर र सजायः** कसैले विपद्को घटना घट्न सक्ने गरी लापर्बाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफूलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा सङ्घीय कानुन बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत्सम्बन्धी कारबाही प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद –७

## विविध

**१४. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः**

(१) नेपाल सरकारले गाउँपालिका क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका क्षेत्रभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न/गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ।

**१५. नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नुपर्नेः**

(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी गाउँपालिकाले सोधखोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत्सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराउनेछ।

**१६. मानवीय तथा अन्य सहायता र समन्वयः**

(१) गाउँपालिका क्षेत्रभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ।

(२) विपद्‌बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्णयानुसार तत्सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकारमार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँपालिको दायित्व हुनेछ।

(४) माथि उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाले निर्णय गरी कुनै पनि विपद व्यवस्थापनको लागि सहयोग गर्न बाधा पुगेको मानिने छैन।

**१७. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने:**

(१) विशेष परिस्थिति परी विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम कार्यपालिकाबाट निर्णय गरी खरिद गर्न सकिनेछ।

(२) विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्रभित्रको कुनै गैर-सरकारी कार्यालय वा अन्य सङ्घ-संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) विपद्‌बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्रभित्रको कुनै गैर-सरकारी संस्था वा अन्य सङ्घ-संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ।

(४) गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग वापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

१८. **राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः**

(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड तोकी सोको आधारमा उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै : डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैर-सरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

१९. **विपदमा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमाः** विपदमा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्णरूपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलीपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

२०. **निर्देशन दिन सक्नेः** समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

२१. **उपसमिति गठन गर्न सक्नेः**

(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

२२. **सूचना सम्प्रेषण गर्नेः**

(१) यस ऐनबमोजिम विपद् जोखिम पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ तथा विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य सम्पादन भएका विषयहरुको नियमित रुपमा सूचना संप्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाहरुको अभिलेखीकरण, प्रशोधन तथा संप्रेषण गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

२३. **अभिलेख राख्नु पर्नेः**

(१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराइएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपदमा परेका महिला, बालबालिका, अपाङ्गता भएको व्यक्ति तथा ज्येष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको सङ्ख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नुपर्ने छ।

२४. **पुरस्कार दिन सक्ने** : स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाउँपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

२५. **वार्षिक प्रतिवेदन**:

(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

२६. **प्रशासनिक खर्च व्यवस्थापन**: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित प्रशासनिक खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ।

२७. **अधिकार प्रत्यायोजन**: यो ऐन तथा यस अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२८. **नियम बनाउने अधिकार**: कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

२९. **प्रचलित कानुनबमोजिम हुने**: यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्यमा प्रचलित कानुनबमोजिम हुनेछ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको
# शिक्षा ऐन, २०७९

# खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा ऐन, २०७९

*प्रमाणीकरण मितिः २०७९/०४/१५*

**प्रस्तावना** : राष्ट्रको सर्वाङ्गीण एवं युगान्तकारी विकासको लागि विश्व बजारमा समयानुकूल प्रतिस्पर्धी जनशक्ति तयार गरी प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार र मानवीय मूल्य र मान्यता प्रवर्धनका लागि आवश्यक पर्ने दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्ने तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, सिष्टाचार र नैतिकता कायम राख्न स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित जनशक्ति तयार गर्नका निमित्त यस स्थानीय तहमा स्थापना हुने तथा स्थापना भई रहेका विद्यालय तथा शैक्षिक संस्थाहरुको व्यवस्थापनमा सुधार गरी चुस्त दुरुस्त गुणस्तरीय शिक्षा विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ (४), धारा २१४ (४), धारा २२६ (१) को अनुसूची-८ को बुँदा नं ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको एघाह्रौं अधिवेशनले यो ऐन पारित गरी लागु गरेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(क) यस ऐनको नाम "शिक्षा ऐन, २०७९" रहेको छ।

(ख) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा विकासदेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(ख) “प्रारम्भिक बाल शिक्षा विकास” भन्नाले चार वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ग) “आधारभूत विद्यालय” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालयलाई सम्झनु पर्छ ।

(घ) “आधारभूत शिक्षा परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई सम्झनु पर्छ ।

(ङ) “माध्यमिक विद्यालय” भन्नाले प्रारम्भिक बाल शिक्षा विकासदेखि १२ कक्षासम्म वा कक्षा ९ देखि १२ सम्म शिक्षा दिइने विद्यालयलाई सम्झनु पर्छ ।

(च) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(छ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ज) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई सम्झनुपर्छ ।

(झ) “समावेशी शिक्षा” भन्नाले देहायको शिक्षालाई सम्झनु पर्छः-

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ञ) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएको सङ्घीय, प्रादेशिक वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ट) "प्राविधिक विद्यालय" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्नको लागि स्थापना गरिने विद्यालयलाई सम्झनु पर्छ ।

(ठ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक विद्यालयमा दिइने शिक्षा तथा प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ड) "साधारण सामुदायिक विद्यालय" भन्नाले दफा ३ (१) (क) बमोजिमका विद्यालयलाई सम्झनु पर्छ ।

(ढ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको मुनाफारहित प्रकृतिको सङ्घीय सरकार वा खुम्बु पासाङल्हामु गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ण) "स्वायत्त सामुदायिक विद्यालय" भन्नाले दफा ३ (१) (ख) बमोजिमका विद्यालयलाई सम्झनु पर्छ ।

(त) "शिक्षक" भन्नाले विद्यालयको अध्यापनमा संलग्न सबै प्रकारका अध्यापकलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(थ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(द) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ध) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(न) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(प) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्दछ।

(फ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

(ब) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

(भ) "शिक्षा समिति" भन्नाले "खुम्बु पासाङल्हामु गाउँपालिका शिक्षा ऐन, २०७९" बमोजिम गठित शिक्षा समितिलाई सम्झनु पर्छ।

(म) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि र निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(य) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(र) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार, खुम्बु पासाङल्हामु गाउँपालिकाबाट दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ल) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(व) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको गुठीलाई सम्झनु पर्छ।

(श) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा (गुम्बा), गुरुकुल, आश्रम जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ।

(ष) "शिक्षा ऐन" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा ऐन, २०७९ लाई सम्झनु पर्दछ।

(स) "शिक्षा नियमावली" भन्नाले गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको नियमावली सम्झनु पर्दछ।

(ह) "अभिभावक" भन्नाले विद्यालयमा अध्यनरत् विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्यनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनाइएको व्यक्तिलाई बुझाउँछ तर विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे र बज्यैलाई मात्र अभिभावक मानिनेछ।

(क्ष) "आयोग" भन्नाले शिक्षा सेवा आयोगलाई सम्झनु पर्छ।

(त्र) "मन्त्रालय" भन्नाले शिक्षा मन्त्रालयलाई सम्झनु पर्छ।

(ज्ञ) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झनु पर्छ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः**

(१) यस गाउँपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई शिक्षा अधिकृत समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा अधिकृतले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकृतले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकृतले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी प्रारुपमा विद्यालय सञ्चालन गर्न गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्ने छ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा स्वीकृति दिनेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाको नाममा रहेको भवन वा जग्गामा सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पनर्छेः-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय-व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ। यस्तो विद्यालयले पालन गर्नुपर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(९) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन। तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि गाउँपालिकाले अनुमति दिन सक्नेछ। यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ।

४. **विद्यालयको सञ्चालनः** विद्यालयको सञ्चालन तोकिएबमोजिम हुने छ।

५. **परीक्षा सञ्चालन तथा समन्वयः**

(१) गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिमको परीक्षा सञ्चालन तथा समन्वय समिति रहने छ। समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(क) शिक्षा समिति संयोजक - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि, आधारभूत र माध्यमिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित शिक्षा समितिको अध्यक्षबाट मनोनित ३ जना - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट १ जना - सदस्य

(च) संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्येबाट १ जना - सदस्य

(छ) सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय प्रमुख
१ जना - सदस्य

(ज) शिक्षा प्रेमी, बुद्धिजीवी मध्येबाट शिक्षा समितिको अध्यक्षले तोकेको
१ जना - सदस्य

(झ) शिक्षा अधिकृत वा शिक्षा अधिकृतको काम गर्न
तोकिएको व्यक्ति - सदस्य सचिव

(२) आधारभूत तह उत्तीर्ण परीक्षा र माध्यमिक तह उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण तोकिएबमोजिम हुने छ।

६. **माध्यमिक शिक्षाको प्रकार**ः माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः-

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत तथा धार्मिक माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा। (तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराइनेछ।)

७. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्था**ः

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्ने छ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिएबमोजिम स्वीकृति दिन सक्ने छ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुने छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक

अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ।

८. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछः-

(क) आधारभूत तहको कक्षा पाँचसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ,

(ख) गैरनेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्ने छ।

९. **विद्यालयको पाठ्यक्रम र पाठ्य्पुस्तकः** गाउँपालिका क्षेत्रभित्रका विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ। सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्नेछ।

१०. **शिक्षा समितिः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने कामको लागि गाउँपालिकामा देहायबमोजिमको शिक्षा समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) गाउँ कार्यपालिकाका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनित गरेको कम्तीमा एक जना महिला र एक जना दलित समेत बढीमा ३ जना - सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले मनोनित गरेको कम्तीमा एक जना महिला समेत पर्ने गरी बढीमा दुई जना - सदस्य

(छ) सामुदायिक विद्यालयका अध्यक्षहरूमध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले मनोनित गरेको एक जना - सदस्य

(ज) संस्थागत विद्यालयहरूको प्रतिनिधिमूलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले मनोनित गरेको प्रतिनिधि एक जना - सदस्य

(झ) गाउँपालिकाभित्रका शिक्षक अभिभावक सङ्घकातर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले मनोनित गरेको प्रतिनिधि एक जना - सदस्य

(ञ) गुठी, सहकारी वा परम्परागत धार्मिक विद्यालयकातर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले मनोनित गरेको एक जना - सदस्य

(ट) शिक्षक महासङ्घ गाउँपालिकास्तरीय समितिका प्रतिनिधि एक जना - सदस्य

(ठ) गाउँपालिका क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने शिक्षाविद्, शिक्षाप्रेमी, बुद्धिजीवी र समाजसेवीमध्ये अध्यक्षले मनोनित गरेको एक जना - सदस्य

(ड) गाउँपालिका स्तरीय इको क्लव सञ्जाल समितिका अध्यक्ष वा निजले तोकेको एक जना - सदस्य

(ढ) शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुख भई कामकाज गर्ने कर्मचारी - सदस्य-सचिव

(२) शिक्षा समिति पुनर्गठन गर्न सकिनेः

(१) शिक्षा समितिले तोकिएबमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा कार्यपालिकाले त्यस्तो समितिलाई पुनर्गठन गर्न सक्ने छ।

(२) शिक्षा समितिको बैठक त्रैमासिक रुपमा एक पटक गरी वर्षमा कम्तीमा ४ पटक बस्ने छ।

(३) शिक्षा समितिको बैठक भत्ता तोकिएबमोजिम हुने छ। तर एक आर्थिक वर्षमा बढीमा ६ वटाभन्दा बढी बैठकको भत्ता उपलब्ध गराइने छैन।

(४) समितिको बैठक सञ्चालनको लागि कम्तीमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्ने छ भने बैठकको निर्णय बहुमतको आधारमा हुने छ।

(५) शिक्षा समितिका मनोनित सदस्य बाहेकका सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ।

११. **शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

१२. **वडा शिक्षा समितिः–**

(१) वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - अध्यक्ष

(ख) शिक्षा प्रेमी, बुद्धिजीवी, समाजसेवीबाट एक जना महिला पर्ने गरी तीन जना - सदस्य

(ग) वडा अध्यक्षले तोकेको एक जना वडा सदस्य - सदस्य

(घ) सम्बन्धित वडाभित्रका विद्यालय व्यवस्थपन समितका अध्यक्षहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले तोकेको एक जना - सदस्य

(घ) वरिष्ठ प्रधानाध्यापक - सदस्य सचिव

१३. **वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ।

१५. **अध्यापन अनुमतिपत्र लिनुपर्नेः** यो ऐन प्रारम्भ भएपछि विद्यालयले सामुदायिक स्रोतबाट करारमा नियुक्ति हुन तोकिए बमोजिमको अध्यापन अनुमतिपत्र लिएर मात्र उम्मेदवार हुन योग्य हुनेछन् । तर विज्ञान, गणित र अङ्ग्रेजी विषयका शिक्षकको हकमा तोकिएबमोजिम हुनेछ।

१६. **अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिने छ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिइँदै आएको अनुदान रकममा तोकिएबमोजिम कटौति गर्न सकिने छ।

(२) साधारण र स्वायत्त सामुदायिक विद्यालयहरुलाई स्वीकृतिपश्चात् तोकिएबमोजिम दरबन्दी उपलब्ध गराइने छ।

(३) अनुमति प्राप्त सामुदायिक विद्यालयलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराइने छ।

१७. **छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

(१) गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ।

(२) गाउँपालिकाभित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई अन्य स्वदेशी तथा विदेशी व्यक्ति तथा सङ्घ संस्थाले छात्रवृत्ति, शैक्षिक सामग्री, पोसाक, झोला वा अन्य पाठ्य सामग्री उपलब्ध गराउँदा तोकिएबमोजिम एकद्वार प्रणालीबाट गर्नु पर्नेछ।

१८. **प्रारम्भिक बाल शिक्षा विकासलाई अनुदान दिन सक्ने**: गाउँपालिकाले गाउँपालिकाको सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय सरकारबाट अनुदान प्राप्त गरी रहेका प्रारम्भिक बाल शिक्षा विकासलाई तोकिएबमोजिम अनुदान दिन सक्ने छ।

१९. **प्रारम्भिक बाल शिक्षा विकास सम्बन्धी व्यवस्था**: प्रारम्भिक बाल शिक्षा विकासको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ।

२०. **विद्यालय व्यवस्थापन समिति**:

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) अभिभावकहरुले आफूहरू मध्येबाट छानी पठाएका कम्तीमा दुई जना महिला र एक जना दलित प्रतिनिधि सहित पाँच जना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाका वडा अध्यक्ष वा कार्यपालिका सदस्य वा वडाध्यक्षले तोकेको वडा सदस्य एक जना -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एक जना -सदस्य

(ङ) विद्यालय शिक्षक अभिभावक सङ्घका अध्यक्ष एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) विद्यालयस्तरीय इको क्लबले मनोनयन गरेको एक जना छात्र र एक जना छात्रा गरी दुई जना आमन्त्रित सदस्य हुने छन्।

(३) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको व्यवस्थापन समितिमा उद्योग वाणिज्य सङ्घका दुई जना प्रतिनिधि सदस्य रहने छन् ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा चालिस प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य हुने छन् ।

(५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क) र (ख) बमोजिमका सदस्यहरुले आफूहरु मध्येबाट सर्वसम्मत चयन गरेको सदस्य व्यवस्थापन समितिको अध्यक्ष हुने छ । सर्वसम्मत अध्यक्ष चयन हुन नसकेमा शिक्षा समितिले उपदफा १ को खण्ड (क) र (ख) बमोजिजमका सदस्यहरुमध्येबाट तोकेको सदस्य व्यवस्थापन समितिको अध्यक्ष हुने छ ।

(६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(७) विद्यमान व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नुपर्ने छ । यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा तोकिएबमोजिम व्यवस्थापन समितिको गठन शिक्षा समितिले गर्नेछ ।

(८) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुने छ ।

(९) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षबाट मनोनित भएका एक जना -अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरू मध्येबाट छानी पठाएका एक जना महिला सहित दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(घ) गाउँपालिकाको शिक्षा अधिकृत वा निजको काम गर्न तोकिएको व्यक्ति एक जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(१०) उपदफा (क) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुने छ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(११) राजीनामा स्वीकृत गर्नेः व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ।

(१२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

(१३) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

(१४) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुऱ्याई विघटन गर्न सक्ने छ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएमा विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिकाले बढीमा ६ महिनाको लागि देहायबमोजिमको एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्ने छ।

(क) अध्यक्षले तोकेको सम्बन्धित वडाको गाउँ सभा सदस्य वा अभिभावक मध्ये एक जना - अध्यक्ष

(ख) वडा अध्यक्षले तोकेको वडा सदस्य मध्ये एक जना - सदस्य

(ग) शिक्षा प्रेमी, बुद्धिजीवी, समाजसेवी मध्ये वडा शिक्षा समितिले तोकेको एक जना - सदस्य

(घ) शिक्षक प्रतिनिधि एक जना - सदस्य

(ङ) प्रधानाध्यापक - सदस्य सचिव

(३) यो ऐन जारी भएपछि विद्यालय व्यवस्थापन समिति गठन नभएका विद्यालयहरूले बढीमा तीन महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्नेछ। विशेष परिस्थितिमा विद्यालयको अनुरोधमा तोकिएको अधिकृतले एक महिनासम्मको समयावधि थप गर्न सक्नेछ। यो ऐन लागु हुँदाका बखत प्रचलित नियम अनुसार गठन भएको समितिले आफ्नो कार्यकाल अवधि रहँदासम्म काम गर्ने सक्नेछ।

**२२. गाउँपालिका शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिकास्तरमा एक "गाउँपालिका शिक्षा विकास कोष" रहने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः-

(क) सङ्घीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कुल आम्दानीको तोकिएबमोजिमको रकम,

(ग) चन्दादाताबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

**२३. कोष सञ्चालक समितिः** कोष सञ्चालक समिति र समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

**२४. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरू रहने छन्ः-

(क) सङ्घीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) गाउँपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) अतिरिक्त शुल्कबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यवाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तोकिएबमोजिम हुने छ।

**२५. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्ने छ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ।

२६. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः** गाउँपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटै विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्ने छ।

२७. **विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा गाउँपालिकाको निर्णय अनुसार उपयोग गर्न सक्ने छ।

(२) शैक्षिक गुठीअर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। तर कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ-संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृतिविना बेचबिखन गर्न पाइने छैन।

२८. **अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकृतले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी

अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

२९. **विद्यालयको वर्गीकरण**ः विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिने छ ।

३०. **विद्यालयको प्रकार**ः विद्यालयको प्रकार देहायबमोजिम हुने छन् ।

(१) सामुदायिक विद्यालय

(२) संस्थागत विद्यालय

(१) सामुदायिक विद्यालयको प्रकारः सामुदायिक विद्यालय निम्न प्रकारका हुनेछन्ः

(क) साधारणः साविकमा सङ्घीय सरकार वा गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएको र शिक्षक व्यवस्थापन तोकिएबमोजिम विद्यालय व्यवस्थापन समिति र गाउँपालिकाबाट संयुक्त रुपमा व्यवस्थापन हुने विद्यालय ।

(ख) स्वायत्तः साविकमा सङ्घीय सरकार वा गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएका र शिक्षक व्यवस्थापन विद्यालय व्यवस्थापन समितिबाट हुने विद्यालय ।

(ग) एकमुष्ट अनुदानमा आधारितः गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध नभएका र नहुने तर विद्यार्थी सङ्ख्याको आधारमा गाउँपालिकाबाट एकमुष्ट अनुदान पाउने गरी सञ्चालन हुने विद्यालय ।

(२) संस्थागत विद्यालयको प्रकारः संस्थागत विद्यालय निम्न प्रकारका हुनेछन्ः-

(क) कम्पनी ऐनअन्तर्गत सञ्चालित विद्यालय

(ख) शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालय

(ग) सहकारीबाट सञ्चालित विद्यालय

३१. **विद्यालय शान्ति क्षेत्र हुने**: विद्यालयको अध्ययन अध्यापनमा प्रतिकूल असर पर्ने गरी कुनै राजनीतिक वा अन्य गतिविधि गर्न पाइने छैन, विद्यालय शान्ति क्षेत्र कायम हुने छ।

३२. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने**:

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुने छ।

३३. **शुल्क सम्बन्धी व्यवस्था**:

(१) सङ्घीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शिक्षण शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिने छ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकमुष्ट अनुदानमा आधारित सामुदायिक विद्यालयले अनुदानबाट खर्च नव्यहोरिएका विद्यार्थीहरु मध्ये शुल्क तिर्न राजी अभिभावकहरुबाट शुल्क उठाउनबाट बन्देज लाग्ने छैन तर शुल्क तिर्न राजी नभएको कारणबाट कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित गर्न पाइने छैन।

(४) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले तोकिएबमोजिम आवश्यक व्यवस्था गर्नेछ।

(५) दृष्टिविहीन बालबालिकालाई ब्रेल लीपि, बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्न तोकिएबमोजिम व्यवस्था गरिने छ।

(६) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ।

(७) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(८) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(९) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकृतबाट स्वीकृत गराइ निर्धारण गर्नुपर्ने छ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिने छ।

(१०) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकृतले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ।

(११) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकृतले पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्ने छ।

३४. **शिक्षकको पेसागत महासङ्घ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेसागत हक हितको सम्बन्धमा कार्य गर्न गाउँपालिका क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक युनियन रहनेछ।

३५. **पदबाट हटाइनेः** देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछः-

(क) तोकिएबमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेको प्रमाणित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(च) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गरेमा,

(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

(स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनु पर्छ।)

(ज) शिक्षक वा कर्मचारीहरूले व्यावसायिक हक हितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने सङ्गठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा।

३६. **स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिएबमोजिम सजाय हुने छ।

३७. **शैक्षिक योग्यताः** शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुने छ।

३८. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्नेः** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

**३९. शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममाबाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्रकोप उद्धार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ।

**४०. अदालतको आदेशबाट पुनःबहाली हुन सक्ने:**

(१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्ने छ।

(२) उपदफा (१) बमोजिम पुनर्बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउने छ।

**४१. शिक्षकको सरुवा:**

(१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरबन्दीमा कार्यरत सरुवा हुन आवेदन दिने शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी तोकिएको अधिकृतले तोकिएबमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सक्ने छ।

(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिकाभित्र कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी अर्को गाउँपालिका वा स्थानीय तहमा सरुवाको लागि तोकिएको अधिकृतले तोकिएबमोजिमको प्रक्रिया अपनाई सहमति दिन सक्नेछ। तर गाउँपालिकाले आवश्यकताका आधारमा सरुवा गर्न भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(३) गाउँपालिकाको स्वीकृति विना गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कुनै शिक्षक सरुवा भई आउन वा गाउँपालिका क्षेत्र बाहिर सरुवा भई जान सक्ने छैन ।

४२. **दरबन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको गाउँपालिकाभित्रको विद्यालयहरुबाट दरबन्दी अपुग भएको गाउँपालिकाभित्रको विद्यालयहरुमा रिक्त दरबन्दी वा शिक्षकसहितको दरबन्दी शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले सार्न र मिलान गर्न सक्ने छ। यो व्यवस्था निजी स्रोतबाट तलब, सुविधा लिने बाहेक अन्य सबैको हकमा लागु हुनेछ ।

४३. **शिक्षक नियुक्ति तथा बढुवाः**

(१) साधारण सामुदायिक विद्यालयमा सङ्घीय सरकार वा गाउँपालिकाबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवा तोकिएबमोजिम हुने छ। तर दफा १९ बमोजिम स्वायत्त सामुदायिक विद्यालयको शिक्षकको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवा विद्यालय व्यवस्थापन समितिबाट तोकिएबमोजिम हुने छ ।

४४. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** दफा ४१ मा उल्लिखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणनासमेत हुने छैन ।

४५. **प्रधानाध्यापक तथा कर्मचारीसम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक र गाउँपालिकाले स्वीकृत गरेबमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहने छ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी दरबन्दी, नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

**४६. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४७. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

**४८. प्रगति विवरण बुझाउनुपर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरण सहितको प्रगति विवरण शिक्षा शाखा र सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

**४९. विद्यालय स्वायत्त रुपमा सञ्चालन गर्न सकिनेः**

(१) विद्यालय व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालय स्वायत्त रुपमा सञ्चालन गर्न चाहेमा तोकिएका कुराहरू खुलाई तोकिएको अधिकृत समक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा व्यवस्थापन समितिले निष्पक्ष रुपमा विशुद्ध प्राज्ञिक मूल्य र मान्यतामा मात्र आधारित भएर शिक्षक छनौट गरेको उदाहरण लगायत अन्य तोकिएको सर्त पूरा गरेको देखिएमा तोकिएको अधिकृतले निवेदकलाई त्यस्तो सामुदायिक विद्यालय स्वायत्त रुपमा सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वायत्त विद्यालयमा कार्यरत स्वीकृत दरबन्दीमा नियुक्त भएका शिक्षकको सेवा, सर्त र सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षकसरह हुनेछ र त्यस्ता शिक्षकले पाउने तलब, भत्ता र सञ्चय कोषवापत विद्यालयबाट थप गर्नुपर्ने रकम गाउँपालिकाले विद्यालयलाई एकमुष्ट उपलब्ध गराउने छ।

(४) उपदफा (२) बमोजिम स्वायत्त विद्यालयमा विद्यालयले व्यहोर्ने गरी थप शिक्षक नियुक्ति गर्न सक्ने छ।

(५) उपदफा (४) बमोजिम नियुक्त शिक्षकको सेवा सर्त र सुविधा विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुने छ।

(६) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले स्वायत्त रुपमा सञ्चालन गरेको विद्यालयको आवश्यकता हेरी गाउँपालिकाले त्यस्तो विद्यालयलाई थप दरबन्दी उपलब्ध गराउन सक्ने छ।

**५०. विद्यालय एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्न सकिनेः**

(१) सङ्घीय सरकार वा गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी प्राप्त नगरेका र भविष्यमा समेत सो प्राप्त नगरी विद्यालय सञ्चालन गर्न राजी भएका विद्यालय व्यवस्थापन समितिले विद्यालय एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्नको लागि तोकिएका कुराहरू खुलाई तोकिएको अधिकृत समक्ष निवेदन दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा व्यवस्थापन समितिले तोकिएको सर्त पूरा गरेको देखिएमा तोकिएको अधिकृतले निवेदकलाई त्यस्तो विद्यालय एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्न स्वीकृत दिन सक्ने छ।

(३) उपदफा (२) बमोजिम एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्न स्वीकृत विद्यालयमा कार्यरत शिक्षकको सेवा, सर्त र सुविधा विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुने छ। यस प्रकारका विद्यालयका शिक्षकलाई व्यवस्थापन समितिले तोकेअनुसारको सञ्चय कोष र निवृत्तिभरणवापतको रकम समेत विद्यालयले नागरिक लगानी कोषमा जम्मा गर्नु पर्नेछ।

**५१. विद्यालयको विनियमः**

(१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक भेलाबाट पारित गराइ लागु गर्न सक्ने छ।

(२) अभिभावक भेलाले विनियम आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुने छ।

(४) अद्यावधिक विनियमको प्रतिलीपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले गाउँपालिकाको शिक्षा शाखा र सम्बन्धित वडा कार्यालयमा पेस गर्नु पर्नेछ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुने छ र सो सरोकारवाला जो कोहीले हेर्न पाउने छ।

**५२. संस्थागत विद्यालयको नाम र स्थान परिवर्तनः**

(१) संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन गर्नेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ।

**५३. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उप दफा (१) बमोजिमको दश प्रतिशतलाई सय प्रतिशत मानी त्यसको पचास प्रतिशत रकम गाउँपालिका शिक्षा विकास कोषमा जम्मा गर्नुपर्ने छ र बाँकी पचास प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम जेहेन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा

सदस्यको संयोजकत्वमा विद्यालयको प्रधानाध्यापक, गाउँपालिका शिक्षा शाखा र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधिसमेत सदस्य रहेको एक छात्रवृत्ति छनौट समिति रहने छ।

(३) छात्रवृत्ति छनौट समितिले छनौटको लागि आधार, सर्त र प्रक्रिया तयार गरी सार्वजनिक समेत गर्नु पर्नेछ।

५४. **गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकारः** गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छन्।

५५. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

५६. **शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकारः** शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

५७. **प्रधानाध्यापकको नियुक्ति, काम, कर्तव्य र अधिकारः** प्रधानाध्यापकको नियुक्ति, काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने छ।

५८. **दण्ड, सजाय र पुरस्कारः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिबाना गर्न सक्ने छ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिबाना हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापर्बाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृतिविना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा नियमानुसारको भर्ना शुल्क बाहेक अन्य कुनै दान, उपहार वा रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा।

(३) उपदफा (१) र (२) (क) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुने छ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिने छ।

(४) उपदफा (१) र उपदफा (२) मा लेखिएदेखिबाहेक कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्ने छः-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्कासन गर्ने,

(ग) कसुरको मात्रा हेरी एक हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना गर्ने,

(घ) विद्यालयलाई गाउँपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने।

(५) विद्यालय तथा गाउँपालिका क्षेत्रको शैक्षिक विकासमा विशेष योगदान पुऱ्याउने शिक्षक, कर्मचारी, व्यक्ति वा सङ्घ संस्थालाई योगदानको आधारमा उचित पुरस्कार दिन सकिनेछ।

**५९. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्ने छ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्धरा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्ने छः-

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहण सम्बन्धी,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरूको सङ्ख्या,

(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,

(झ) विद्यालयको छात्रावास सञ्चालन,

(ञ) विद्यालयको आय-व्ययको जाँच,

(ट) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,

(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ड) शिक्षक तथा विद्यार्थीहरूको आचारसंहिता,

(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,

(ण) सह-शिक्षा,

(त) शिक्षण तथा विद्यालय व्यवस्थापन तालिम,

(थ) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

(द) विद्यालयका शिक्षकहरूको सेवा सर्तसम्बन्धी,

(ध) विद्यालयका शिक्षकहरूको अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह,

(न) विशेष शिक्षा,

(प) अनौपचारिक शिक्षा,

(फ) दूर शिक्षा तथा खुला शिक्षा,

(ब) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा, .

(भ) संस्थागत विद्यालयले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति सम्बन्धी।

(म) आवासीय विद्यालय सञ्चालन गर्ने,

(य) संस्थागत विद्यालयसम्बन्धी,

(र) कोचिङ क्लास, भाषा-शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी,

(ल) अन्य आवश्यक कुराहरू,

६०. **सङ्क्रमणकालीन व्यवस्थाः–**

(क) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

(ख) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति शिक्षा अधिकृतले दिन सक्नेछ।

६१. **संरक्षकको भूमिकाः** गाउँपालिका क्षेत्रभित्रका शिक्षा व्यवस्थापनका लागि संरक्षकको भूमिका गाउँपालिका अध्यक्षको हुनेछ।

६२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्ने छ र सूचनालाई यसै ऐनको अङ्ग मानिने छ।

**६३. बचाउ र लागु नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुने छ।

(२) यस ऐनमा लेखिएको कुनै पनि कुराले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको सुशासन ऐन, २०७९

# खुम्बु पासाङल्हामु गाउँपालिकाको सुशासन ऐन, २०७९

*प्रमाणीकरण मितिः २०७९/०४/१५*

**प्रस्तावना** : खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा सुशासनयुक्त बनाइ कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, वित्तीय सुशासन तथा सार्वजनिक कार्य र स्रोतको उचित व्यवस्थापनका माध्यमबाट स्थानीय सुशासनको प्रत्याभूति गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण गर्दै सुशासन पाउने नागरिकको अधिकारको सुनिश्चित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको एघाह्रौं अधिवेशनले यो ऐन पारित गरी लागु गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो ऐनको नामः "सुशासन ऐन, २०७९" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(१) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ।

(२) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(३) “गाउँपालिका” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई सम्झिनु पर्दछ।

(४) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(५) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(६) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(७) “सभा” भन्नाले गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(८) “शाखा” भन्नाले गाउँपालिका अन्तर्गतको शाखालाई सम्झनु पर्दछ।

(९) “वडा कार्यालय” भन्नाले गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्झनु पर्दछ।

(१०) “कर्मचारी” भन्नाले गाउँपालिका र सो अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारी तथा शिक्षक समेतलाई सम्झनु पर्दछ।

(११) “समिति” भन्नाले यस ऐनको दफा २० बमोजिम गठन भएको सुशासन प्रवर्धन समितिलाई सम्झिनु पर्दछ।

(१२) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद–२

## प्रशासन सञ्चालन सम्बन्धी सामान्य प्रावधानहरु

३. **विभिन्न स्तरमा कार्य सम्पादन हुने** : नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानुनले स्थानीय तहमा उपलब्ध गराएको अधिकारको समुचित प्रयोग गर्दै स्थानीय शासन तथा प्रशासनलाई व्यवस्थित बनाइ जनासभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सरल, सुलभ ढङ्गबाट प्रभावकारी सेवा प्रवाह गर्न मद्दत पुर्‍याउने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिका तथा अन्तर्गतका वडा स्तरबाट प्रशासनिक कार्य सम्पादन हुनेछ।

**४. विषयगत समिति, शाखा, उपशाखा रहने :**

(१) गाउँपालिकास्तरको कार्य सम्पादन गर्नको लागि आवश्यक सङ्ख्यामा विषयगत समिति, शाखा तथा उपशाखाहरु रहनेछन् ।

(२) विषयगत समिति, शाखा, उपशाखा र सो को कार्यविभाजन कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५. आवश्यक निकाय गठन गर्न सक्ने :**

(१) प्रशासनिक कार्य सम्पादन गर्न गाउँपालिका, वडा कार्यालय, शाखा, उपशाखाका अतिरिक्त अन्य आवश्यक सचिवालय, आयोग, बोर्ड, समिति वा निकाय गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका सचिवालय, आयोग, बोर्ड, समिति वा अन्य त्येस्तै निकायको काम, कर्तव्य, अधिकार तथा अन्य कार्य क्षेत्रगत सर्तहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**६. प्रशासनिक कार्य सञ्चालनका आधार** : खुम्बु पासाङल्हामु गाउँपालिकाको सुशासन कायम गर्नको लागि यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्येस्तो कार्य सम्पादन गर्ने अधिकारीले संविधान तथा अन्य प्रचलित कानुनमा व्यवस्था भए बमोजिमका कुराहरुको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नु पर्नेछ ।

(क) स्थानीय सरकार र जनताको वृहत्तर हित,

(ख) समन्याय र समावेशीकरण,

(ग) कानुनको शासन,

(घ) मानव अधिकारको प्रत्याभूति,

(ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता,

(च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त चुस्त र जनमुखी प्रशासन,

(छ) प्रशासन संयन्त्रको तटस्तथा र निष्पक्षता,

(ज) अधिकार निक्षेपण,

(झ) प्रशासनिक संयन्त्रमा र निर्माणमा सर्वसाधारणको पहुँच,

(ञ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग,

७. **खुम्बु पासाङल्हामु गाउँपालिकाले अख्तियार गर्ने नीतिहरु** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानुनमा व्यवस्था भएका नीति एवं समय समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त अन्य नीतिहरु देहाय बमोजिमका हुनेछन् ।

(क) गुणस्तरीय पूर्वाधार विकास,

(ख) चुस्त र प्रभावकारी व्यवस्थापन,

(ग) सामाजिक न्याय सहितको आर्थिक विकास र संवृद्धि,

(घ) पर्यटन प्रवर्धन,

(ङ) निष्ठा र सदाचारको प्रवर्धन,

(च) दिगो विकास र वातावरण संरक्षण,

(छ) महिला सशाक्तिकरण र लैङ्गिक न्याय

(ज) आर्थिक एवं सामाजिक रुपमा पिछडिएका तथा फरक क्षमता भएका वर्गको उत्थान र अधिकारको संरक्षण,

(झ) सन्तुलित र न्यायोचित विकास,

(ञ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो र कुशल व्यवस्थापन,

(२) उपदफा (१) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न गाउँपालिकाले समय समयमा आवश्यक कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्नेछ ।

## परिच्छेद – ३

## प्रशासनिक कार्यको सञ्चालन तथा जिम्मेवारी

८. **सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने** : कार्यालयको काम कारबाहीलाई खुला र पारदर्शी बनाइ सुशासन कायम गर्ने र आम नागरिकलाई

समयमा नै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित नेपाल कानुन बमोजिम प्रशासनिक कार्य छिटो र छरितो ढङ्गले प्रभावाकारी सेवा प्रवाह गर्नु सम्बन्धित पदाधिकारी एवं कर्मचारीको कर्तव्य हुनेछ।

९. **पदाधिकारीको जिम्मेवारी** : अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्य लगायतका पदाधिकारीको जिम्मेवारी नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्य प्रचलित कानुन र आवश्यकता अनुसार कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१०. **प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी** : प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सामान्यत; स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनमा व्यवस्था भए बमोजिम र आवश्यकता अनुसार कार्यपालिकाले तोके बमोजिम हुनेछ।

११. **कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी** : गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कर्मचारीको काम, कर्तव्य र जिम्मेवारी एवं स्पष्ट कार्यविवरण प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

१२. **अधिकार प्रत्यायोजन गर्न सकिने** :

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारीले यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम आफूले सम्पादन गर्नु पर्ने कार्य आफू सरह वा मातहतका अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) तर अधिकार प्रत्यायोजन गरेका कारणले मात्र निजले आफ्नो पदीय जिम्मेवारीबाट छुट पाएको मानिने छैन।

(३) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार अधिकार प्रत्यायोजन गर्ने पदाधिकारीले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

१३. **पदाधिकारीको पदीय आचार संहिता सम्बन्धी व्यवस्था** : अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्य लगायतका पदाधिकारीको आचार संहिता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **कर्मचारीको पदीय वा पेसागत आचरण सम्बन्धी व्यवस्था** : सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू पदमा वहाल रहँदा वा जुनसुकै कारणले अवकाश प्राप्त गरेको मितिले तोकिए बमोजिमको अवस्था सम्मको लागि देहाय बमोजिमको पदीय वा पेसागत आचारसंहिता पालना गर्नु पर्नेछ ।

(१) समय पालना र नियमितता : कर्मचारीले कार्यालय समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनुपर्दछ र सकेसम्म पहिले बिदा स्वीकृति नगराइ कार्यालयमा अनुपस्थित हुनु हुँदैन ।

(२) अनुशासन र आज्ञा पालना :

(क) कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताका साथ पालना गर्नु पर्दछ ।

(ख) कर्मचारीले कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिको अधिकारीले दिएका आज्ञालाई शीघ्रताका साथ पूरा गर्नु पर्नेछ ।

(ग) कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरुप्रति उचित आदरभाव देखाउनुपर्नेछ र आफूमुनिका कर्मचारीहरुप्रति उचित व्यवहार गर्नु पर्दछ ।

(३) राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने : कुनै पनि कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारी माथि कुनै पनि राजनैतिक वा अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

(४) राजनीतिमा भाग लिन नहुने : कुनै पनि कर्मचारीले राजनीतिमा भाग लिनु हुँदैन ।

(५) गाउँपालिकाको आलोचना गर्न नहुने :

(क) गाउँपालिकाको नीतिको विपरीत हुने गरी वा गाउँपालिका र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन वा सामाजिक सञ्जालद्वारा भाषण प्रसारित

गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

(ख) उपदफा ५ (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन र गाउँपालिकाको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रशारण गर्न बाधा पर्ने छैन ।

(६) सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध : कुनै पनि कर्मचारीले सरकारद्वारा अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै पनि गोप्य वा कानुनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अन्य अनाधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागु हुनेछ ।

(७) दान, उपहार, चन्दा आदि प्राप्त गर्ने र सापटी लिनमा प्रतिबन्ध :

(क) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि कर्मचारीले कार्यालयको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

(ख) कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा गाउँपालिकालाई सो कुराको सूचना दिई निर्देशन भए बमोजिम गर्नुपर्छ ।

(८) कम्पनीको स्थापना र  सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने :

(क) कर्मचारीले पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुदैन :-

(अ) कुनै बैङ्क वा कम्पनीको स्थापना, रजिस्ट्रेसन वा सञ्चालनको काममा भाग लिन नहुने,

(आ) प्रचलित कानुन बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ख) उपदफा ८ को (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले गाउँपालिकाको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्य गर्न सक्नेछ ।

(९) निर्वाचनमा भाग लिन नहुने : कर्मचारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुदैन तर कोही कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

(१०) प्रदर्शन र हडताल गर्न प्रतिबन्ध : कर्मचारीले नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी विभिन्न जात, धर्म, लिङ्ग, क्षेत्र र सम्प्रदायका मानिसहरु बीच वैमनस्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

(११) हडताल, थुनछेक, अनसन तथा घेराउ गर्नमा प्रतिबन्ध : कर्मचारीले कार्यालयको कार्य गर्दा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा अवरोध हुने गरी हडताल, अनसन वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुनेगरी दबाब दिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

(१२) अन्य आचरण :

(क) कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबै प्रति शिष्ट व्यवहार गर्नु पर्दछ ।

(ख) कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसारको आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितो रुपमा कार्यसम्पादन गर्नु पर्नेछ ।

(ग) कर्मचारीले कुनै पनि सरकरी सम्पत्तिको प्रयोग वा उपयोग घरायसी कार्यको लागि गर्न हुँदैन ।

(घ) कर्मचारीले सरकारी राजस्वबाट तलब भत्ता खाने गरी नियुक्ति भएको कुनै पनि सरकारी कर्मचारीलाई कार्यालयको काम बाहेक घरायसी कामधन्दामा लगाउनु हुँदैन ।

(ङ) पदाधिकारी तथा कर्मचारीले प्रत्येक वर्ष आफ्नो तथा परिवारको नाममा भएको सम्पत्ति विवरण तोकिए बमोजिमको निकायमा निर्धारित समयमा बुझाउनु पर्नेछ ।

(१३) सेवाग्राही प्रतिको व्यवहार :

(१) कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्दछ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र काम सम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनुपर्दछ ।

(१४) आफ्नो सेवा र पद अनुसारको आचारण पालना गर्नु पर्ने : प्रत्येक कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालना गर्नु पर्नेछ ।

(१५) चेतावनी दिन सक्ने :

(१) कुनै कर्मचारीले समय पालना नगरेमा, सरकारी काम सम्बन्धी कुरामा आफू भन्दा माथिको कर्मचारीले दिएको आज्ञा पालना नगरेमा वा कार्यालय सम्बन्धी काममा लापरबाही वा ढिलासुस्ती गरेमा त्येस्तो कर्मचारीलाई अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले कारण खोली चेतावनी दिन सक्नेछ र सो को अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत फायलमा राख्नु पर्नेछ ।

(२) उपदफा १५ (१) बमोजिमको चेतावनी दिई सच्चिन मौका दिदा समेत आफ्नो कार्यशैली र व्यवहार परिवर्तन नगरी लापरबाही गर्ने कर्मचारीलाई गाउँपालिकाले निर्णय गरी विभागीय कारबाही समेत गर्न सक्नेछ ।

## परिच्छेद–४

## सेवा–प्रवाह

**१५. नागरिक बडापत्र :**

(१) खुम्बु पासाङल्हामु गाउँपालिका र अन्तर्गतका कार्यालयहरुले सबैले देख्ने स्थानमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछः-

(क) कार्यालयले दिने सेवा र त्येसको प्रकृति,

(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,

(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,

(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण,

(च) तोकिए बमोजिमका अन्य कुराहरु,

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरु सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन र सो बमोजिम कार्य सम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ।

(४) मनासिब कारण विना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको जिम्मेवार कर्मचारी उपर विभागीय कारबाही हुन सक्नेछ।

(५) मनासिब कारण विना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै किसिमको हानि नोक्सानी हुन गएमा सो हानि नोक्सानी वापतको क्षतिपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) नागरिक बडापत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **सार्वजनिक सुनुवाइ गराउनु पर्ने :**

(१) कार्यालयको काम कारबाहीलाई स्वच्छ, पारदर्शी, वस्तुनिष्ठ र मर्यादित बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुन सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्दछ।

(२) उपदफा (१) बमोजिम गराउनु पर्ने सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय नागरिकलाई समेत आमन्त्रण गर्नु पर्नेछ।

१७. **निश्चित समयावधि भित्र निर्णय गर्नु पर्ने :**

(१) यस ऐन वा अन्य प्रचलित कानुन बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानुन बमोजिम कुनै निश्चित अवधि भित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधि भित्र र त्येस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने कार्य प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपर्युक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नु पर्नेछ।

(२) आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तहमाथिको पदाधिकारीलाई यथाशीघ्र दिनु पर्नेछ।

(४) निर्णय गर्न पाउने अधिकारी वा कर्मचारीले कुनै पनि वहानामा निर्णय नगर्न वा निर्णय पन्छाउन पाउने छैन।

१८. **गुनासो सुनुवाइ पृष्टपोषण प्रणाली** : गाउँपालिका एवं वडा कार्यलयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा हुने गुनसोहरुको उचित सम्बोधन गर्नु पर्नेछ।

१९. **वित्तीय अनुशासन र जोखिम न्यूनीकरण** : खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालयको आर्थिक, वित्तीय सुशासन एवं विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरु न्यूनीकरण गर्नका लागि देहाय बमोजिम व्यवस्था गर्नेछ।

(१) बैङ्क मार्फत मात्र आर्थिक कारोबार गर्ने व्यवस्था गर्ने।

(२) कानुनी सीमाभित्र रही कन्टेन्जेन्सी खर्चको योजना र क्षेत्र निर्धारण गर्ने।

(३) कार्यालय परिसरमा बैङ्कको शाखा/ इकाई रहने व्यवस्था मिलाई राजस्व रकम बैङ्कमा बुझाउने व्यवस्था गर्ने।

(४) उपभोक्ता समिति, लाभग्राही समूह, टोल विकास संस्था र निर्माण व्यवसायीबाट कार्य सञ्चालन गर्ने कार्यविधिको स्पष्ट व्यवस्था गर्ने।

(५) भौतिक एवं वित्तीय प्रतिवेदन नियमित रुपमा तोकिएको ढाँचामा सार्वजनिक गर्ने।

(६) आर्थिक वर्षको अन्तमा कुनैपनि सार्वजनिक निर्माण कार्य सुरु नगर्ने व्यवस्था मिलाउने।

(७) अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन कुनै पनि योजना तथा कार्यक्रमको सुरुवाती, मध्यावधि र कार्यसम्पन्न भएपश्चात् तीन चरणमा अनुगमन गर्ने पद्धतिको अवलम्बन गर्ने।

(८) हरेक योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाइलाई अनिवार्य गर्ने।

(९) सञ्चालन हुने कार्यक्रमको रकम दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारी वा कर्मचारीबाट असुल उपर गरिनुका साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई कानुन बमोजिम कारबाही गर्ने।

(१०) विद्युतीय बोलपत्र (E-Bidding) लागु गर्ने।

(१२) सार्वजनिक परीक्षण, लैङ्गिक परीक्षण, आन्तरिक लेखा परीक्षण, अन्तिम लेखा परीक्षण तोकिए बमोजिम सम्पन्न गराउने र तदनुरुपको सुझावको कार्यन्वयन गराउने जिम्मेवारी किटान गर्ने।

(१३) मासिक रुपमा कार्य प्रगति तथा आर्थिक कारोबारहरुको विवरण सार्वजनिक गर्ने, तोकिएबमोजिमका तालुक निकायमा निर्धारित समयमा प्रतिवेदन तथा विवरण पठाउने व्यवस्था मिलाउने।

(१४) सञ्चालित कार्यक्रम वा आयोजनाहरुको नियमित रुपमा अनुगमन प्रतिवेदन समीक्षा गर्ने, सुझाव पृष्ठपोषण कार्यन्वयनको पद्धति लागु गर्ने।

(१५) भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।

(१६) आन्तरिक नियन्त्रण प्रणाली संस्थागत गर्ने।

(१७) आयोजना कार्यन्वयनको कार्यतालिका बनाइ सोही अनुसार कार्य गर्ने।

(१८) गाउँ सभाबाट वार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रुपमा पूर्व सम्भाव्यता अध्ययन र विस्तृत लागतका आधारमा नागरिक सहभागिताको सुनिश्चतता गरी आयोजना छनोट गर्ने।

(१९) नागरिकहरुलाई विद्युतीय माध्यमबाट र झन्झट रहित तरिकाले सेवा उपलब्ध गराउन विद्युतिय सुशासन प्रवर्धन गर्ने।

२०. **सुशासन प्रवर्धन समितिको गठन**: उत्तरदायी स्थानीय सरकारको अवधारणालाई आत्मसात गर्दै गाउँपालिकाबाट हुने विकास निर्माणका कार्य तथा सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय र सहभागितामूलक बनाइ सुशासनको प्रत्याभूत गर्न गाउँपालिकामा देहाय बमोजिमको सुशासन प्रवर्धन समिति गठन गरिने छ।

(१) गाउँपालिका सुशासन प्रवर्धन समिति

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) संस्थागत विकास तथा सुशासन समितिका संयोजक - सदस्य

(घ) लेखा समिति संयोजक - सदस्य

(ङ) कार्यपालिका सदसस्यहरु मध्येबाट एक जना महिला सहित २ जना - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य तथा जिम्मेवारीः सुशासन प्रवर्धन समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिकाको आवधिक एवं वार्षिक सुशासन र जवाफदेहिता कार्ययोजना तर्जुमा गर्ने, गर्न लगाउने।

(ख) गाउँपालिकाको वार्षिक सूचकहरु तयार गरी त्यसको आवधिक मापन गर्ने र प्रगति विवरण नागरिक माझ सार्वजनिक गर्ने।

(ग) गाउँपालिकाको कार्यहरुमा सुशासन, पारदर्शिता र जवाफदेहिताका औजारहरुको नियमित प्रयोग गरी त्यसको पृष्ठपोषण र सुझावका आधारमा गाउँपालिकाको समग्र नीति, नियम र कार्य प्रणालीमा सुधार गर्ने।

(घ) पदाधिकारी र कर्मचारीको आचर संहिता बनाउन लगाई कार्यान्वयनमा ल्याउने र अनुगमन प्रतिवेदन तयार गरी गाउँ सभामा प्रस्तुत गर्ने।

(ङ) गाउँपालिकाबाट हुने कार्यहरुको अनुगमन गर्ने, निर्देशन दिने, पुरस्कार र प्रोत्साहनको व्यवस्था गर्ने।

(च) नागरिक र नागरिक समाजसँग नियमित भेटघाट र अन्तरक्रियाको व्यवस्था गर्ने।

(छ) नागरिक निगरानी र दबाब समूहहरुका कामलाई प्रोत्साहन गर्ने, सेवाग्राही अनुकूल हुने गरी कार्यालयको कार्यकक्ष, कर्मचारी व्यवस्थापन, पूर्वाधार व्यवस्थापन सम्बन्धी योजना तयार गरी समितिबाट स्वीकृति पश्चात् कार्यान्वयन गर्ने।

(ज) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नै सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्धनका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने।

(झ) जनतालाई सुशासन प्रत्याभूति दिन समय समयमा एकीकृत घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने।

(ञ) सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि आवश्यक कानुन, नियम, कार्यविधि, निर्देशिका निर्माण गरी पारित गराउने र कार्यान्वयनमा ल्याउने ।

(ट) वित्तीय अनुशसानको पूर्ण पालना गराउने । वित्तीय पारदर्शिता, जवाफदेहिता कायम गर्ने, आर्थिक कारोबारहरुको पारदर्शिता व्यवस्थापन गर्ने, गाउँपालिकाको कार्यपालिका बैठकमा सो अवधिको आम्दानी र खर्च प्रस्तुत गर्ने, बेरुजु हुन नदिने ।

(ठ) सुशासन अभिवृद्धिका लागि पदाधिकारी र कर्मचारी अन्तरक्रिया, अध्ययन अनुसन्धान, क्षेत्रगत भ्रमण आदि आयोजना गर्ने, नागरिक सन्तुष्टिलाई सदैव प्राथमिकतामा राख्ने ।

(ड) सुशासन तथा जवाफदेहिताको क्षेत्रमा कार्यरत संस्थाहरुसँग समन्वयन र सहकार्य अभिवृद्धि गर्ने ।

(ढ) सङ्घ र प्रदेशका निगरानी निकायहरुको कार्यमा सहयोग गर्ने ।

(ण) अन्य प्रचलित कानुन बमोजिम आवश्यक पर्ने सुशासन प्रवर्धन कार्यहरु गर्ने गराउने ।

२१. **वडा सुशासन प्रवर्धन समितिको गठनः** गाउँपालिकाबाट हुने विकास निर्माणका कार्य तथा सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय र सहभागितामूलक बनाइ सुशासनको प्रत्याभूत गर्न वडास्तरमा देहाय बमोजिमको वडा सुशासन समिति गठन गरिने छ ।

(१) वडा सुशासन प्रवर्धन समिति

| | |
|---|---|
| (क) वडा अध्यक्ष | - संयोजक |
| (ख) वडा सदस्य मध्येबाट एक जना | - सदस्य |
| (ग) वडा समितिले मनोनित गरेका एक जना | - सदस्य |
| (घ) सम्बन्धित वडाको प्राविधिक कर्मचारी | - सदस्य |
| (ङ) वडा सचिव | -सदस्य सचिव |

(२) समितिको काम कर्तव्य तथा जिम्मेवारी : वडा सुशासन प्रवर्धन समितिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) वडाबाट प्रदान हुने सेवा सुविधालाई जनमैत्री बनाउन सुशासन पारदर्शिता र जवाफदेहिताको कार्यान्वयन गर्ने,

(ख) गाउँपालिकाको सुशासन प्रवर्धन सममितिले तोके बमोजिमका कार्य गर्ने गराउने ।

२२. **सजाय र कारबाहीः**

(१) यस ऐन विपरीत कार्य गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी बढीमा १००००० (एक लाख) सम्म जरीवाना हुनेछ ।

(२) उपदफा (१) बमोजिम कसुर गर्ने कर्मचारी भए सम्बन्धित ऐन बमोजिम सजाय गरी उपदफा (१) बमोजिम थप सजाय सम्म हुनेछ ।

(३) यस ऐन बमोजिमको कारबाही गर्ने अधिकार खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(४) उपदफा (३) बमोजिम गरेको कारबाही चित्त नबुझेमा सम्बन्धित व्यक्तिले खुम्बु पासाङल्हामु गाउँपालिकाको न्यायिक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

२३. **नियम बनाउने अधिकारः** कार्यपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाइ लागु गर्न सक्नेछ ।

२४. **कार्यविधि निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेः** कार्यपालिकाले आफ्नो काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक कार्यविधि निर्देशिका बनाइ लागु गर्न सक्नेछ ।

२५. **ऐन बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएकोमा यसै ऐन बमोजिम र अन्य विषयका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०८०

# खुम्बु पासाङल्हामु गाउँपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०८०

*प्रमाणीकरण मितिः २०८०/०४/१५*

**प्रस्तावना :–** खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा स्वदेशी वा विदेशी निजी क्षेत्र समेतको लगानीको माध्यमबाट नवीन प्रविधि, गुणस्तरीय सेवा, व्यवस्थापकीय कुशलता एवं लगानीमैत्री वातावरण निर्माण गर्दै गाउँपालिकाको आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजनाहरुलाई व्यवस्थित गर्न तथा लगानी सम्बन्धी कानुनी व्यवस्थालाई स्पष्ट गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको दोस्रो गाउँ सभाको तेह्रौं अधिवेशनले यो ऐन पारित गरी लागु गरेको छ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः–**

(१) यस ऐनको नाम "सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०८०" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः–** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "अनुमतिपत्र" भन्नाले परियोजना कार्यान्वयन गर्न दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा

परियोजना कार्यान्वयन गर्न प्रदान गरिएको अनुमतिपत्र वा इजाजतपत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र वा इजाजतपत्र प्राप्त फर्म, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "उपभोक्ता" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारी तथा निजी लगानीमा निर्माण भएको पूर्वाधार संरचनाबाट सेवा, सुविधा उपभोग वा उपयोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(घ) "एकाइ" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "गाउँ सभा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(ज) "निजी लगानी" भन्नाले दफा २२ बमोजिम गरिने लगानी सम्झनु पर्छ ।

(झ) "निर्माण" भन्नाले यस ऐन बमोजिम पूर्वाधार संरचनाको विकास, निर्माण वा पुनस्थापनाको कार्य सम्झनुपर्छ ।

(ज) "परियोजना" भन्नाले यस ऐन बमोजिम सार्वजनिक निजी साझेदारीमा लगानी गरी कार्यान्वयन गरिने पूर्वाधार संरचना सम्बन्धी परियोजना सम्झनु पर्छ र सो शब्दले निजी लगानीमा कार्यान्वयन गरिने परियोजनालाई समेत जनाउँछ ।

(ट) "अध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "उपाध्यक्ष" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ण) “प्रस्तावक” भन्नाले यस ऐन बमोजिम प्रस्ताव पेस गर्ने व्यक्ति सम्झनु पर्छ।

(थ) “पुनस्थापना” भन्नाले मौजुदा पूर्वाधार संरचनाको मर्मत, बिस्तार वा पुनर्निर्माण गरी पुनस्थापना गर्ने काम सम्झनु पर्छ।

(द) “पूर्वाधार संरचना” भन्नाले सडक, सब्वे, सुरुङ्गमार्ग, पुल, अस्पताल, केवलकार, रेल्वे, ट्रलीबस, बस, जलमार्ग, परिवहन बिसौनीस्थल, सुख्खा बन्दरगाह, प्रदर्शनीस्थल, पार्क, सञ्चार तथा सूचना प्रविधि, वित्तीय बजार पूर्वाधार, विशेष आर्थिक तथा औद्योगिक क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, होटल वा पर्यटन क्षेत्र, सवारी पार्किङ्ग, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन, ढुङ्गा, गिटी, बालुवा उत्खनन्, सङ्कलन तथा प्रशोधन (क्रसर), वन पैदावर सङ्कलन र प्रशोधन, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण, रङ्गशाला, मनोरञ्जन पार्क, सार्वजनिक सभागृह, बहुउद्देश्यीय भवन (मेघा हल) वा सार्वजनिक गोदामघर, विविध सहरी पूर्वाधार, शीतभण्डार, सम्बन्धित पूर्वाधार निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ।

(ध) “मनसायपत्र” भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा ८ बमोजिम माग गरिएको मनसायपत्र सम्झनु पर्छ।

(न) “महसुल” भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराएवापत उपभोक्तासँग लिने सेवाशुल्क सम्झनु पर्छ।

(प) “लगानी” भन्नाले यस ऐन बमोजिम ऋण वा स्वपूँजी वा पुनःलगानी वा यस्तै प्रकारका वित्तीय उपकरणमार्फत परियोजनामा गरिने पूँजी प्रवाह सम्झनु पर्छ।

(फ) “लगानीकर्ता” भन्नाले यस ऐन बमोजिम परियोजनामा लगानी गरेको वा लगानी गर्न ईच्छा व्यक्त गर्ने फर्म, कम्पनी वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले परियोजनाको अध्ययन, विकास निर्माण वा सञ्चालन गर्ने फर्म, कम्पनी वा व्यक्तिलाई समेत जनाउँछ।

(ब) “बोर्ड” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिमको लगानी बोर्डलाई सम्झनु पर्छ ।

(भ) “सम्झौता” भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका र लगानीकर्ता बीच भएको परियोजना विकास सम्झौता, परियोजना लगानी सम्झौता वा सुविधा सम्झौता (कन्सेसन एग्रिमेन्ट) वा यस्तै प्रकारका सम्झौता सम्झनु पर्छ ।

(म) “समिति” भन्नाले दफा १६ बमोजिमको सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्झनु पर्छ ।

(य) “सर्वेक्षण” भन्नाले परियोजना कार्यान्वयन गर्नको लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकारका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ ।

(र) “सार्वजनिक निजी साझेदारी” भन्नाले गाउँपालिका र लगानीकर्ता बिच स्रोत वा प्रतिफल बाँडफाँड तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूवार्धार संरचना निर्माण, सञ्चालन, पुनःस्थापना वा सार्वजनिक सेवाप्रवाह गर्न दफा ३ को उपदफा (२) मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ ।

(ल) “सङ्घीय कानुन” भन्नाले सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र यस सम्बद्ध अन्य सङ्घीय कानुनलाई समेत जनाउँछ ।

## परिच्छेद – २

## सार्वजनिक निजी साझेदारी सम्बन्धी व्यवस्था

३. **सार्वजनिक निजी साझेदारी लगानीबाट परियोजना कार्यान्वयन गर्न सकिनेः–**

(१) गाउँपालिकाले पूर्वाधार संरचना तथा सेवा क्षेत्रका कुनै परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालन गर्न सक्नेछ तर वित्तीय, प्राविधिक वा सञ्चालन

सम्बन्धी जोखिम निजी क्षेत्रलाई हस्तान्तरण नगरी निजी क्षेत्रबाट हुने काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट सञ्चालन हुने परियोजना सार्वजनिक निजी साझेदारी लगानीबाट कार्यान्वयन गरिने छैन।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीबाट परियोजना कार्यान्वयन गर्दा देहायको कुनै तरिका अपनाउन सकिनेछ-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) व्यवस्थापन, सञ्चालन तथा हस्तान्तरण

(झ) पुनस्थापना, सञ्चालन तथा हस्तान्तरण

(ञ) अन्य यस्तै तरिकाबाट।

४. **प्राथमिकता निर्धारणः–** सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन गरिने परियोजनाको प्राथमिकताका क्षेत्र समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. **परियोजना पहिचानः–**

(१) समितिले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा परियोजनाको सर्भेक्षण लगायतको अध्ययन भए वा नभएको तथा तोकिए बमोजिमका अन्य विवरण समेतका आधारमा प्राथमिकता निर्धारण गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम परियोजना पहिचान गरी सूची निर्धारण गर्दा प्राविधिक तथा वित्तीय विषयहरुमा बोर्डसँग परामर्श लिन सकिनेछ।

**६. परियोजना स्वीकृत गराउनु पर्नेः-**

(१) दफा ५ बमोजिम पहिचान गरी सूचीकृत गरिएका परियोजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा दफा ३ को उपदफा (२) मा उल्लेखित तरिकामध्ये कुन तरिकाबाट कार्यान्वयन गर्न सकिने हो सोको व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(३) गाउँपालिका अन्तर्गत एकै प्रकृतिका एकभन्दा बढी परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न यस दफा बमोजिम परियोजना स्वीकृत गराउँदा त्यस्तो परियोजनाको पुनःप्राथमिकीकरण गर्नु पर्नेछ।

**७. परियोजनाको सूची प्रकाशन गर्नेः-** दफा ६ बमोजिम परियोजना स्वीकृत भएपछि गाउँपालिकाले परियोजनाको सूची स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**८. आशय पत्र आह्वान गर्नेः-**

(१) दफा ७ बमोजिम स्वीकृत परियोजनाको अध्ययन अनुमति, सर्वेक्षण वा कार्यान्वयनका लागि गाउँपालिकाले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी आशय पत्र आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशय पत्र पेस गर्ने कार्यालय,

(ख) आशय पत्र पेस गर्ने अवधि,

(ग) आशय पत्रमा खुलाउनुपर्ने विवरण,

(घ) आशय पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु

(ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता,

(च) तोकिए बमोजिमका अन्य विवरण।

९. **आशय पत्र पेस गर्ने**:– परियोजनाको अध्ययन अनुमति, सर्वेक्षण वा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका सर्तका अधीनमा रही दफा ८ बमोजिमको सूचनामा उल्लेखित अवधिभित्र तोकिएको कार्यालयमा आशय पत्र पेस गर्नु पर्नेछ।

१०. **संक्षिप्त सूची तयार गर्ने**:– दफा ९ बमोजिम आशय पत्र प्राप्त भएपश्चात् विषय विशेषज्ञ सम्मिलित मूल्याङ्कन समितिले तोकिए बमोजिमको आधारमा मूल्याङ्कन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

११. **प्रस्ताव आह्वान गर्ने**:–

(१) दफा १० बमोजिम संक्षिप्त सूची तयार गरेपछि गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई प्रस्ताव आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न चाहने प्रस्तावकले तोकिए बमोजिमका विवरणहरु खुलाई सूचनामा उल्लेखित अवधिभित्र गाउँपालिकामा प्रस्ताव पेस गर्नु पर्नेछ।

१२. **प्रस्ताव छनौट गर्ने**:–

(१) दफा ११ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि गाउँपालिकाले मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछः-

(क) तोकिएको समयमै निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) गाउँपालिकालाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लेखित आर्थिक प्रस्ताव।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधारका अतिरिक्त वातावरण व्यवस्थापन तथा अन्य विवरणहरु समेत आवश्यकता अनुसार गाउँपालिकाले सूचनामा उल्लेख गरेको हुनु पर्नेछ।

(३) प्रस्ताव छनौट गरेपछि गाउँपालिकाले त्यसको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनु पर्नेछ।

(४) यस दफा बमोजिमको प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. आव्हान नगरिएको प्रस्तावः–**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावक स्वयंले सार्वजनिक निजी साझेदारीको माध्यमबाट परियोजना कार्यान्वयन गर्नको लागि गाउँपालिका समक्ष तोकिए बमोजिमको आधार, दस्तुर र ढाँचामा प्रस्ताव पेस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव पेस गर्दा देहायका विषयहरु उल्लेख गर्नु पर्नेछः-

(क) परियोजनाको विवरण,

(ख) प्रस्तावकको प्राविधिक तथा वित्तीय क्षमता सहितको विवरण (प्रोफाइल),

(ग) परियोजनाको प्रारम्भिक संभाव्यता अध्ययन प्रतिवेदन भए त्यस्तो प्रतिवेदन,

(घ) प्रस्तावित व्यावसायिक योजना,

(ङ) परियोजनामा प्रयोग हुने प्रविधि,

(च) परियोजनाबाट प्राप्त हुने सम्भावित लाभको विवरण।

(३) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव दफा १२ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसको आधारमा सो परियोजनाको अध्ययन तथा सर्भेक्षण अनमुति वा परियोजना विकास वा सञ्चालनको लागि तोकिएको प्रक्रिया पूरा गरी तोकिए बमोजिमको ढाचाँमा इजाजतपत्र प्रदान गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त भएको परियोजना प्रस्तावलाई मूल्याङ्कन गर्दा सार्वजनिक निजी साझेदारीमा निर्माण हुने परियोजना प्रतिस्पर्धाको आधारमा अगाडि बढाउँदा लाभदायी हुने देखिएमा सोही प्रस्तावलाई 'स्वीस च्यालेन्ज' का आधारमा गाउँपालिकाले तोकेको प्रक्रिया बमोजिम प्रतिस्पर्धा गराउन सक्नेछ।

**स्पष्टीकरण**: स्वीस च्यालेन्ज भन्नाले गाउँपालिकाले कुनै सेवा क्षेत्र वा सडक, सार्वजनिक परियोजनाका लागि आव्हान नगरिएको प्रस्ताव प्राप्त गरेको अवस्थामा उक्त प्रस्ताव भन्दा राम्रो प्रस्ताव प्राप्त हुन सक्ने अभिप्रायले उपयुक्त प्रस्ताव चयन गर्न प्राप्त प्रस्तावलाई कुनै पनि विधि वा प्रक्रियाबाट तेस्रो पक्षलाई समेत आव्हान गरी वा सार्वजनिक गरी मूल्याङ्कन गरिने विधि सम्झनु पर्छ।

(५) उपदफा (१) बमोजिमको प्रस्ताव उपर वार्ता गर्दा प्रस्तावक बाहेक अन्य कुनै प्रस्तावकको प्रस्ताव स्वीकृत भएमा स्वीकृत भएको प्रस्तावकर्ताबाट उपदफा (१) बमोजिमको प्रस्तावकलाई तोकिए बमोजिमको परियोजना विकासको क्रममा भएको प्रारम्भिक खर्च र अध्ययन तथा विकासको क्रममा सम्बन्धित निकायको कुनै खर्च भएको अवस्थामा सो समेत सोधभर्ना तोकिए बमोजिम उपलब्ध गराउन सकिनेछ।

१४. **वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने**:–

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि कम्तीमा दुईपटक आशय पत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो परियोजना गाउँपालिकाले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ।

(२) उपदफा (१) मा जनु सुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिब हुने देखिएमा त्यस्तो परियोजना गाउँपालिकाले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः

(क) परियोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको परियोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको परियोजना,

(ग) विशेष प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने गरी छनौट गरिएको परियोजना,

(घ) 'स्वीस च्यालेन्ज' लाई आधार मानी प्रतिस्पर्धा गराउँदा समेत असफल भएको परियोजना।

(३) उपदफा (१) बमोजिमको कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई गाउँपालिका समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी कार्यपालिकाले वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

**१५. वार्ताद्वारा परियोजनाको विस्ततृ सम्भाव्यता अध्ययन गर्न सक्नेः–**

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न चाहने व्यक्तिले सोको अनुमतिको लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्ने अनुमति दिन मनासिब देखिएमा समितिले निवेदकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा/गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने/गराउने व्यक्ति स्वयंले व्यहोर्नु पर्नेछ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयन गर्नको लागि प्रतिस्पर्धा गराइएको अवस्थामा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने/ गराउने व्यक्ति

छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने व्यक्तिले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमको निर्धारण स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गराइनेछ।

(६) यस दफा बमोजिम परियोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनका आधारमा त्यस्तो परियोजना यस ऐन बमोजिम कार्यान्वयन गरिनेछ।

१६. **अनुमतिपत्र दिनुपर्नेः–**

(१) दफा १२, १३ र १४ बमोजिम प्रस्ताव छनौट वा स्वीकृति प्रदान गरेपछि समितिले प्रस्तावकलाई तोकिए बमोजिमको सर्तहरु तथा ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समझदारी गर्दा समयभित्र नै कार्य सम्पन्न गर्ने प्रयोजनका लागि तोकिए बमोजिमको परफर्मेन्स बण्ड लिनु पर्नेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई उपदफा (१) बमोजिम अनुमतिपत्र वा इजाजतपत्र प्राप्त गरेको अवस्थामा प्रचलित कानुनको रीत पुर्‍याई जारी भएको मानिनेछ।

## परिच्छेद–३

## सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१७. **सार्वजनिक निजी साझेदारी व्यवस्थापन समितिको गठनः–**

(१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानीसँग सम्बन्धित समग्र व्यवस्थापन गर्न एक अधिकार सम्पन्न सार्वजनिक निजी साझेदारी व्यवस्थापन समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाका अध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य

(ङ) अध्यक्षले तोकेको निजी क्षेत्रको विज्ञ एक जना -सदस्य

(च) कार्यपालिका सदस्यहरु मध्ये एक जना महिलासहित अध्यक्षले तोकेको दुई जना -सदस्य

(छ) अध्यक्षले तोकेको विषय विज्ञ एक जना -सदस्य

(ज) गाउँपालिकाको सार्वजनिक निजी साझेदारी एकाइ प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम सदस्य तोक्दा अध्यक्षले आफू सम्बद्ध राजनीतिक दल बाहेकको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनैतिक दलको प्रतिनिधित्व नभएको अवस्थामा यो उपदफाको व्यवस्था लागु हुने छैन ।

(४) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेषज्ञता हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

१८. **समितिको बैठक र निर्णयः–** समितिको बैठक र निर्णय देहाय बमोजिम हुनेछः

(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षले निर्णायक मत दिनेछ ।

(४) समितिको बैठक एक आर्थिक वर्षमा कम्तीमा ६ पटक बस्नेछ र दुई बैठकको बिचको अवधि २ महिनाभन्दा बढी नहुने गरी बस्नु पर्नेछ ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्षले प्रमाणीकरण गर्नेछ र उक्त निर्णय-पुस्तिका सदस्य-सचिवको जिम्मामा रहनेछ।

१९. **समितिको काम, कर्तव्य र अधिकारः–** समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) गाउँपालिका क्षेत्रभित्रका सम्भाव्य परियोजनाहरुको विवरण सङ्कलन गरी त्यस्ता परियोजनाहरुको अध्ययन एवम् परियोजनाको सूची तयार गर्ने/गराउने,

(ख) सार्वजनिक निजी साझेदारी वा निजी क्षेत्रबाट कार्यान्वयन हुने परियोजनाहरु मध्ये प्रतिस्पर्धात्मक वा विशेष प्राथमिकताका परियोजनाको छनौट गर्ने/गराउने,

(ग) प्रतिस्पर्धात्मक रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको पारदर्शिता, स्वच्छता र प्रतिस्पर्धाको सुनिश्चितता हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न गर्ने आधार मूल्याङ्कन गरी त्यस्ता परियोजनाहरुको पूर्व योग्यताको सूची तयार, प्रस्ताव आह्वान, प्रस्तावको मूल्याङ्कन, परियोजना स्वीकृति, लगानी स्वीकृति तथा अध्ययन अनुमति, इजाजत वा अन्य यस्तै प्रकारका स्वीकृति प्रदान गर्ने तथा आवश्यकता अनुसार त्यस्ता परियोजनाका प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(घ) विशेष प्राथमिकताका परियोजनाहरुको रुपमा कार्यान्वयन गर्ने गरी छनौट गरिएका परियोजनाहरुको वार्तामार्फत परियोजना विकास, निर्माण तथा सञ्चालन गर्ने गरी सम्झौता गर्ने/गराउने,

(ङ) आव्हान नगरिएका समितिमा सोझै प्राप्त हुन आएका प्रस्तावहरुको आवश्यकतानुसार अध्ययन, छलफल गरी उपयुक्त प्रस्तावलाई सर्वेक्षण अनुमतिपत्र दिने र त्यस्ता प्रस्तावमा उल्लेखित परियोजनाको लागि प्रचलित कानुन बमोजिम आवश्यक पर्ने अनुमतिपत्र, इजाजतपत्र, लगानी

स्वीकृति तथा सहमति प्रदान गर्ने वा प्रस्तावकसँग वार्ता गरी सम्झौता गर्ने/गराउने,

(च) स्वीकृत परियोजनाको अध्ययन गरी सम्झौता बमोजिम निर्माण, कार्यान्वयन वा सञ्चालन भए वा नभएको अनुगमन गर्ने/गराउने,

(छ) पूर्वाधार निर्माण तथा परियोजना विकास लगायत लगानीका क्षेत्रमा सम्मिश्रित वित्त सम्बन्धी कार्य गर्ने,

(ज) आर्थिक वा गैरआर्थिक सुविधा उपलब्ध गराउनुपर्ने भएमा आवश्यक निर्णय प्रक्रियाका लागि कार्यपालिकामा पेस गर्ने,

(झ) स्वीकृत परियोजनाको वातावरणीय अध्ययनका लागि वन तथा वातावरण सम्बन्धी अनुमति लिनुपर्ने भएमा तोकिए बमोजिमको प्रक्रिया अनुरुप अनुमति दिन सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ञ) परियोजना विकास, लगानी प्रवर्धन तथा परियोजना कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, अन्य स्थानीय सरकार एवं सरकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(ट) स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि शीघ्र निर्णय र समस्याको छिटोछरितो सेवा प्रदान गर्ने,

(ठ) सम्झौता बमोजिम वित्तीय व्यवस्थापन भइसकेपछि त्यस्तो सम्झौता बमोजिम परियोजना कार्यान्वयनको अनुगमन गर्ने/गराउने,

(ड) लगानीकर्तालाई अनुमति वा इजाजत प्रदान गरेवापत वा परियोजना विकास गर्न पुऱ्याएको सेवा तथा सहजीकरण वापत तोकिएको शुल्क, दस्तुर सङ्कलन गर्न आवश्यक समन्वय गर्ने,

(ढ) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी प्रवर्धन सम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने/गराउने,

२०. **निर्देशन दिन सक्ने**ः– समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा सम्बन्धित लगानीकर्तालाई समय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

२१. **विशेषज्ञ कार्यदलः–**

(१) परियोजना लगानीको कुनै खास प्राविधिक पक्षको अध्ययन तथा विश्लेषण गरी सुझाव दिन समितिले कार्यदेश सहित कार्य अवधि तोकी सम्बन्धित क्षेत्रका विशेषज्ञ रहेको एक विशेषज्ञ कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमाजिमका सदस्य तथा पदाधिकारीहरुको सुविधा समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद–४

## सार्वजनिक निजी साझेदारी एकाइ सम्बन्धी व्यवस्था

२२. **सार्वजनिक निजी साझेदारी एकाइ गठन हुनेः–**

(१) गाउँपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनौट गर्न, परियोजनाहरुको निर्माण, सञ्चालन तथा अन्य विषयहरुमा सहजीकरण गर्न अध्यक्ष मातहत रहने गरी प्रशासनिक एकाइको रुपमा एक सार्वजनिक निजी साझेदारी एकाइ रहनेछ।

(२) यस ऐनमा लेखिएका कुराहरुको अतिरिक्त सार्वजनिक निजी साझेदारी एकाइको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीतिगत विषयमा कार्यनीति, कार्यविधि तथा निर्देशिका मस्यौदा गरी समिति समक्ष पेस गर्ने,

(ख) सार्वजनिक निजी साझेदारीमा परियोजना कार्यान्वयन गर्ने लगानीकर्तालाई आवश्यक राय, सुझाव वा परामर्श दिने तथा मार्गदर्शन गर्ने,

(ग) सार्वजनिक निजी साझेदारी सम्बन्धी आशय पत्र आह्वान, पूर्व योग्यता तथा प्रस्ताव आह्वानपत्र तथा परियोजना सम्झौताको मस्यौदा तयार गर्ने, जारी गर्ने तथा लागु गर्ने,

(घ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैङ्क तयार गरी अद्यावधिक गर्ने,

(ङ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी राय प्रतिक्रिया दिने,

(च) सार्वजनिक निजी साझेदारीमा सञ्चालित परियोजनाहरुको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने,

(छ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाहरुको साझेदार छनौट गर्ने प्रक्रिया तयार गरी समितिमा पेस गर्ने,

(ज) अन्तर्राष्ट्रिय सार्वजनिक निजी साझेदारीका असल अभ्यास तथा अनुभवहरुका सम्बन्धमा नियमित अनुसन्धान गर्ने तथा गाउँपालिकामा सार्वजनिक निजी साझेदारी ढाँचाको लागि उपयुक्त हुने विषयहरु अवलम्बन गर्ने,

(झ) सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने आयोजनाको तयारी तथा कार्यान्वयनमा लगानीकर्तालाई आवश्यक सहयोग गर्ने,

(ञ) सार्वजनिक निजी साझेदारी लगानी सम्बन्धी विषयहरुमा क्षमता विकासको लागि आवश्यक तालिम, गोष्ठी, सम्मेलन आदिको आयोजना गर्ने,

(ट) सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचनाहरु सङ्कलन गरी अभिलेखीकरण गर्ने,

(ठ) समिति प्रति जवाफदेही भई कार्य गर्ने,

(ड) समितिले दिएको निर्देशन पालना गर्ने,

(ढ) मूल्याङ्कन समिति तथा कार्यदलहरुसँग समन्वय गरी कार्य गर्ने, सहजीकरण गर्ने,

(ण) सार्वजनिक निजी साझेदारी सम्बन्धी नीति, नियम, नमूना कागजातहरु, परियोजनाहरुको विवरण, सार्वजनिक निजी साझेदारी परियोजनाको वस्तुस्थिति तथा विवरण तथा सूचनाहरुको सम्प्रेषक भई कार्य गर्ने,

(त) समितिको सचिवालयको रुपमा कार्य गर्ने,

(थ) समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिमको एकाइमा आवश्यक कर्मचारी रहनेछन् ।

## परिच्छेद–५

## निजी लगानी सम्बन्धी व्यवस्था

२३. **निजी लगानीः–**

(१) एक करोड रुपैयाँ भन्दा बढी लागत अनुमान भएका दफा ५ बमोजिम पहिचान गरेका परियोजनाहरु निजीक्षेत्रको लगानीबाट निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका परियोजनाहरुको सर्वेक्षण, सहजीकरण तथा लगानीको स्वीकृति दफा ६ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम निजी लगानी सम्बन्धी परियोजनाहरुको लागि तोकिए बमोजिमका आधारमा प्रस्तावको मूल्याङ्कन गरी अनुमति वा इजाजत प्रदान गरिनेछ ।

२४. **परियोजना पहिचानः–**

(१) निजी लगानीमा कार्यान्वयन गर्न सकिने एक करोड रुपैयाँ भन्दा माथिका परियोजनाहरु आवश्यकता अनुसार बोर्ड, अन्य सम्बद्ध निकाय तथा निजीक्षेत्र समेतसँग समन्वय तथा सहकार्य गरी परियोजनाको सूची एकाइले तयार गरी समिति समक्ष पेस गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सूचीमा नपरेका परियोजनासँग सम्बन्धित प्रस्ताव स्वीकृतिका लागि समिति समक्ष पेस गर्न कुनै बाधा पुगेको मानिने छैन।

२५. **परियोजना स्वीकृत हुनुपर्नेः–** दफा २४ बमोजिम एकाइले पहिचान गरी सिफारिस गरेको परियोजना कार्यान्वयनका लागि समितिबाट स्वीकृत हुनु पर्नेछ।

२६. **समझदारी गरी इजाजतपत्र प्रदान गर्नेः–** दफा २५ बमोजिम प्रस्ताव स्वीकृत भएमा कार्यान्वयनका लागि तोकिए बमोजिमको सर्त र ढाँचामा समझदारी गरी परियोजनाको अध्ययन अनुमतिपत्र प्रदान गरिनेछ।

## परिच्छेद–६

## सम्झौता सम्बन्धी व्यवस्था

२७. **परियोजनाको विवरण पेस गर्नु पर्नेः–**

(१) दफा ३ बमोजिम सार्वजनिक निजी साझेदारीमा र दफा २२ बमोजिम निजी लगानीमा परियोजना कार्यन्वयन गर्न समझदारी गरेकोमा त्यस्तो समझदारीपत्रमा उल्लेखित समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन गर्न तोकिए बमोजिमका विवरणहरु समितिसमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेस गर्न नसकेमा त्यसको आधार रकारण खुलाई थप अवधि माग गरी समिति समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन उपर जाँचबुँझ गर्दा प्रस्तुत आधार र कारण मनासिब देखिएमा समितिले त्यस्तो विवरण पेस गर्न एक पटकको लागि थप समय दिन सक्नेछ।

२८. **सम्झौता गर्नु पर्नेः–**

(१) दफा १६ र दफा २५ बमोजिम भएको समझदारीपत्र तथा दफा २६ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौताका सर्त लगायतका विषयमा वार्ता गर्न समितिले एक वार्तासमिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित वार्ता समितिले प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी सम्झौतामा देहायका कुराहरु खुलाई सम्झौताको अन्तिम मस्यौदा तयार गर्नेछः-

(क) परियोजनाको विवरण,

(ख) परियोजना सुरु र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत,

(घ) परियोजनामा गरिने लगानी र सोको ग्यारेन्टी सम्बन्धी व्यवस्था,

(ङ) अनुमतिपत्रको अवधि,

(च) परियोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा मापदण्ड,

(ज) परियोजना सञ्चालन सम्बन्धी विवरण,

(झ) परियोजनाको सञ्चालन वा हस्तान्तरणको सर्त,

(ञ) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने महसुल सम्बन्धी व्यवस्था,

(ट) परियोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क तथा रोयल्टी र भुक्तानी विधि,

(ढ) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) परियोजनामा गाउँपालिकाको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत गाउँपालिकाले प्राप्त गर्ने प्रतिफल,

(त) जग्गा प्राप्ति सम्बन्धी व्यवस्था,

(थ) थप परियोजना अध्ययन तथा सञ्चालन गर्न दिने भए सो सम्बन्धी व्यवस्था,

(द) सवलिज गर्न सक्ने भए सो सम्बन्धी सर्त तथा अन्य व्यवस्था,

(ध) परियोजना हस्तान्तरण गर्ने भएमा त्यस्तो निकाय,

(न) अन्य आवश्यक विषयहरु ।

(३) उपदफा (२) बमोजिम सम्झौताको लागि सहमति भएको दस्तावेजलाई समितिले स्वीकृति गरी प्रस्तावकसँग सम्झौता गर्ने/गराउनेछ ।

(४) उपदफा (१) बमोजिमको वार्ता समितिको कार्यावधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **सम्झौता कार्यान्वयनः–**

(१) दफा २७ बमोजिम सम्पन्न भएको सम्झौता कार्यान्वयनको लागि सम्बद्ध निकायबाट सम्झौताको सर्त बमोजिम प्राप्त गर्नुपर्ने इजाजत, स्वीकृति लगायतका सम्पूर्ण दायित्व लगानीकर्ताले वहन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता कार्यान्वयन गर्दा सरोकारवाला सम्बद्ध निकायहरुसँग गाउँपालिकाले आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम सम्झौता कार्यान्वयन गर्ने सिलसिलामा प्रस्तावकले सम्झौताका सर्तहरुको अधीनमा रही कार्ययोजना निर्माण गरी परियोजना कार्यान्वयन गर्नु पर्नेछ ।

३०. **सम्झौता रद्द गर्न सक्नेः–**

(१) दफा २७ बमोजिम गरिएको सम्झौतामा उल्लेखित सर्तहरुको पालना नगरेको अवस्थामा वा तोकिएको समयमा कार्यसम्पादन नगरेमा लगानीकर्तालाई यस ऐन बमोजिम प्रदान गरिएको अनुमतिपत्र/इजाजतपत्र सहित समितिले सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र/इजाजतपत्र खारेज भएमा प्रस्तावकले सम्झौतामा उल्लेख भएको अवस्थामा बाहेक गाउँपालिकासँग कुनै किसिमको हानि नोक्सानी वापतको क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम लगानीकर्तासँग भएको सम्झौता खारेज गर्दा सो सम्झौतामा उल्लेख गरिएका प्रक्रिया पूरा गर्नु पर्नेछ ।

## परिच्छेद–७

## सुविधा तथा प्रोत्साहन सम्बन्धी व्यवस्था

३१. **कानुन बमोजिमको सुविधा पाउनेः–** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरी भएको लगानीले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित सङ्घीय कानुन, प्रदेश कानुन र गाउँपालिकाको अन्य स्थानीय कानुन बमोजिम उद्योग वा कम्पनीले पाउने सम्पूर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट समेत प्राप्त गर्नेछ ।

३२. **गाउँपालिकाले थप सुविधा उपलब्ध गराउन सक्नेः–**

(१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम प्राप्त हुने सुविधाका अतिरिक्त गाउँपालिकाले थप आर्थिक सुविधा दिन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम उपलब्ध भएको सुविधा तोकिएको अवधिसम्मको लागि उपयोग गर्न बाधा पर्ने छैन ।

(३) यस दफा बमोजिम अनुमति प्राप्त व्यक्तिले यस ऐन बमोजिम प्राप्त सुविधाको दुरूपयोग गरेमा त्यस्तो सुविधा समितिले रद्द गरी त्यस्ता सुविधा बराबरको रकम र सोमा शतप्रतिशत जरिबाना असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सुविधा रद्द गर्नु अघि सम्बन्धित अनुमतिपत्रवालालाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

३३. **सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) को व्यवस्था:–**

(१) गाउँपालिकाले दीर्घकालीन रुपमा सकारात्मक प्रतिफल दिने तथा पूर्वाधार संरचनाको दृष्टिकोणले महत्वपूर्ण देखिएको तर वित्तीय रुपमा तत्काल मनासिब प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण, सञ्चालन तथा बिस्तारको लागि एक संभाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमको मापदण्डको आधारमा तोकिए बमोजिमको परियोजनाको लागि समितिको सिफारिस र बोर्डको सहमतिमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान वा ऋण उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा गाउँ सभाले आवश्यक रकम विनियोजन गर्न सक्नेछ।

(४) गाउँपालिकाको कार्यक्षेत्रभित्रको कुनै परियोजनामा सङ्घीय ऐन बमोजिम स्थापना भएको सम्भाव्यता न्यून परिपूरक कोष (भायविलिटी ग्याप फण्डिङ्ग) बाट रकम प्रयोग गर्न आवश्यक भएमा समितिले निर्णय गरी बोर्डसमक्ष अनुरोध गर्नु पर्नेछ। बोर्डको सिफारिसमा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति भएबमोजिम कोषको रकम प्रयोग हुनेछ।

(५) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **थप प्रोत्साहन सुविधा उपलब्ध गराउन सक्ने:–** कुनै लगानीकर्ताले परियोजना विकास तथा सञ्चालन गर्दा सम्झौतामा उल्लेख भएको समयसीमा अगावै निर्माण कार्य सम्पन्न गरेमा वा परियोजनाको गुणस्तर उच्च भएमा वा अत्याधुनिक प्रविधिको प्रयोग गरी गाउँपालिकालाई थप लाभ हुने देखिएमा त्यस्तो लगानीकर्तालाई गाउँपालिकाले तोकिए बमोजिम थप आर्थिक तथा गैर आर्थिक प्रोत्साहन प्रदान गर्न सक्नेछ।

## परिच्छेद–८

## विविध

**३५. मूल्याङ्कन समिति गठन गर्नुपर्नेः–**

(१) सार्वजनिक निजी साझेदारी तथा निजी लगानी सम्बन्धी परियोजनाहरुमा पेस हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिस गर्न समितिले मूल्याङ्कन समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने मूल्याङ्कन समितिमा गाउँपालिकाका अधिकृतस्तरका कर्मचारी, सार्वजनिक निजी साझेदारी विज्ञ वा परियोजना विज्ञ समते गरी पाँच जना रहनेछन्।

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन समितिको सदस्य सचिव एकाइको प्रमुख हुनेछ।

(४) आयोगले तोकेको अधिकृतस्तरको प्रतिनिधि र गाउँपालिकाको सार्वजनिक खरिद शाखा वा यस सम्बद्ध प्रशासनिक शाखाका प्रमुख उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा स्थायी आमन्त्रित सदस्य हुनेछ।

(५) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिमा परियोजनासँग सम्बन्धित विषयविज्ञ समेतलाई बैठकमा आमन्त्रण गरी राय परामर्श सुझाव प्राप्त गर्न सकिनेछ।

(६) मूल्याङ्कन सम्बन्धी अन्य कुरा प्रचलित कानुन र मूल्याङ्कनका लागि तोकिएको आधार बमोजिम हुनेछ।

**३६. सेवा सुविधाका सर्त तोक्न सक्नेः–**

(१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन, समितिले गरेका निर्णय, सङ्घीय कानुन, प्रदेश कानुन तथा सम्झौताको अधीनमा रही आवश्यक सर्त तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका सर्त विपरीत उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन।

३७. **रोयल्टी बुझाउनु पर्नेः–** अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिमको रोयल्टी सम्झौतामा उल्लेखित सर्त अनुसार गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

३८. **परियोजना हस्तान्तरण गर्नु पर्नेः–**

(१) सार्वजनिक निजी साझेदारीबाट कार्यान्वयन भएका परियोजना सम्झौतामा उल्लेख भए बमोजिम गाउँपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, संरचना तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरु सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र

चालु हालतमा हुनु पर्नेछ ।

(३) परियोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **गाउँपालिकाको स्वामित्व हुनेः–** यस ऐन बमोजिम हस्तान्तरण भएको परियोजना र त्यस्तो परियोजनामा जडित मेसिन, उपकरण, सफ्टवेयर र अन्य संरचना तथा परियोजनासँग सम्बन्धित भवन, घर जग्गा तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व गाउँपालिकाको हुनेछ ।

४०. **कारबाही गर्न सक्नेः–** कुनै लगानीकर्ताले यस ऐनको व्यवस्थाको पालना नगरेमा समितिले तोकिएको प्रक्रिया पूरा गरी देहायको कुनै वा सबै कारबाही गर्न सक्नेछः

(क) निर्माण रोक्का गर्ने,

(ख) अनुमतिपत्र/इजाजत पत्र रद्द गर्ने,

(ग) अन्य यस्तै प्रकारका जुनसुकै कारबाही ।

४१. **गाउँपालिकाले कार्यान्वयन गर्न सक्नेः–** प्रचलित सङ्घीय कानुन बमोजिम बोर्डबाट कार्यान्वयन गरिने कुनै परियोजना गाउँपालिकाबाट कार्यान्वयन गर्न उपयुक्त देखी बोर्डको स्वीकृति प्राप्त भएमा त्यस्तो परियोजना गाउँपालिकाले कार्यान्वयन गर्न सक्नेछ ।

४२. **स्वीकृतिका लागि बोर्डमा पठाउनु पर्नेः–** छ अर्ब रुपैयाँ वा सो भन्दा बढी लागत अनुमान भएका परियोजनाको लगानी स्वीकृतिका लागि बोर्डमा पठाउनु पर्नेछ।

४३. **समझदारी वा सम्झौताबाट कार्यान्वयन गर्न सकिनेः–** समितिले पहिचान गरी सूची स्वीकृत गरेको कुनै परियोजनामा आवश्यकतानुसार बोर्डसँग आपसी समझदारी वा सम्झौता गरी कार्यान्वयन गर्न सकिनेछ।

४४. **विदेशी लगानी सम्बन्धमाः–** गाउँपालिकाको कार्यक्षेत्रमा परेका परियोजनामा हुने विदेशी लगानी सम्बन्धी व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ।

४५. **सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेः–** गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी लगानी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार अन्तर्गतका सम्बन्धित निकायहरुसँग समन्वय गर्नेछ।

४६. **अन्तर–सरकारी साझेदारी कार्यक्रमः–** सार्वजनिक निजी साझेदारी तथा निजी लगानीबाट कार्यान्वयन हुने परियोजनाहरुमा नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकारसँग आवश्यकता अनुसार साझेदारी गरी कार्यक्रम गर्न सकिनेछ।

४७. **राय परामर्श लिन सकिनेः–** गाउँपालिकाका कार्यक्षेत्रभित्र पर्ने सार्वजनिक निजी साझेदारी वा निजी लगानीबाट हुने परियोजनाको कार्यान्वयनका लागि समितिले आवश्यकतानुसार बोर्ड, विषयविज्ञ, सल्लाहकारहरुसँग समेत परामर्श लिन सक्नेछ।

४८. **वार्षिक प्रतिवेदनः–**

(१) समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र तयार गरी समिति मार्फत कार्यपालिकामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन गाउँ सभाबाट पारित गरी सार्वजनिक गरिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराहरुको अतिरिक्त समितिले सो आर्थिक वर्षमा कार्यान्वयन गरेका परियोजना, परियोजना सञ्चालन गर्दा भएको खर्च र त्यसको उपलब्धि, स्वीकृत भएको लगानी रकम, परियोजना सङ्ख्या र सिकाइ तथा भविष्यमा गर्नुपर्ने सुधारका विषयहरु समेत समावेश गर्नु पर्नेछ।

४९. **अधिकार प्रत्यायोजनः–** समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त केही अधिकार कुनै जनप्रतिनिधि वा अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५०. **क्षतिपूर्ति दिनु पर्नेः–**

(१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानीवापतको मनासिब रकम हानि नोक्सानी गर्ने पक्षले हानि नोक्सानी पर्ने पक्षलाई क्षतिपूर्तिवापत बुझाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षतिको मूल्याङ्कन स्वतन्त्र मूल्याङ्कनकर्ताबाट गरिनेछ।

(३) क्षतिको मूल्याङ्कन तथा क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. **अनुदान तथा ऋण सहायता स्वीकार गर्नेः–**

(१) समितिले निर्धारण गरेका परियोजना विकास तथा कार्यान्वयनका लागि अर्थ मन्त्रालयको सहमति तथा समन्वयमा अनुदान तथा तोकिए बमोजिम ऋण सहायता स्वीकार गर्न सक्नेछ।

५२. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्नेः–** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोगलाई प्राथमिकता दिनु पर्नेछ।

**५३. कानुनी विवाद समाधानः–**

(१) विदेशी लगानीका सम्बन्धमा स्वदेशी र विदेशी लगानीकर्ता तथा गाउँपालिका र विदेशी लगानीकर्ता बीच कुनै विवाद उत्पन्न भएमा त्यस्ता लगानीकर्ताले आपसी छलफल वा वार्ताबाट त्यस्तो विवादको समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवाद उत्पन्न भएको पैँतिस दिनभित्र त्यस्तो विवादको समाधान हुन नसकेमा त्यस्तो विवाद बोर्डको रोहवरमा सम्बन्धित पक्षहरुले आपसी वार्ताद्वारा समाधान गर्नु पर्नेछ ।

(३) विवाद उत्पन्न भएको पैँतिस दिनभित्र उपदफा (१) वा (२) बमोजिमको प्रक्रियाबाट विवादको समाधान हुन नसकेमा र त्यस्तो विवादको समाधान गर्न विवादका पक्षहरुबीच संयुक्त लगानी वा विवाद समाधान सम्बन्धी सम्झौता भएकोमा त्यस्तो सम्झौता बमोजिम विवादको समाधान गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विवाद समाधान भएको कुराको जानकारी पक्षहरुले त्यस्तो विवाद समाधान भएको पन्ध्र दिनभित्र बोर्डलाई दिनु पर्नेछ । तर के कुन सर्तहरुमा त्यस्तो सहमति भएको हो भन्ने कुराको जानकारी दिन पक्षहरु बाध्य हुने छैनन् ।

(५) विवाद समाधान सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुन बमोजिम हुनेछ ।

**५४. बाधा अड्काउ फुकाउनेः–** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ देखा परेमा कार्यपालिकाले आदेश जारी गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

**५५. यस ऐन बमोजिम हुनेः–** यस ऐनमा लेखिएको कुरामा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५६. नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः–** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

# खुम्बु पासाङल्हामु गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१

# खुम्बु पासाङल्हामु गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१

*प्रमाणीकरण मितिः २०८१/०३/२४*

**प्रस्तावना** : खुम्बु पासाङल्हामु गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिकामा राजस्व लगाउने तथा उठाउने सम्बन्धमा ऐन व्यवस्था गर्न वाञ्छनीय भएकोले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ र यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनुपर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागु हुनेछ।

(३) यो ऐन गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कम्पनी" भन्नाले प्रचलित नेपाल ऐन बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल ऐन बमोजिम स्थापित सङ्गठित संस्थालाई समेत जनाउँछ।

(ख) "कर" भन्नाले परिच्छेद-४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ।

(ग) "कर अधिकृत" भन्नाले ऐनको दफा ६ बमोजिम नियुक्ति गरेको कर अधिकृत सम्झनु पर्दछ र सो शब्दले कर अधिकृतको रूपमा काम गर्ने जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत सम्झनु पर्दछ।

(घ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरू कुनै कारबाही प्रक्रिया शुरू गरेको व्यक्ति समेतलाई जनाउँछ।

(ङ) "कर निर्धारण" भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनःनिर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ।

(च) "गाउँपालिका" भन्नाले स्थानीय तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनु पर्छ।

(छ) "गैरकर राजस्व" भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ।

(ज) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुटिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनुपर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ञ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ट) "राजस्व उपशाखा" भन्नाले गाउँपालिकामा कर तथा गैरकर राजस्व सम्बन्धी काम, कारबाही गर्ने गाउँपालिका अन्तर्गतको सँगठन संरचना सम्झनु पर्छ।

(ठ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।

(ड) "सभा" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्छ।

३. **व्याख्याः** यो कानुनमा परिभाषा गरिएका शब्दावलीको सोही अनुसार र अरुमा प्रचलित ऐन कानुन व्याख्या सम्बन्धी ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ।

## परिच्छेद–२

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्तः**

(१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाइनेछ।

(क) कर तिर्न सक्ने क्षमताका आधारमा।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर।

(च) करको आधार, करको दर र कर तिर्ने अवधि स्पष्ट गरेर।

(छ) पश्चातदर्शी असर नपर्ने गरेर।

(२) गैरकर राजस्व लगाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ।

## परिच्छेद–३

## कर प्रशासन सम्बन्धी व्यवस्था

५. **कर प्रशासनः**

(१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकर प्रशासन खुम्बु पासाङल्हामु गाउँपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन गाउँपालिकामा राजस्व उपशाखा रहनेछ।

६. **कर्मचारी सम्बन्धी व्यवस्थाः**

(१) प्रमुख प्रशासकीय अधिकृतले कर अधिकृतको रुपमा कार्य गर्नेछ। प्रमुख प्रशासकीय अधिकृतले आवश्यक ठानेमा कम्तीमा अधिकृत स्तरको कर्मचारीलाई कर अधिकृत तोक्न सक्नेछ।

(२) राजस्व उपशाखा गाउँपालिकाले प्रचलित कानुन बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृत, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ।

७. **कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने।

(घ) कर सङ्कलन गर्ने।

(ङ) कर तथा गैरकर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने।

(ज) कर कानुन र कर प्रशासनको क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा गाउँपालिकालाई सुझाव दिने ।

(झ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्न लगाउने ।

(ञ) कर सम्बन्धी अन्य काम गर्ने ।

८. **अधिकार प्रत्यायोजनः**

(१) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रयोगका लागि अन्य कर्मचारीलाई समेत काममा लगाउन सकिने छ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा गाउँपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारीः**

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद–४

## कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति करः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सम्पत्ति कर लगाउने भनी तोकेको घर र घरले चर्चेको जग्गामा गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भएअनुसार सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ।

(३) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) घरको बनोट (कच्ची वा पक्की)।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था।

(घ) सम्पत्ति मूल्याङ्कन गर्दा अनुसूची-१ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा सत प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्ने देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

(क) गाउँपालिकाले तोकेको ईन्जिनियर वा प्राविधिक -संयोजक

(ख) गाउँपालिकाले तोकेको घर जग्गा सम्बन्धी विज्ञ एक जना -सदस्य

(ग) राजस्व उपशाखा प्रमुख -सदस्य सचिव

(६) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ।

(७) घर जग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफैँ निर्धारण गर्न सक्नेछ।

(८) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक।

(९) करदाताले प्रत्येक वर्ष स्वयम् कर निर्धारण गरी असोज मसान्तभित्र गाउँपालिकामा विवरण पेस गर्नु पर्नेछ।

(१०) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र राजस्व उपशाखामा दाखिला गर्नु पर्नेछ।

(११) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट रुपमा पौष मसान्तभित्र दाखिला गर्ने करदातालाई सम्पत्ति करमा दश प्रतिशत छुट दिइनेछ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ।

११. **घर बहाल कर**ः

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा गाउँपालिकाको आर्थिक ऐनले तोकेको आधारमा घर बहाल कर लगाई असुल उपर गर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ। कम्पनी वा संस्था मार्फत घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ।

(३) घर बहालमा दिँदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैँतिस दिनभित्र राजस्व उपशाखामा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको सङ्गठित संस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट घर बहाल कर बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कट्टी भएको महिनापछिको महिनाको ५ गते भित्र दाखिला गर्नु पर्नेछ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु नगरेसम्म स्वयम् घोषणाको आधारमा गर्न सक्नेछ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(८) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र पेस गर्नु पर्नेछ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको आषाढ मसान्तभित्र दाखिला गर्नु पर्नेछ।

(१०) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट रुपमा पौष मसान्तभित्र दाखिला गर्ने घर धनीलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ।

(११) गाउँपालिका क्षेत्रभित्र कुनै जग्गावालाले आफ्नो जग्गा जुनसुकै प्रयोजनको लागि कोही कसैलाई भाडामा दिएमा त्यस्तो भाडामा दिने र लिने बीच भएको जग्गा बहाल सम्झौताको आधारमा मूल्याङ्कन कायम गरी गाउँपालिकाको गाउँ सभाले निर्णय गरेबमोजिमको हकमा सम्बन्धित जग्गावालाबाट जग्गा बहाल कर असुल उपर गर्नेछ।

१२. **भूमिकर (मालपोत)**:

(१) गाउँपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र घरले चर्चेको जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन।

(४) प्राकृतिक प्रकोपको अवस्था वा गम्भीर परिस्थितिमा गाउँपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना गाउँ सभाको बैठक चलेको भए गाउँ सभामा पेस गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैँले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आषाढ महिनाभित्र राजस्व उपशाखा वा सम्बन्धित वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली गाउँपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ। सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन।

१३. **मनोरञ्जन कर**:

(१) स्थानीय सरकारले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रदेश आर्थिक ऐन बमोजिम चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर सङ्कलन गरिनेछ।

१४. **विज्ञापन कर**:

(१) गाउँपालिकाले सूचनापाटी (होर्डिङ्ग बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय विभाज्य कोष खातामा जम्मा गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम बाँडफाड गर्नु पर्नेछ।

(३) विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट विज्ञापन कर असुल गरिने छ।

(४) विज्ञापन कर सम्बन्धी अन्य आवश्यक कुरा विज्ञापन कर सम्बन्धी कार्यविधि वा निर्देशिका बमोजिम हुनेछ।

(५) विज्ञापन कर प्रत्येक वर्षको असोज मसान्त भित्र बुझाउनु पर्नेछ।

१५. **व्यवसाय कर**:

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारको आधारमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ।

(२) व्यवसाय कर सम्बन्धी अन्य कुरा व्यवसाय कर सम्बन्धी गाउँपालिकाबाट बन्ने कार्यविधि वा निर्देशिका बमोजिम हुनेछ।

(३) व्यवसाय कर प्रत्येक वर्षको आषाढ मसान्त भित्र बुझाउनुपर्नेछ

(४) एक आर्थिक वर्षको व्यवसाय कर पौष मसान्त भित्र दाखिला गर्ने व्यवसायीलाई व्यवसाय करमा दश प्रतिशत छुट दिइनेछ।

## परिच्छेद–५

## करदाता दर्ता सम्बन्धी व्यवस्था

१६. **करदाताको पहिचान तथा दर्ताः**

(१) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) राजस्व उपशाखाले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र राजस्व उपशाखालाई कुनै स्रोतबाट प्राप्त सूचना र सो उपशाखाले छानबिन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) राजस्व उपशाखाले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्ने छ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ।

१७. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिम दायित्व हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने।

(ख) निर्धारित समयमा विवरण पेस गर्ने।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिबाना वा व्याज बुझाउनु पर्ने भए समयमा उपलब्ध गराउने।

(ङ) हिसाब किताव र अभिलेख दुरुस्त राख्ने।

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क उपलब्ध गराउने।

(छ) राजस्व उपशाखालाई आवश्यक सहयोग गर्ने।

१८. **करदाताको अधिकारः**

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार।

(ख) प्रचलित ऐन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेस गर्ने मौका प्राप्त गर्ने अधिकार।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखा परीक्षक नियुक्ति गर्ने अधिकार।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेखित भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ।

१९. **करदाताको प्रतिनिधित्वः**

(१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजले व्यवसायी वा लेखापाल वा लेखा परीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठाह्र वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयमले गरेको मानिनेछ।

## परिच्छेद–६

## विवरण दाखिला सम्बन्धी व्यवस्थाः

२०. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः**

(१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले आदेश प्राप्त भएको मितिले एक महिनाभित्र विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ।

२१. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भई सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिनाभित्र यथार्थ, तथ्य र सही अङ्क सहितको अर्को विवरण पेस गर्न सक्नेछ।

## परिच्छेद–७

## कर दाखिला सम्बन्धी व्यवस्था

२२. **कर दाखिला गर्नुपर्नेः** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद-४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षभित्र राजस्व उपशाखामा दाखिला गर्नु पर्नेछ।

२३. **कर दाखिला निस्सा दिनु पर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

२४. **कर फिर्ता सम्बन्धी व्यवस्थाः**

(१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर बुझाएको निवेदन परेमा कर अधिकृतले व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२५. **कर समायोजन सम्बन्धी व्यवस्थाः**

(१) करदाताले दफा २४ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद–८

## कर परीक्षण र कर निर्धारणः

२६. **कर परीक्षण र कर निर्धारणः**

(१) यस ऐन बमोजिम करदाताले विवरण पेस नगरेको वा पेस गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात वा विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।

(घ) लगानीका आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानुन बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकामा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेस गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकेको म्यादभित्र आफ्नो स्पष्टीकरण पेस गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेस गरेमा सो समेतलाई आधार बनाइ र स्पष्टीकरण पेस नगरेमा ऐन बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयम् कर निर्धारण गरी विवरण पेस गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

२७. **कर निर्धारणको सूचनाः**

(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैङ्क खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैङ्क दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर राजस्व उपशाखामा बुझाउनु पर्नेछ।

## परिच्छेद–९

## कर सङ्कलन सम्बन्धी व्यवस्थाः

२८. **कर सङ्कलन सम्बन्धी व्यवस्थाः**

(१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर

अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछः

(क) कार्यालयको वेबसाइट वा पत्रपत्रिका वा सञ्चारका अन्य माध्यमद्वारा सार्वजनिक सूचना प्रकाशन गरेर ।

(ख) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ग) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(घ) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(ङ) बैङ्क वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(च) करदाताको कारोबार रोक्का गरेर ।

(छ) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर ।

(ज) करदाताको सम्पत्ति एकै पटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही सुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैङ्क खातामा जम्मा गरिदिनु पर्नेछ ।

२९. **किस्ता बन्दीमा कर असुली**: कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुने छैन ।

## परिच्छेद–१०

## जरिबाना शुल्क र व्याज

३०. **जरिबाना लाग्ने**: यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिबाना गर्न सक्नेछ।

३१. **व्याज लाग्ने**: यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनुपर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ।

३२. **अभिलेख नराखेमा शुल्क लाग्ने**: यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु १,०००।- शुल्क लाग्नेछ।

३३. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने**: यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा तोकिए बमोजिम जरिबाना लाग्नेछ।

३४. **झुट्टा विवरण दिएमा शुल्क लाग्ने**: यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको शत् प्रतिशत जरिबाना शुल्क लाग्नेछ।

३५. **समयमा कर तथा गैरकर नबुझाएमा लाग्ने जरिबाना**:

(१) मासिक रुपमा उठाउने कर तथा शुल्कमा सोही महिनाभित्र नबुझाएमा अर्को महिनामा कर तथा शुल्क बराबरको रकममा ५०% जरिबाना लाग्ने छ र सो भन्दा पछिल्लो महिनामा समेत कर तथा शुल्क र जरिबाना समेत नबुझाएमा सेवा रोक्का गरिने छ। बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(२) तिर्नुपर्ने शुल्क नतिरी प्रवेश शुल्क लाग्ने स्थानमा प्रवेश गरेमा दोब्बर शुल्क लाग्नेछ।

(३) वार्षिक रुपमा बुझाउनुपर्ने कर नबुझाएमा त्यसपछिको प्रथम वर्ष २०% जरिबाना र त्यसपछिको प्रत्येक वर्षमा थप ३५% का दरले जरिबाना लाग्नेछ।

तर आ.व.२०७३/७४ देखि आ.व. ०८०/०८१ सम्म लाग्ने जरिबानामा २०८१ असोज मसान्तसम्म कर बुझाएमा जरिबानामा ८०% छुट दिइने छ।

## परिच्छेद–११

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

३६. **पूर्वादेश माग गर्न सक्ने**:

(१) कुनै करदाताले यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदाफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ।

(३) उपदाफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदाफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभए सम्म कायम रहने छ।

३७. **प्रशासकीय पुनरावलोकन हुन सक्ने**: यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजस्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय।

३८. **प्रशासकीय पुनरावलोकनको प्रक्रियाः**

(१) यस ऐन बमोजिमको कर निर्धारण निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदाफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ।

## परिच्छेद–१२

## पुनरावेदन

३९. **उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

४०. **पुनरावेदन दिन सक्नेः**

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद–१३

## गैरकर राजस्व

४१. **सेवा शुल्क तथा दस्तुरः** गाउँपालिकाले संविधानको अनुसूची-८ बमोजिमका क्षेत्र र विषयमा उपलब्ध सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

४२. **पर्यटन शुल्क:**

(१) गाउँपालिकाले आफैँ निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलब्ध सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ऐतिहासिक तथा पूरातात्त्विक क्षेत्रमा यो ऐन लागु हुनु पूर्व पर्यटक प्रवेश सेवा शुल्क लिई आएको रहेछ भने सोलाई निरन्तर रुपमा गाउँ सभाबाट तोकिएको शुल्कको आधारमा उठाउन वा आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

(३) गाउँपालिका क्षेत्र भित्रको कुनै पनि पर्यटकीय स्थलमा गाउँपालिकाले उपलब्ध गराउने सेवाको आधारमा गाउँपालिकाले निर्णय गरी तोकिए बमोजिमको पर्यटक सेवा शुल्क उठाउन सक्नेछ।

४३. **सवारी साधन पार्किङ्ग शुल्क:** गाउँपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्नेछ। तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ्ग शुल्क उठाउन सक्ने छैन।

४४. **बहाल विटौरी शुल्क:** गाउँपालिकाले सार्वजनिक, गाउँपालिकाको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

४५. **जडीबुटी, कवाडी र जीवजन्तु शुल्क:** गाउँपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुको कारोबारमा शुल्क लगाई उठाउन सक्नेछ।

४६. **अन्य शुल्क लगाउन सक्ने:**

(१) गाउँपालिकाले अनुसूची-२ मा उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) गाउँपालिकाले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरीत नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको विवरण गाउँपालिकाले त्यस्तो निर्णय भएको मितिले सात कार्यदिन भित्र गाउँ सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेस गर्नु पर्नेछ।

४७. **छुट वा मिनाहाः**

(१) गाउँपालिकाले खास अवस्थामा र विशेष परिस्थितिमा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजस्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ। यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा गाउँपालिकाले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ।

(३) उपदफा (१) बमोजिम गैरकर राजस्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेस गर्नु पर्नेछ।

## परिच्छेद–१४

## समन्वय सम्बन्धी व्यवस्था

४८. **नेपाल सरकारसँग समन्वयः**

(१) गाउँपालिकाले सङ्घीय कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन गाउँपालिका वा गाउँपालिकाले तोकेको सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४९. **केन्द्रीय बैङ्कसँग समन्वयः** गाउँपालिकाले कर र गैरकर राजस्व सङ्कलनका सम्बन्धमा केन्द्रीय बैङ्क (नेपाल राष्ट्र बैङ्क) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५०. **अन्य निकाय, कार्यालय र संस्थासँग समन्वयः** गाउँपालिका वा सोको कुनै अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गत सरकारी निकाय, बैङ्क वा संस्थासँग समन्वय गर्न सक्नेछ।

## परिच्छेद–१५

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

५१. **राजस्व सम्बन्धी नयाँ प्रस्तावः** गाउँपालिकाले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्नु पर्नेछ।

५२. **सूचना सार्वजनिक गर्नुपर्नेः**

(१) यस कानुन बमोजिम गाउँपालिकाले लगाएको कर र गैरकर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) गाउँपालिकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई गाउँपालिकाको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गाउँपालिकाले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद–१६

## विविध

५३. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेस गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने, कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

५४. **ठेक्कामा लगाउन नपाइने**ः गाउँपालिकाले आफूले असुल गर्नु पर्ने कुनै गैरकर बाहेकका कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन। गैरकरका लागि आवश्यकता अनुसार उपयुक्त विधि र प्रक्रिया अपनाई बन्दोबस्त गरी आयस्रोत व्यवस्थापन गर्न सक्नेछ।

५५. **अनुसूचीमा हेरफेर**ः गाउँकार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेस गर्नु पर्नेछ।

५६. **कागजातको ढाँचा** :

(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक

व्यवस्था गर्न उपयुक्त देखिएमा गाउँपालिकाले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालय र वडाको सूचना पाटी, वेभसाईट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिने छ।

**५७. सूचना तामेली रीत पुगेको मानिने:**

(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(घ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्रर गरी पठाएको।

(२) कर अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको कम्प्युटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

**५८. कागजातको अभिलेख राख्ने:**

(१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकामा पेस गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याइँ गर्ने सूचना तथा कागजात।

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्टयाइँ गर्ने कागजात।

५९. **अदालतलाई भए सरहको अधिकार हुने**: यस ऐनको प्रयोजनको लागि गाउँ कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, व्यान गराउने, प्रमाण बुझ्ने र लिखितहरु पेस गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानुन बमोजिमको अधिकार हुनेछ।

६०. **आदेश वा निर्देशन दिन सक्ने**: सङ्घीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र सङ्घीय तथा प्रदेश सरकारको कर सम्बन्धी ऐन र यो ऐनको प्रावधानलाई कार्यन्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउँ कार्यपालिकाको कर्तव्य हुनेछ।

६१. **कर अधिकृतको परिचय**: कर अधिकृत र राजस्व उपशाखामा काम गर्ने प्रत्येक अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

६२. **विभागीय कारबाही र सजाय हुने**:

(१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारी कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानिनोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानुन बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैँले विभागीय कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष रायसाथ पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिम छानबिन गर्दा प्रचलित कानुन बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारबाही गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानुन बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधिभर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ।

(६) उपदफा (३) बमोजिम छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन।

६३. **पुरस्कृत गर्न सक्ने**:

(१) खुम्बु पासाङल्हामु गाउँपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानुनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेको सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था खुम्बु पासाङल्हामु गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

६४. **म्याद, हदम्याद नजाने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

६५. **निर्देशिका वा दिग्दर्शन (म्यानुयल) बनाउने अधिकार**: यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न गाउँपालिकाले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ।

## अनुसूची–१

### (दफा १० उपदफा (४) को (घ) सँग सम्बन्धित)

**ह्रासकट्टी गर्ने तरिका**

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरिका (युनिफर्म चार्ज मेथड) को फिक्सड इन्सटल्मेण्ट् मेथड अनुसार हुनेछ। यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ।

सुत्रः

$$\text{ह्रासकट्टी रकम} = \frac{\text{सम्पत्तिको प्रारम्भिक मूल्य - अनुमानित शेष मुल्य}}{\text{सम्पत्तिको आयू (वर्ष)}}$$

उदाहरणः

कुनै सम्पत्तिको मूल्य सुरुमा रु.१०,००,०००।- छ। यसको आयू २० वर्ष पछि यो सम्पत्ति बिक्री गर्दा रु.२,००,०००।- आउँछ भने यसको प्रति वर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ।

$$\text{ह्रासकट्टी रकम} = \frac{\text{१०,००,०००-२,००,०००}}{\text{२०}}$$

$$= \frac{\text{८०००००}}{\text{२०}}$$

= ४००००।-

(प्रतिवर्ष रु. ४००००।- ह्रासकट्टी खर्च घटाउन पाइन्छ।)

## अनुसूची–२

**(दफा ५० को उपदफा (१) सँग सम्बन्धित)**

गाउँपालिकाले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खानेपानी, धारा र पोखरी

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहरमैला व्यवस्थापन, सरसफाइ र ढल व्यवस्थापन

५. शौचालय, स्नानगृह

६. सार्वजनिक पार्क

७. हाटबजार

८. पशु वधशाला

९. अतिथि गृह र छात्रावास

१०. अचल सम्पत्ति मूल्याङ्कन शुल्क

११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

१२. पर्यटकीय क्षेत्र

१३. सडक मर्मत सम्भार शुल्क

༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀ།

# खुम्बु पासाङल्हामु गाउँपालिका

**Khumbu Pasanglhamu Rural Municipality**


सम्पर्क नं.: ०३८-५९००४६, ९८०१८४२३८७ (सुचना अधिकारी)

E-mail: ito.khumbupasanglhamumun@gmail.com

Website: www.khumbupasanglhamumun.gov.np